सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ असार २०८०, आइतबार (2 July 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ८० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक

संघ र प्रदेशमा रहेका दोहोरो संरचना खारेज गरिने

कार्यदलले खारेज गरिने संरचना तीन महिनाभित्र सिफारिस गर्ने



शनिबार पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को प्रथम बैठक । तस्बिर : **प्रदीपराज वन्त**/रासस

■ **ऐन बनेको तीन वर्षपछि बैठक :** संविधानको धारा २३४ को व्यवस्थाबमोजिम १३ साउन ०७७ मा संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ जारी भएको थियो । तर, लामो समयसम्म सदस्य मनोनीत हुन नसक्दा बैठक बस्न सकेको थिएन । पछिल्लोपटक परिषद् अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २६ जेठमा स्थानीय तह र जिल्ला समन्वय समितिका सात जनप्रतिनिधिलाई सदस्यमा मनोनीत गरेपछि मात्र बैठक सम्भव भएको हो । परिषद्मा अर्थ, गृह, कानुन र संघीय मामिलामन्त्री, प्रतिनिधिसभामा प्रमुख प्रतिपक्ष दलका नेता वा निजले तोकका सांसद, सात प्रदेशका मुख्यमन्त्री सदस्य रहन्छन् । संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारमा कानुन, नीति बनाउनेदेखि ठूला आयोजना कार्यान्वयनमा तीनवटै सरकारबीच समन्वय गर्ने अधिकार परिषद्लाई छ । परिषद्लाई प्रदेश तथा स्थानीयस्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थमा जोडिएका विषयमा समन्वय गर्ने अधिकार पनि छ ।

बैठकका मुख्य निर्णय

- अनुदानमा दोहोरोपन बन्द गर्न अर्थसचिव नेतृत्वमा कार्यदल
- विकास योजनामा भएको दोहोरोपन हटाइने
- साझा सूचीमा रहेका अधिकारसम्बन्धी कानुन बनाउन सहकार्य गरिने
- प्रमुख प्रशासकीय अधिकृतलाई 'अस्थिर नबनाउने' सहमति
- तथ्यांकको अभिलेखीकरण प्रणाली विकास गर्न कार्यदल
- जग्गा प्राप्ति सहज बनाउने
- तीन तहका सरकारबीच समन्वय र सहकार्य गर्ने

पोखरामा **रोहितराज पराजुली**

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन बनेको तीन वर्षपछि पहिलोपटक तीन तहका सरकारबीच औपचारिक संवाद भएको छ । शनिबार पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को प्रथम बैठकमा तीन तहका सरकारबीच समन्वय र सहकार्य गरेर अघि बढ्ने तथा परिषद्को बैठक नियमित आयोजना गर्ने निर्णय भएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा बसेको बैठकले परिषद्को कार्यविधि पारित गर्ने, संघीय निजामती सेवा ऐन, संघीय शिक्षा ऐनसहितका ऐनका लागि विधेयक अगाडि बढाउने, विकास आयोजनामा दोहोरोपन हटाउने निर्णय लिएको छ । यसैगरी बैठकमा जनशक्ति व्यवस्थापन, संविधानको अनुसूची ९ मा रहेका तीन तहका साझा सूचीका अधिकार कार्यान्वयनका लागि कानुन बनाउने र जग्गा प्राप्तिलगायत विषयमा निर्णय

» पृष्ठ ११ मा क्रमश:

■ बैठकमा प्रधानमन्त्रीले भने-

प्रदेश र स्थानीय तह बलियो बनाउन संघीय सरकारले आवश्यक काम गर्छ



संविधानले तीन तहका सरकारको कार्य र अधिकारको सूची स्पष्ट गरेकाले तीन तहका सरकारको सहकार्यले मात्र जनताको अपेक्षा र देशले लिएको लक्ष्य पूरा गर्न सकिन्छ । यसका लागि सबैले आ-आफ्नो क्षेत्रबाट पाएको जिम्मेवारीअनुसार काम गर्न जरुरी छ । देशमा सुशासन कायम गरी समृद्धिमार्फत समुन्नत नेपाल निर्माण गर्नु सबैको साझा गन्तव्य रहेकाले अब सबैको प्राथमिकतासमेत यही हुनुपर्दछ ।

प्रदेश र स्थानीय तहलाई बलियो नबनाई संघीयता सफल हुँदैन । त्यसैले प्रदेश र स्थानीय तहलाई बलियो बनाउने गरी संघ सरकारले काम गर्नेछ । संघीयता संस्थागत हुँदै गए पनि यसलाई बलियो बनाउन र पूर्ण कार्यान्वयनका लागि गर्नुपर्ने थुप्रै काम बाँकी छन् । सरकारले त्यसलाई प्राथमिकतामा राखी काम गर्नेछ । संघीय निजामती ऐन, संघीय शिक्षा ऐनलगायत महत्त्वपूर्ण ऐन निर्माणलाई सरकारले प्राथमिकतामा राखेको छ । यो छिट्टै संसद्बाट पारित गर्ने गरी काम भइरहेको छ । सवारी लाइसेन्स र नवीकरणमा भएका समस्या हल गर्नेतर्फ आवश्यक पहल गरिनेछ । बैठकमा उठेका विभिन्न विषयमा ध्यानाकर्षण भएको छ । सकेसम्म आएका जटिलता हल गर्ने गरी आवश्यक ऐन-नियम बनाउनेतर्फ मेरो ध्यान जानेछ । आर्थिक रूपमा प्रदेश र स्थानीय तहलाई बलियो बनाउनका लागि आवश्यक पहल संघ सरकारले गर्नेछ । अब परिषद् बैठक नियमित रूपमा हुनेछ ।

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बालुवाटारको १४३ रोपनी हिनामिना गर्दा कर्मचारीलाई साढे २२ रोपनी घुस

सरकारी जग्गा सुवर्णशमशेरको परिवारको नाममा लैजान सहयोग गर्ने १० कर्मचारी र दुई बिचौलियाले बकसका रूपमा लिएका थिए प्रतिव्यक्ति पाँच रोपनीसम्म घुस

■ **कसले कति जग्गा घुस लिएर आफन्तको नाममा राखे ?**

कर्मचारी	पद	जसका नाममा पास गराए	क्षेत्रफल
मुकुन्दप्रसाद आचार्य (मृत्यु)	डिजी, मालपोत विभाग	वैकुण्ठ शर्मा रेग्मी (ज्वाई)	१ रोपनी
प्रेमबहादुर खापुङ	अधिकृत, मालपोत	खिमादेवी आङबुहाङ (श्रीमती) शशिकला सुब्बा (सालाकी श्रीमती)	१ रोपनी १४ आना २ पैसा १ रोपनी ३ आना
धर्मप्रसाद गौतम	अधिकृत, मालपोत	मोहनप्रसाद भट्टराई (सालीको छोरा)	खिमा र शशिसँग संयुक्त
सुधीर शाह	अधिकृत, भक्तपुर मालपोत	उर्मिला शाह (श्रीमती)	५ रोपनी २ पैसा २ दाम
गेहनाथ भण्डारी	अधिकृत, योजना आयोग	भुवनकुमारी चापागाईं (श्रीमती) सोदाकुमारी चापागाईं (सासू)	उर्मिलासँग संयुक्त १० आना
जगत पुडासैनी	नासु, डिल्लीबजार मालपोत	मिदुदेवी चापागाईं (दिदी)	४ रोपनी २ आना २ पैसा
कलाधर देउजा	प्रमुख अधिकृत, मालपोत	इन्द्रबहादुर थापा (साढुभाइ)	मिठुसँग चारजना संयुक्त
सुरेन्द्रमान कपाली	अधिकृत, मालपोत	शान्तिदेवी प्रधानांग (भतिजा बुहारी)	मिठुसँग चारजना संयुक्त
युक्तप्रसाद श्रेष्ठ (बयानपछि आत्महत्या)	खरिदार, मालपोत	सरस्वतीकुमारी श्रेष्ठ (श्रीमती) निर्मलादेवी श्रेष्ठ (बहिनी)	मिठुसँग चारजना संयुक्त १ रोपनी १३ आना
विनोदप्रसाद पौडेल	सहलेखापाल (समरजंग कं.)	विद्या पौडेल गौतम (श्रीमती)	१४ आना
बिचौलिया	मोही फाल्न भनी जग्गा लगेका	रामकल्याण अधिकारी	२ रोपनी १२ आना
बिचौलिया		रामनाथ घिमिरे	३ रोपनी ४ आना

नवराज मैनाली/नयाँ पत्रिका

ललितानिवास क्याम्पको एक सय ४३ रोपनी जग्गा हिनामिना गर्दा कर्मचारी र बिचौलियाले २२ रोपनी १० आना जग्गा घुस लिएको भेटिएको छ । प्रहरीका अनुसार १० कर्मचारी र दुई बिचौलियाले सो जग्गा बकसका रूपमा घुस लिएका हुन् ।

घुसबापत जग्गा लिने कर्मचारीमाथि पनि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान गरिरहेको छ । सरकारको नाममा आइसकेको सो जग्गा नक्कली कागजपत्र बनाएर मालपोत कार्यालय मात्र होइन मन्त्रिपरिषद्लाई समेत प्रभावमा पारी सुवर्णशमशेर राणाका परिवारको नाममा लगिएको थियो । यसरी जग्गा फिर्तामा सहयोग गर्नेलाई राणा परिवारले घुसबापत जग्गा बकस दिएका थिए । सुवर्णशमेशरका परिवारले समेत यसको पुष्टि गरेका छन् ।

गत मंगलबार पत्राउ परेका पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह पनि राणासँग बक्सिसमा जग्गा लिनेमध्ये एक हुन् । उनले पाँच रोपनी दुई पैसा दुई दाम जग्गा श्रीमती उर्मिला शाहको नाममा लिएका थिए, जुन पछि बिक्री गरिसकेका छन् ।

उनीबाहेक मालपोत विभागका तत्कालीन महानिर्देशक

» पृष्ठ ११ मा क्रमश:

सञ्जय 'टक्ला' पनि छानबिनमा

जनकपुर बम विस्फोटलगायत अपराधमा जेलमा रहेका पूर्वराज्यमन्त्री सञ्जय साह 'टक्ला'माथि पनि प्रहरीले ललितानिवास जग्गा हिनामिनामा छानबिन थालेको छ । भौतिक योजना तथा निर्माण राज्यमन्त्री हुँदा जग्गा हिनामिनासम्बन्धी फाइलमा उनको पनि हस्ताक्षर फेला परेपछि प्रहरीले छानबिन थालेको हो ।



०६६ मा बालुवाटारस्थित विशिष्ट व्यक्तिको परिसर विस्तारका नाममा विभिन्न निर्णय भएका थिए । त्यससम्बन्धी फाइल उनले पनि सदर गरी निर्यणका लागि अघि बाएका थिए । तर, फाइलमा कुनै राय भने नदिएका आधारमा यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीविरुद्ध मुद्दा नचलाउने निर्णय गरेको थियो । विभागीय मन्त्री विजयकुमार गच्छदारविरुद्ध भने आयोगले मुद्दा चलाएको थियो । मुख्य निर्णयमा सञ्जयको संलग्नता नदेखिएको र पछि सहायक प्रस्ताव मन्त्रिपरिषद्मा लैजाँदा भने उनले पनि राय लेखेका थिए । जस आधारमा उनी पनि यस प्रकरणमा छानबिनमा रहेको सिआइबी स्रोत बताउँछ । सोही आधारमा पूर्वगृहसचिव नारायणगोपाल मलेगो पनि छानबिनमा छन् । मलेगो त्यतिबेला भौतिक मन्त्रालयका सहसचिव थिए । यो मुद्दामा गच्छदारसहित पूर्वमन्त्रीहरू डम्बर श्रेष्ठ, चन्द्रदेव जोशीसमेत छानबिनमा छन् ।

■ अख्तियारबाट जोगिएकाहरूमाथि सिआइबीको अनुसन्धान

ललितानिवास जग्गा हिनामिनामा घुसबापत जग्गा लिने कर्मचारी र बिचौलियालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत अनुसन्धानको दायरामा ल्याए पनि मुद्दा भने नचलाउने निर्णय गरेको थियो । तर, प्रहरीले सम्बन्धित कर्मचारी तथा आफन्तलाई समेत मुद्दा चलाउने तयारी साथ अनुसन्धान गरिरहेको छ । जग्गा हिनामिनामा संलग्न सबै पक्षमाथि विस्तृत अनुसन्धान भइरहेको सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्य बताउँछिन् । सो प्रकरणमा सिआइबीले व्यवसायी मीनबहादुर गुरुङ, पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, मालपोतका कर्मचारीद्वय धर्मप्रसाद गौतम तथा गोपाल कार्कीलाई थुनामा राखेर अनुसन्धान गरिरहेको छ । हाल किर्ते मुद्दामा अनुसन्धान भइरहेकोमा संगठित अपराध कसुर पनि जोड्ने प्रहरी तयारी छ । उच्च तहका नेता तथा कर्मचारी मुछिएको यो प्रकरणमा अनुसन्धान प्रभावित पार्न विभिन्न निकायबाट प्रहरीमाथि दबाब परिसकेको स्रोत बताउँछ ।

■ एमालेमा युवा सहभागिता

नीतिमा अवसर, नियतमा 'खोट'



● **ओली भन्छन्-**

दुनियाँमा ७० वर्षे हद कहीं पनि छैन । अमेरिकामा ८० वर्षको मान्छेले राष्ट्रपति चलाइराखेको छ । अनि, शेरबहादुर देउवाजी ७७, ७८ कति वर्ष हो ? चलाइराख्नुभएको छ । कतै पनि छैन ७० । हाम्रोमा राखेका थियौं । हामीलाई पनि उपयुक्त भएन । यसले प्रगति गर्न अप्ठ्यारो पाऱ्यो र त्यसकारण हटाउने भन्यौं ।

(विस्तृत पृष्ठ ३)

भन्सारमै थन्किए साढे ३१ सय गाडी



अर्बौं मूल्यका गाडी यार्डमा थन्किँदा राजस्वमा असर, कोभिडअगाडिदेखिका गाडी जाँचपास हुन सकेनन्

(विस्तृत पृष्ठ ९)

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) द्वारा जारी

अत्यन्त जरूरी विज्ञप्ती

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) को मिति २०८० असार १४ गते, बिहिवारका दिन बसेको सातौं बैठकले बैंक तथा वित्तीय संस्था, सोको सम्पत्ति, साख एवम् सोमा कार्यरत कर्मचारीहरुको विरुद्धमा विभिन्न व्यक्ति, संस्था तथा समुहहरुबाट निरन्तर रुपमा भइरहेको भौतिक आक्रमण एवम् गैरकानूनी गतिविधिहरुको सम्बन्धमा तपसिल बमोजिमको निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ ।

तपसिल

कुनै पनि व्यक्ति, समूह वा संघ संस्थाको आवरणमा बैंक तथा वित्तीय संस्थाको साख, गरिमा, विश्वसनियता वा सम्पत्तिमा हानि नोक्सानी पुऱ्याउने, बैकिङ्ग व्यवसायमा अवरोध सिर्जना गर्ने, बैंक तथा वित्तीय संस्थाका सम्बन्धमा भ्रम सृजना गर्ने, बैंक वित्तीय संस्थाहरुबाट लिएको कर्जाको साँवा ब्याज नतिर्न दुरुत्साहन गर्ने र बैंक तथा वित्तीय संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई भौतिक आक्रमण गर्ने, ***मानमर्दन गर्ने, वा आफ्नो कर्तव्य पालना गर्न असुरक्षित एवम् असमर्थ बनाउने लगायत प्रचलित कानूनबाट बर्जित क्रियाकलापहरू देशका विभिन्न स्थानहरूमा निरन्तर रूपमा भैरहेकोले त्यस्तो क्रियाकलाप गर्ने जोसुकै व्यक्ति तथा संघसंस्थाहरूका विरूद्ध अनिवार्य रूपमा मुद्दा चलाउने तथा प्रचलित कानून बमोजिम कडा कारवाहीका लागि सम्बन्धित निकायमा उजुरी गर्ने*** लगायत बैंक तथा वित्तीय संस्थाको निक्षेपकर्ता, ऋणी तथा समग्र सरोकारवालाहरुको हकहित संरक्षणको लागि आवश्यक कदम चाल्न बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) र यसमा आवद्ध सबै बैंक वित्तीय संस्थाहरु पूर्ण रुपमा एकताबद्ध, प्रतिबद्ध र दृढ संकल्पित रहेको विषय सबै सरोकारवालाहरुको जानकारीको लागि सूचित गर्दछौं ।

साथै, बैंक तथा वित्तीय संस्था र सोमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको प्रभावकारी सुरक्षा प्रबन्ध मिलाउन सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय गृह मन्त्रीज्यू, गृह सचिवज्यू, प्रहरी महानिरिक्षकज्यू, ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूहरु लगायत सम्बन्धीत सबै समक्ष जोडदार माग गर्दछौं।

यदि निर्वाध रुपमा सुरक्षित वातावरणमा प्रचालित ऐन कानुनद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई प्रदत्त अधिकारको प्रयोग गर्दै सोही बमोजिम निर्देशित बैंक तथा वित्तीय संस्थाहरुले बहन गर्नुपर्ने कर्तब्य तथा जिम्मेवारी पूरा गर्न सहज हुने वातावरणको सुनिश्चितता नेपाल सरकार र सो अर्न्तगतका निकायहरुबाट हुन नसक्ने हो भने नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो सेवा पूर्ण रुपमा बन्दै गर्नुपर्ने परिस्थिति सृजना हुन सक्नेतर्फ सचेत गराउँदै र सोबाट आम निक्षेपकर्ता, ऋणी लगायत सम्पूर्ण सरोकारवालाहरुको हक, हित संरक्षण तथा सम्बर्द्धनमा गम्भीर र संकट उत्पन्न हुने र यसबाट अन्ततोगत्वा समग्र अर्थतन्त्रमा नै अकल्पनीय संकट सिर्जना हुने भएकोले नेपाल सरकारलगायत सम्बन्धित सबैको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं ।

CONFEDERATION OF BANKS AND FINANCIAL INSTITUTIONS, NEPAL

सिबिफिन सचिवालय
सिटिसी मल, सुन्धारा, काठमाडौं
वेभसाइट : www.cbfinepal.com

दशकयता राष्ट्रसंघमा नेपाल बढाउँदै छ सक्रियता

इकोनोमिक एन्ड सोसल काउन्सिलमा एसिया प्रशान्त क्षेत्रबाट धेरै मत ल्याएर जित,

भविष्यमा तीनवटा निर्वाचनका लागि उम्मेदवार, हाल राष्ट्रसंघका १० निकायमा सामेल

न्युयोर्कमा **पर्शुराम काफ्ले**

एसिया प्रशान्त क्षेत्रबाट सबैभन्दा धेरै मत ल्याएर नेपाल यस वर्ष संयुक्त राष्ट्रसंघको इकोनोमिक एन्ड सोसल काउन्सिल (आर्थिक तथा सामाजिक परिषद्)मा सदस्य निर्वाचित भएको छ । इकोनोमिक एन्ड सोसल काउन्सिलमा जम्मा ५४ सदस्य रहने प्रावधान छ । काउन्सिलमा नेपालको कार्यकाल आगामी वर्षबाट सुरु हुँदै छ ।

महासभाको गोप्य मतदानबाट नेपालसँगै एसिया प्रशान्त क्षेत्रबाट जापान र पाकिस्तान पनि निर्वाचित भएका छन् । यो क्षेत्रबाट नेपालले एक सय ४५ मत पाएको थियो, जुन सबैभन्दा धेरै हो । नेपाल यसअघि दुईपटक (सन् २००३ देखि ५ सम्म र २०१३ देखि २०१५) काउन्सिलमा सदस्य निर्वाचित भएको थियो ।

राष्ट्रसंघका लागि नेपाली स्थायी प्रतिनिधि





संयुक्त राष्ट्रसंघमा नेपालको विश्वसनीय र परिपक्व छवि छ

● **अमृतबहादुर राई,** नेपाली स्थायी प्रतिनिधि

अमृतबहादुर राईले संयुक्त राष्ट्रसंघमा नेपालको विश्वसनीय र परिपक्व छवि बन्दै गएको र साधनस्रोतको सीमितता माझ पछिल्लो निर्वाचन जितिएको बताए । 'हामी साधनस्रोतको सीमितता माझ राम्रो मत ल्याएर जित्न सफल भयौं । हामी जित्नुको कारण संयुक्त राष्ट्रसंघमा नेपालको परिपक्व छवि हो,' राईले भने, 'यो निर्वाचनमा नेपालले निकै मिहिनेत गरेको छ ।'

इकोनोमिक एन्ड सोसल काउन्सिलमा जित निकालेको नेपालले आगामी वर्षदेखि १३ वर्षपछिका लागि उम्मेदवारी घोषणा गरेको छ । हाल राष्ट्रसंघका १० निकायमा नेपाल सामेल छ, भविष्यमा तीनवटा निर्वाचनका लागि नेपाल उम्मेदवार छ । समग्रमा पछिल्लो डेढ दशकयता संयुक्त राष्ट्रसंघका विभिन्न निकायमा नेपाल सक्रिय सहभागी छ ।

सन् २०३७ देखि २०३८ सम्मको अवधिका

» पृष्ठ २ मा क्रमश:

तिनकुने बुद्धपार्क घाँसेमैदानमा परिणत

मुआब्जा विवादका कारण आधा शताब्दीदेखि अलपत्र

शान्ति तामाङ / नयाँ पत्रिका

तिनकुनेमा रहेको करिब ५० रोपनी जग्गा खाली बनाएको दशकौं भइसक्यो । पार्क बनाउन भनेर सर्वसाधारणबाट लिइएको यो जग्गाको चार कुना झाडीले ढाकेको छ । बीचभागमा भने भलिबल खेल्नेहरूले आफ्नूखुसी ६ वटा नेट टाँगेका छन् । फुटबल खेल्नेहरूले पनि दुईतिर गोलपोस्ट बनाएका छन् । बाँकी रहेको भाग मकै, चटपटे, पानी बेच्नेलगायत खुद्रा व्यापारीले ओगटेका छन् ।

सम्बन्धित निकायबाट संरक्षण नहुँदा यो क्षेत्र बर्खामा हिलाम्मे हुन्छ । हिउँदमा धुलैधुलो हुने गर्छ । तैपनि, काठामाडौंवासीका लागि यो ठाउँ केही वर्षदेखि खेल्ने, टहलिने ठाउँ बनेको छ । बुद्धको मूर्तिसहित शान्तिमण्डलाका रूपमा विकसित गर्ने भनेको यो ठाउँ मुआब्जा विवादका कारण अपलत्र बनेको छ ।

यो ठाउँमा काठमाडौं महानगरको महत्त्वपूर्ण योजना बन्ने भनिए पनि मुआब्जा विवादका कारण अगाडि बढ्न नसकेको महानगरका प्रवक्ता नवीन मानन्धरले बताए । 'मुआब्जा विवादका कारण वर्षौंदेखि योजना अगाडि बढ्न सकेको छैन । यसबारे प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बनेको टोलीले अध्ययन गरिरहेको छ । अध्ययन प्रतिवेदनपछि कसरी अगाडि बढ्ने भन्ने निर्णय हुन्छ,' प्रवक्ता मानन्धरले भने ।

■ तिनकुने पार्क : महानगरको नीति तथा कार्यक्रममा

तत्कालीन महानगरका मेयर विद्यासुन्दर शाक्यका पालामा पनि यसलाई महत्त्वपूर्ण योजनाका रूपमा अघि सारिएको थियो । तर, थप काम केही भएको थिएन । यस्तै, अहिले मेयर बालेन्द्र साहले पनि तिनकुने पार्कलाई प्राथमिकतामा राखेका छन् । आर्थिक वर्ष ०७९/८० मा पार्क डिपिआरका लागि महानगरले ५० लाख बजेट विनियोजन गरेको थियो । तर, ५० लाखले कुनै पनि काम हुन सकेन । महानगरले आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रममा पनि वडा ३२ स्थित तिनकुनेको जग्गामा मुआब्जासम्बन्धी समस्या समाधानका लागि संघीय सरकारसँग ठोस पहल गरी अन्तर्राष्ट्रियस्तरको पार्क निर्माण गर्ने उल्लेख छ । पार्क नबने पनि महानगरले बजेट छुट्याउन भने छाडेको छैन । तिनकुनेमा बुद्ध पार्क निर्माणका लागि महानगरले आर्थिक वर्ष ०७७/७८ मा ५० लाख रुपैयाँ छुट्याएको थियो । यसअघि आर्थिक वर्ष ०७६/७७ मा यहाँ 'अन्तर्राष्ट्रियस्तरको आधुनिक बुद्धपार्क' निर्माण गर्ने घोषणा गरेको थियो । जसअन्तर्गत दुई करोड रुपैयाँ विनियोजन पनि गरेको थियो । त्यसअघि आर्थिक वर्ष ०७५/७६ मा पनि दुई करोड रुपैयाँ छुट्याइएको थियो । तर, कुनै पनि बजेट खर्च भएको छैन ।



तिनकुनेस्थित प्रस्तावित बुद्धपार्क । फाइल तस्बिर

मुआब्जाबापतको एकतिहाइ रकम दिन महानगर तयार

तिनकुनेको यो जग्गा तीनपटकसम्म पुनर्मूल्यांकन भइसकेको छ । मुआब्जा रकम चित्त नबुझेको भन्दै जग्गाधनीले महानगरमा पटक-पटक निवेदन दिँदै आएका छन् । २० वर्षअघि जग्गाको मूल्यांकन भएर मुआब्जाबापतको रकम आउँदा केही जग्गाधनीले रकम लिएका थिएनन् । त्यसवेला उनीहरूले ढिलो गरी मुआब्जा रकम दिएको भन्दै नलिएका थिए । अहिले पनि उनीहरूले बजारभाउअनुसार जग्गाको मुआब्जा पाउनुपर्ने माग गरिरहेका छन् । सिडिओको संयोजकत्वमा भइरहेको अध्ययन प्रतिवेदनपछि मुआब्जाबापतको कुल रकममध्ये एकतिहाइ रकम दिन महानगर तयार भएको छ । 'यो योजनाका लागि भनेर हामीले किटान गरेर बजेट छुट्याएको छैनौं । तर, उहाँहरूको अध्ययन प्रतिवेदनपछि एकतिहाइ मुआब्जाबापतको रकम दिन तयार छौं,' प्रवक्ता मानन्धरले भने, 'बजेटमा रकम व्यवस्था नगरे पनि मौजुदा रकमबाट मुआब्जा दिन तयार छौं ।' यहाँ शंखचक्र पार्कसहित दुई सयजनाले योग गर्न सक्ने हललगायत संरचना बनाउने महानगरको योजना छ । ५४ फिट अग्लो तीनतले स्तूपा, बाहिरी भागमा दुबोसहितको चौर, तल्लो तलामा पार्किङ, दोस्रो तलामा ध्यान केन्द्र, तेस्रो तलामा क्युरेटर सपहरू निर्माण गर्ने महानगरको योजना थियो । स्तूपाको माथि बानेश्वरतर्फ फर्किएको १६ मिटर अग्लो बुद्धको मूर्ति राखिनेसमेत योजना छ । पार्कको कुल लागत एक अर्ब २३ करोड ४६ लाख हुने प्रारम्भिक अनुमान छ ।

■ **नवीन मानन्धर**, प्रवक्ता, काठमाडौं महानगर



मुआब्जा विवादका कारण वर्षौंदेखि योजना अगाडि बढ्न सकेको छैन । यसबारे अध्ययन गर्न बनेको काठमाडौंका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा टोलीले काम गरिरहेको छ । अब अध्ययन प्रतिवेदनपछि मात्रै कसरी अगाडि बढ्ने भन्ने निर्णय हुन्छ ।

■ **नवराज पराजुली**, वडाध्यक्ष



महानगरको नीति तथा कार्यक्रममा तिनकुनेमा पार्क निर्माणसम्बन्धी विषय त समावेश छ, तर के हुन्छ भन्न सक्ने अवस्था छैन । पार्क नबने पनि जग्गा सम्याउने, ढल व्यवस्थापन, विशेष कार्यक्रममा सजावटलगायत कामका लागि करिब डेढ करोड रुपैयाँ खर्च भइसकेको छ ।

■ सरकारले प्राथमिकता नदिएको वडाध्यक्षको आरोप

जुन सरकार आए पनि मुआब्जाको विषय कसैको प्राथमिकतामा नपरेको वडा-३२ का अध्यक्ष नवराज पराजुलीले आरोप लगाए । उनका अनुसार यसपटक नीति तथा कार्यक्रममा त व्यवस्था भएको छ । पार्क नबने पनि जग्गा सम्याउने, ढल व्यवस्थापन, विशेष कार्यक्रममा सजावटलगायत कामका लागि करिब डेढ करोड रुपैयाँ खर्च भइसकेको छ । २०-२२ पुस ०५८ को ११औं सार्क शिखर सम्मेलनताका रूख, फूल र दुबो रोपियो । १८औं सार्क शिखर सम्मेलन ०७१ मा जस्तापाताको बार लगाइयो । केही भागमा रूख, दुबो रोपियो । कात्तिक ०७३ मा तत्कालीन भारतीय राष्ट्रपति प्रणव मुखर्जी काठमाडौं आउँदा फेरि जस्ताकै बार लगाइयो । ०७५ मा भएको बिमस्टेक सम्मेलनताका पनि तिनकुने सिँगारियो । असोज ०७६ मा चिनियाँ राष्ट्रपति सी जिनपिङ नेपाल आउँदा तिनकुनेमा दुबोको चपरीले ढाकियो । तिनकुनेमा स्थायी पार्क नबने पनि अल्पकालीन रूपमा धेरैपटक पार्क भने बनेको छ ।

करिब ५० रोपनीमा फैलिएको यो जग्गाको ०३१ सालमा सरकारले जग्गा अधिग्रहण गरेपछि ०५२ सालमा लगतकट्टा गरी सबै जग्गा सरकार र सडक विभागको नाममा दर्ता गऱ्यो । सरकारी लगतकट्टा साबिकमै फिर्ता हुने भन्दै ०५७ सालमा सर्वोच्च अदालतको आदेश आयो । ०५९ सालमा प्रतिरोपनी ५१ लाख २० हजार मुआब्जा दिने निर्णय भयो । सोहीअनुसार ०६४ सालमा मुआब्जाका लागि महानगरलाई १५ करोड रुपैयाँ निकासा भयो । जुन रकममध्ये १० करोड ८० लाख मुआब्जा वितरण भयो । यो रकम पहिलोपटक मुआब्जास्वरूप वितरण भएको थियो ।

शनिबार उपत्यकामा

कपन : काठमाडौं महानगरपालिका-६, कपन साततले चोक डेरा गरी बस्ने निमा राईको होटेलमा जुवातास खेलिरहेका चितवन जगतपुरका ४० वर्षीया माया तामाङसहित ६ जुवाडेलाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा प्रहरी प्रभाग कपनबाट खटिएको प्रहरीले उनीहरूलाई ३२ हजार दुई सय रुपैयाँ र तीन बुक तासहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

भक्तपुर : गत १ असारमा आगलागीमा परेका भक्तपुर सूर्यविनायक नपा-९ का ३३ वर्षीय रामकुमार सार्कीको उपचारका क्रममा मृत्यु भएको छ । प्रहरीका अनुसार चिया पकाउने क्रममा ग्यास लिक भएपछि आगलागी भएको थियो । सोही आगलागीमा उनी परेका थिए । उनलाई उपचार गर्न कीर्तिपुर बर्न अस्पताल लगिएको थियो । उनको उपचारका क्रममा मृत्यु भएको हो ।

सिपाडोल : सूर्यविनायक नगरपालिका-८, सिपाडोल नैचालस्थित ऐतिहासिक बुकाचो गढीमा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको पूर्ण कदको सालिक निर्माण गरिएको छ । नेपाली सेनाको इन्द्र बक्स गणद्वारा आयोजित कार्यक्रममा बागमती प्रदेशका प्रदेश सभा सदस्य किरण थापा र नेपाली सेनाका उपरथी सागरबहादुर थापाले संयुक्त रूपमा उक्त गढीको उद्घाटन तथा सालिक अनावरण गरेका हुन् । नेपाल एकीकरण गर्ने क्रममा भक्तपुर आक्रमण गरी विजय हासिल गर्दा पृथ्वीनारायण शाहले बुकाचो गढीमा बंकर बनाएर बसेको ठाउँमा सेनाको ५० लाख र सूर्यविनायक नगरपालिकाको २० लाख लागतमा सालिक निर्माण गरिएको हो । शाहको उचाइ ६ फिटको छ । प्रदेश सभा सदस्य थापाले भक्तपुरको पर्यटकीय क्षेत्रका रूपमा पहिचान बनाएको यस क्षेत्रमा परम्परागत शैलीमा बिन्ध्यवासिनी मन्दिर निर्माण भइरहेको पनि जानकारी दिए ।

जगाती : भक्तपुरको जगातीमा ट्राफिक प्रहरीले गरेको सवारी चेकिङका क्रममा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउँदै गरेका चारजनालाई नियन्त्रणमा लिएको छ । बागमती प्रदेश ०१-००६ख १८ ०२ नम्बरको टिपरचालक काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-४ का ३२ वर्षीय जीवन तामाङ, बा.२१च ६५९ नम्बरको जिपचालक ललितपुरको इमाडोलका २३ वर्षीय विकेश विष्ट, बा.११च ३९४० नम्बरको कारचालक काठमाडौंको जोरपाटीका २६ वर्षीय सनम थापा र प्रदेश ३-०१-०२३ च १४ १२ नम्बरको पिकअप चालक काठमाडौं महानगरपालिका-३२ का ३५ वर्षीय माधव गुरुङलाई नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिएका चारैजनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरीवृत्त जगातीमा राखिएको छ ।

ललितपुर महानगरमा मेलम्चीको पानी उपलब्ध गराउन निर्देशन

ललितपुर / खानेपानीमन्त्री महिन्द्र राय यादवले उपभोक्तालाई सहज रूपमा खानेपानी उपलब्ध गराउन निर्देशन दिएका छन् । ललितपुर महानगरपालिका वडा नम्बर १४, १५, २३ र २६ को खानेपानी संघर्ष समितिसँगको अन्तर्क्रियामा मन्त्री यादवले स्थानीय बासिन्दालाई तत्काल मेलम्चीको पानी उपलब्ध गराउन काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई निर्देशन दिएका हुन् ।



महिन्द्र राय यादव खानेपानीमन्त्री

उनले खानेपानीको सहज पहुँच आमजनताको नैसर्गिक अधिकार भएको उल्लेख गर्दै जनतालाई शुद्ध खानेपानी उपलब्ध गराउने सरकारको दायित्व भएको बताए ।

कार्यक्रममा सांसद डा. तोसिमा कार्की, प्रदेश सभा सदस्य रघुनाथ महर्जन, खानेपानी मन्त्रालयका कर्मचारी, ललितपुर महानगरका मेयर चिरिबाबु महर्जन, काठमाडौं उपत्यका खानेपानी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रबहादुर कार्की, मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय प्रमुख राजेन्द्र सापकोटा तथा स्थानीय प्रभावित बासिन्दा सहभागी थिए ।

मेलम्चीमा मध्यकालीन सुधारको काम गरिँदै

काठमाडौं / मेलम्ची खानेपानी आयोजनाको दीर्घकालीन मर्मत जारी रहँदा उक्त काम नसकुन्जेलका लागि नियमित पानी ल्याउन मध्यकालीन सुधार गरिने भएको छ । १ असार ०७८ मा आएको बाढीले आयोजनामा ठूलो भौतिक क्षति भएको थियो । सो क्षतिपछि आयोजना पुनः सञ्चालन गर्न र पुनः निर्माणका लागि तत्काल गर्ने, मध्यकालीन र दीर्घकालीन गरी तीन किसिमका योजना बनाइएको थियो ।

तत्कालको सुधार सकेर आयोजनाले उपत्यकामा पानी ल्याइरहेको छ । दीर्घकालीन संरचना बन्दासम्मका लागि भइरहेका संरचनाको सुधार गरी सञ्चालनको काम मध्यकालीन योजनाअन्तर्गत रहेको आयोजनाका प्रवक्ता राजेन्द्रप्रसाद पन्तले बताए । 'हेडवर्क'को मध्यकालीन कार्ययोजनाअनुसार काम गरिने उनले बताए । त्यसमा हेडवर्कलाई चलाउन आवश्यक काम, गेट मर्मत काम, बाढी आएपछि च्यानलाइजेसन गरिने आयोजनाको योजना छ ।

आयोजनाको हेडवर्कको बायाँतर्फ रहेको पहिरोको रोकथामका लागि आगामी वर्षदेखि काम गरिने उनले बताए । उनले भने, 'नयाँ हेडवर्क तत्काल बनिसक्दैन, त्यही संरचनाको मर्मत गरेर पानी चलाउन लागिनेछ ।'

आयोजनालाई स्थायी रूपमा सम्पन्न गर्न दीर्घकालीन कार्ययोजनाअनुसार गर्नुपर्ने काम पनि आगामी आवमा अघि बढ्ने प्रवक्ता पन्तले बताए । डिजाइन स्वीकृतपछि खरिद प्रक्रियामा जाने र काम सुरु गर्ने उनले बताए । हेडवर्क कहाँ बनाउने भन्ने यही वर्ष तय गरिने आयोजनाले जनाएको छ ।

हेडवर्क बनिसक्न समय लाग्ने भएकाले यस अवधिमा अहिले भइरहेको संरचना नै चलाउनुपर्ने प्रवक्ता पन्तले बताए । नयाँ 'हेडवर्क' निर्माणमा एसियाली विकास बैंकले पनि चासो देखाएको उनले बताए । उनले भने, 'यस वर्ष निर्णय भएमा अर्को वर्ष निर्माण सुरु हुन सक्छ ।' आयोजनाले सो बैंकसँगको ऋण सहयोगमा आयोजना निर्माण गरेको थियो । यसअघिको ऋण सकिएकाले नयाँ सम्झौता गरेर काम गर्नुपर्ने उनले बताए । नयाँ 'हेडवर्क' निर्माणका लागि विज्ञहरूले दुई-तीन ठाउँ हेरिसकेको उनले बताए । कुन ठाउँ उपयुक्त हुन्छ भनी र कस्तो बनाउने भनी निर्णय हुन बाँकी रहेको उनले बताए ।

आगामी वर्ष आयोजनाका लागि सरकारले बजेट कम छुट्याएकाले धेरै काम नहुने उनले बताए । आगामी वर्षको बजेटमा आयोजनाको अस्थायी हेडवर्कको स्तरोन्नति गरी बाह्र महिना खानेपानी आपूर्ति व्यवस्था मिलाइने उल्लेख छ । मेलम्ची जलाधारको भौगोलिक अध्ययन प्रतिवेदनको सुझावअनुसार आयोजनाको सञ्चालन गरिनेछ । आयोजनाको दोस्रो चरणअन्तर्गत यांग्री र लार्के जोड्ने गरी संरचना निर्माण गर्ने बजेटमा उल्लेख छ । रासस

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.
एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलः info@nimbacecapital.com, वेभसाइटः www.nimbacecapital.com

प्राप्ति पश्चात् एनआइएमबि एस क्यापिटल लिमिटेडको नामबाट एकिकृत व्यवसाय/कारोबार सञ्चालन गर्ने सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०३/१४)

नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १२८४/०६७/०६८ अन्तर्गत मिति २०६७/११/२५ मा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसाय गर्न इजाजत प्राप्त गरी मिति २०६९/०४/१५ मा कारोबार गर्न स्वीकृत प्राप्त काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २, लाजिम्पाटमा रजिष्टर्ड कार्यालय रहेको एनआईबिएल एस क्यापिटल लिमिटेडले नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १७६५०२/०७४/०७५ अन्तर्गत मिति २०७४/०६/२७ मा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसाय गर्न इजाजत प्राप्त गरी मिति २०७५/१२/१८ मा कारोबार गर्न स्वीकृत प्राप्त काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रहेको मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा दुवै कम्पनीहरुको मिति २०८०/०२/२९ गते सम्पन्न विशेष साधारण सभाको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम एनआईबिएल एस क्यापिटल लिमिटेडमा मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति तथा दायित्व समेत आफूले सकार्ने गरी साविकको **मेगा क्यापिटल मार्केट्स लिमिटेड**लाई साविकको **एनआईबिएल एस क्यापिटल लिमिटेड**मा प्राप्ति (एक्विजिसन) गर्न र साविकको एनआईबिएल एस क्यापिटल लिमिटेडको नाम **एनआइएमबि एस क्यापिटल लिमिटेड** हुने गरी नाम परिवर्तन गर्न समेत कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/०३/११ मा स्वीकृति प्राप्त भएको र उल्लेखित साविकको दुवै संस्थाहरुको मिति २०८०/०३/१२ मा बसेको सञ्चालक समितिको छुट्टा छुट्टै बैठकको निर्णय बमोजिम प्राप्ति पश्चात् परिवर्तित नाम **एनआइएमबि एस क्यापिटल लिमिटेड (NIMB Ace Capital Limited)** को नामबाट **मिति २०८० आषाढ १८ गते सोमबार** देखि एकिकृत व्यवसाय/कारोबार सञ्चालन गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
एनआईबिएल एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलः info@niblcapital.com,
वेभसाइटः www.niblcapital.com

MEGA CAPITAL MARKETS LIMITED
मेगा क्यापिटल मार्केट्स लिमिटेड
(100% Subsidiary of Mega Bank Nepal Limited)
मेगा क्यापिटल मार्केट्स लिमिटेड
साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं
फोनः ०१-५३६२७७२, ०१-५३६२७९०
इमेलः info@megacapitalmarkets.com
वेभसाइटः www.megacapitalmarkets.com

स्वयम्भूको गजुर जीर्णोद्धार सुरु

काठमाडौं / विश्वसम्पदा सूचीमा सूचीकृत स्वयम्भूनाथ चैत्यको जीर्णोद्धार सुरु गरिएको छ । हावाहुरीका कारण गत फागुनमा चैत्यको गजुर झरेपछि यसको जीर्णोद्धार सुरु गरिएको हो । पुरातत्त्व विभाग, स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमिति र काठमाडौं महानगरपालिकाको प्राविधिक टोलीले यसबारे विस्तृत अध्ययन गरेको थियो ।

काठमाडौं महानगरपालिका-१५ मा पर्ने उक्त स्थलमा विशेष गरी बौद्ध अनुयायीले विभिन्न धार्मिक गतिविधि गर्ने गर्छन् । सम्पदाको संरचनाको कला, कौशल, बनोटको अध्ययन तथा अनुसन्धान गर्न स्वदेशी तथा विदेशी पर्यटक आउने गर्छन् । यहाँबाट काठमाडौं उपत्यकाको बाक्लो बस्ती तथा त्यसवरपर क्षेत्रको अवलोकन सकिन्छ । प्राचीन सम्पदा भएकाले पुरातत्त्व विभागको परामर्श तथा अनुमति प्राप्त भएपछि मात्र जीर्णोद्धार प्रारम्भ गरिएको स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिका अध्यक्ष भिक्षु भर्ममूर्ति महास्थवीरले जानकारी दिए । महासमितिले यस क्षेत्रको सरसफाइ तथा आवश्यक संरक्षण गर्ने गरेको छ । बाँदरले हल्लाएर कमजोर बनेको गजुरमा हावाहुरीले क्षति पुऱ्याएको स्थानीयको भनाइ छ । मर्मत तथा जीर्णोद्धार सकिएपछि विशेष विधिअनुसार क्षमा पूजा गरी गजुर पुनः प्रतिस्थापन गरिनेछ । चैत्यआसपासका प्रतापपुर र शान्तिपुर मन्दिरले पनि त्यस क्षेत्रमा विशेष सौन्दर्य थपेको छ । यसअघि यी दुवै सम्पदाको पनि मर्मत गरिएको थियो ।



तस्बिर : संजित परियार / नयाँ पत्रिका

■ एमालेमा युवा सहभागिता

नीतिमा अवसर, नियतमा 'खोट'

शुरोजंग पाण्डे/नयाँ पत्रिका

केन्द्रीय कमिटीबाट पारित वार्षिक कार्ययोजनामा एमालेले पार्टीमा युवा सहभागिता बढाउने नीति र कार्यक्रम अनुमोदन गरेको छ। तर, यही वेला मूल नेतृत्व ७० वर्षमाथिकालाई व्यवस्थापन र जिम्मेवारी दिनमा व्यस्त छ। यसले एमालेमा युवा सहभागिताको नीति र नेतृत्वको नियतमा तालमेल नरहेको देखाएको छ।

३० जेठमा सम्पन्न एमाले केन्द्रीय कमिटी बैठकले 'ग्रासरुट'बाटै युवा नेतृत्व विकासका लागि 'वडावडा : भावी युवा नेता' कार्यक्रम चलाउने निर्णय लिएको थियो। साथै पार्टीमा युवा सहभागिता न्यून हुँदै गएको निष्कर्षसहित पारित वार्षिक कार्ययोजना कार्यान्वयन गराउन २३ जेठमा अध्यक्ष केपी ओलीले अन्तरपार्टी निर्देशन (अपानि) जारी गरेका थिए।

अन्तरपार्टी निर्देशनमा भदौदेखि सुरु हुने प्रदेश, जिल्ला, पालिका हुँदै वडासम्मको अधिवेशनबाट सबै कमिटीमा ३५ वर्षमुनिका कम्तीमा एकतिहाइ युवालाई आरक्षण गर्ने, हरेक वडाबाट कम्तीमा १० जना प्रतिभाशाली क्षमतावान् युवा नेता उत्पादन गर्ने निर्णय कार्यान्वयन गराउन भनिएको छ। अपानि कार्यान्वयन गराउन एमालेका केन्द्रीय नेताहरू नयाँ जिम्मेवारीसहित प्रदेश र जिल्ला कमिटीको बैठकका लागि कार्यक्षेत्रमा व्यस्त छन्।

तर, पार्टीमा व्यापक युवा भर्ती गर्ने निर्णय कार्यान्वयन गराउन अपानि जारी भएको दुई सातामै उनै अध्यक्ष ओलीले पार्टी काम र आन्तरिक प्रतिस्पर्धा जितेर मात्र युवा पुस्ता जिम्मेवारीमा पुग्न सक्ने अभिव्यक्ति दिएका छन्। पार्टी निर्णयसँग विरोधाभासजस्तो देखिने ओलीको पछिल्लो अभिव्यक्तिले एमालेको पछिल्लो नीति र निर्णय कार्यान्वयनमाथि शंका उब्जाएको छ।

कार्यकारी पदमा ७० वर्षे उमेरहद हटाइएको विषयले एमालेपंक्ति तरंगित छ। यहीवेला अध्यक्ष ओलीले कामलाई उमेरले नछेक्ने भन्दै सबैले काम र नेतृत्वमा प्रतिस्पर्धा गर्न पाउने गरी विधानको व्यवस्था हटाइएको प्रस्टीकरण दिएका छन्। 'पार्टीका युवालाई ७० वर्ष कटेकाहरूसँग प्रतिस्पर्धा गरेर महाधिवेशनमा अध्यक्ष, उपाध्यक्ष, महासचिव बन्न कसले रोकेको छ ?' २ असारमा पार्टी कार्यालयमा आयोजित एक कार्यक्रममा ओलीले पार्टीको पछिल्लो निर्णय विरोधाभासजस्तो देखिने गरी भने, 'ए बाबा, चुनाव लड्नुस् न आउँदो महाधिवेशनमा। भन् राम्रो भयो नि ७० वर्ष पुगेकाले पनि पाउने भए त लड्न। किन आपत्ति जनाएको ? दौडिनुस्। ७० का सँग दौडनुस्।'

चीन, अमेरिकासहितमा दुनियाँमा कतै पनि राजनीतिमा उमेरहद नभएको भन्दै ओलीले व्यावहारिक हिसाबले पनि अनुपयुक्त भएकैले पार्टीले सुविचारित ढंगले उमेरहद हटाइएको तर्क गरेका छन्। 'थुप्रै साथी ७० वर्ष छ भनेपछि हच्किएका हुन्छन्। ७० वर्ष पुगेपछि कामै गर्न नपाउने, राजनीति नै छोड्नुपर्ने र कमिटी नै छोड्नुपर्ने स्थिति भएपछि ७० वर्ष अठ्ठ्यारो भयो। कतिपय साथीलाई आउन, उहाँहरूलाई एडजस्ट गर्न, जिम्मेवारी दिन पनि ७० वर्ष हटाइदिनुपऱ्यो,' ओलीले भने, 'दुनियाँमा ७० वर्ष कहीं पनि छैन। अमेरिकामा ८० वर्षको मान्छेले राष्ट्रपति चलाइराखेको छ। अनि, शेरबहादुर देउवाजी ७७, ७८ कति वर्ष हो ? चलाइराख्नुभएको छ। कतै पनि छैन ७०। हाम्रोमा राखेका थियौं। हामीलाई पनि उपयुक्त भएन। यसले प्रगति गर्न अप्ठ्यारो पाऱ्यो र त्यसकारण हटाउने भन्यौं।'



७० वर्षे उमेरहद हटाउने औचित्य पुष्टि गर्न ओलीको यो अभिव्यक्ति

थुप्रै साथी ७० वर्ष छ भनेपछि हच्किएका हुन्छन्। ७० वर्ष पुगेपछि कामै गर्न नपाउने, राजनीति नै छोड्नुपर्ने र कमिटी नै छोड्नुपर्ने स्थिति भएपछि ७० वर्ष अठ्ठ्यारो भयो। कतिपय साथीलाई आउन, उहाँहरूलाई एडजस्ट गर्न, जिम्मेवारी दिन पनि ७० वर्ष हटाइदिनुपऱ्यो। दुनियाँमा ७० वर्ष कहीं पनि छैन। अमेरिकामा ८० वर्षको मान्छेले राष्ट्रपति चलाइराखेको छ। अनि, शेरबहादुर देउवाजी ७७, ७८ कति वर्ष हो ? चलाइराख्नुभएको छ। कतै पनि छैन ७०। हाम्रोमा राखेका थियौं। हामीलाई पनि उपयुक्त भएन। यसले प्रगति गर्न अप्ठ्यारो पाऱ्यो र त्यसकारण हटाउने भन्यौं।

जब कि पार्टी संरचनामा पाका उमेर र युवा नेता-कार्यकर्ताको संख्यामा असन्तुलन देखिएको निष्कर्षसहित भन्दै एमालेले युवा आकर्षणका लागि विभिन्न कार्यक्रम अगाडि सारेको थियो। 'हाम्रो पार्टी संरचनामा पाका उमेर समूह र युवा उमेर समूहका नेता-कार्यकर्ताको संख्यामा असन्तुलन देखिँदै छ। त्यसैले पार्टीमा युवा आकर्षण र युवा सहभागिता विस्तार गर्न नयाँ अभियान आवश्यक छ। यसका लागि,' वार्षिक कार्ययोजनामा एमालेले भनेको छ, 'अधिवेशन र पुनर्गठनका माध्यमबाट आधारभूत तहका कमिटीमा एकतिहाइ सदस्य ३५ वर्षमुनिका पार्टी सदस्यहरूलाई संगठित गर्ने गरी युवालक्षित अभियान सञ्चालन गर्ने।'

त्यस्तै, 'मिसन ग्रासरुट'ले पहिचान गरेका सम्भावना भएका युवा वा सम्भावना भएका थप युवा पहिचान गरी नेतृत्व विकासका लागि पार्टी स्कुलका माध्यमबाट विशेष प्रशिक्षण कार्यक्रम (क्लोज क्याम्प) सञ्चालन गर्ने, 'देशैभरि-छोराछोरी'को नारामा पार्टीका नेता-कार्यकर्ताको घरघरबाटै युवा-कार्यक्रम सुरु गर्ने, 'प्रत्येक वडा-कम्तीमा १० युवा' कार्यक्रममार्फत 'वडावडा : भावी युवा नेता' कार्यक्रम सञ्चालन गर्ने पारित कार्ययोजनामा छ।

राजनीतिक विश्लेषक प्राध्यापक कृष्ण पोखरेलले अध्यक्ष ओलीको एकल निर्णयले चल्ने अवस्थामा पुगेको एमालेले जस्तो नीति लिए पनि त्यसले कुनै अर्थ नराख्ने टिप्पणी गरे। 'एमालेमा पार्टी निर्णयको के अर्थ छ ? ओलीजीले जे बोल्यो त्यो नै पार्टी निर्णय हो, एमाले त्यो ठाउँमा पुगेको छ। युवालाई पार्टी नीतिले आकर्षित गर्ने हो, प्राविधिक ढंगले आह्वान गरेर वा निर्णय गर्दैमा आउने होइन। लोकसेवाले जाँच लिएर भर्ती गरेजस्तो होइन नि,' उनले भने, 'तर, अहिले युवालाई आकर्षित गर्ने निर्णय एकातिर व्यवहार अर्कोतिर छ। निर्णय जे गरे पनि नियत अर्कै भएपछि कुनै अर्थ छैन।'

पोखरेलको भनाइमा ओलीले आफ्नो अनुकूलताका लागि उमेरहद हटाएका हुन् र एमालेमा उनको निर्णयलाई चुनौती दिन सहज छैन। 'हिजो नेतृत्वमा पुग्न सजिलोका लागि ७० वर्षको उमेरहद राखियो। अहिले अरू पार्टी प्रवेश गरेर आउने भए भन्ने बहाना गरिए पनि नेतृत्वमा कायम रहिरहन अवरोध देखिएकैले हटाइयो,' पोखरेलले भने, 'तर, विरोधमा बोलेर भीम रावल र घनश्याम भुसाल बन्न कोही पनि तयार छैन।'



एमालेले पार्टीमा युवा सहभागिता न्यून हुँदै गएको, सम्भावनायुक्त नेताहरूको खोजी गर्न र त्यस्ता व्यक्तिलाई योजनाबद्ध रूपमा नेतृत्वमा विकास गर्न समुचित ध्यान नपुगेको सांगठनिक क्षेत्रमा देखिएका विभिन्न समस्यामध्ये एक मानेको छ। तर, ओलीको पछिल्लो अभिव्यक्तिले नेतृत्वको कार्यकारी पदका लागि ७० वर्षे उमेरहद हटाएर युवालाई आरक्षण नगरेको सन्देश प्रवाह भएको छ।

विधानमा रहेको उमेरहद हटाउने १९ जेठको केन्द्रीय सचिवालय बैठकमा सचिवद्वय योगेश भट्टराई र गोकर्ण विष्टले असहमति जनाएका थिए। उनीहरूको विरोधपछि ओलीले उमेरहद अरू पार्टीबाट प्रवेश गर्ने नेताहरूका लागि अवरोधक भएकाले तत्कालका लागि निलम्बन मात्र गरेको प्रतिक्रिया दिएर उनीहरूको असन्तुष्टि थामथुम पारेका थिए। त्यसपछि सञ्चारमाध्यमसँग सचिव भट्टराईले सहमतिमै एकपटकका लागि ७० वर्षको उमेरहद निलम्बन गरेको प्रतिक्रिया दिएका थिए। विगतमा नेतृत्वको विकास र अवकाश स्पष्ट नहुँदा पार्टीभित्र अस्वस्थ प्रतिस्पर्धा, गुटबन्दी र पार्टी विभाजनसम्मका दुःखद घटनासमेत भएको उनको भनाइ थियो।

'त्यसैले यस्ता समस्या दीर्घकालीन ढंगले हल गर्न, नेतृत्व हस्तान्तरण क्रमशः अगाडि बढाउन, लामो समयसम्म काम गरेका नेताको सम्मानित अवकाशका लागि यो प्रणाली अभ्यासमा ल्याइएको हो, आठौं महाधिवेशनले सुरु गरेको यो व्यवस्थालाई नवौं र दशौं महाधिवेशनले पनि उपयुक्त ठानेर निरन्तरता दिएको हो,' भट्टराईको बुझाइ छ, 'तर, जिम्मेवारीका लागि ठाउँ दिँदा बाहिर रहनुभएका पार्टी नेताहरू एमालेमै फर्किने कुरा उठेपछि मुकुन्द न्यौपाने, वामदेव कमरेडजस्ता नेताहरूले कुनै जिम्मेवारी नपाएर सडकमा हल्लिएर हिँड्ने कुरा भएन, त्यसैले एकपटकका लागि निलम्बन गरौं भन्ने निर्णय सहमतिमै भएको हो।'

विधानको व्यवस्था नहटाइएको जानकारी दिँदै भट्टराईले निर्णयले पार्टीमा फर्किँदा सम्मान हुन्छ र उपयुक्त जिम्मेवारी पाइन्छ भन्ने सकारात्मक सन्देश दिएकाले ११औं महाधिवेशनले उमेरहद र कार्यकालको अहिलेकै व्यवस्था निरन्तरता दिने विश्वास व्यक्त गरे। 'उहाँहरूको सम्मानका लागि ढोका खोलिएको हो, विधानको व्यवस्था हटाइएको होइन, त्यसैले निलम्बन गर्ने निर्णय सही छ। तर, ११औं महाधिवेशनमा जाँदा अहिलेको विधानकै व्यवस्थालाई निरन्तरता दिएर जानुपर्छ,' भट्टराईको पछिल्लो प्रतिक्रिया छ।

ओलीको अभिव्यक्तिमा विरोधाभास देखिए पनि पदाधिकारी तहकै कतिपय पाका नेता ११औं महाधिवेशनमा उमेरहदले निरन्तरता पाएर नयाँ अनुहार नै मूल नेतृत्वमा आउने दाबी गर्छन्। 'अध्यक्षले कसरी बोल्नुभो थाहा छैन। तर, महाधिवेशनबाहेक अरू कमिटीलाई उमेरहद हटाउने कि नहटाउने भन्ने अधिकारै छैन। तत्काल समस्या हल गर्न निलम्बन गरे पनि निर्णय महाधिवेशनले मात्रै गर्छ। उपाध्यक्ष युवराज ज्ञवालीले नयाँ पत्रिकासँग भने, 'नवौं र दशौं महाधिवेशनमा व्यापक छलफल गरी सुविचारित ढंगले उमेरहद पास गरेका हौं। अरू देशका उदाहरण सन्दर्भ-सामग्री हुन सक्ला। तर, हामीले हाम्रो सन्दर्भ हेरेर निर्णय लिएका हौं। व्यक्तिगत रूपमा म ११औं महाधिवेशनबाट उमेरहदलाई निरन्तरता दिएर नयाँ नेतृत्व ल्याउनुपर्छ भन्ने पक्षमा छु।'

■ मुकुन्दपछि वामदेवलाई खुल्यो ढोका

७३ वर्षीय मुकुन्द न्यौपानेलाई केन्द्रीय सदस्य मनोनयन गर्न भन्दै एमालेले सचिवालय बैठकबाट उमेरहद हटाउने निर्णय लिएको थियो। एकीकृत समाजवादीका न्यौपानेका लागि बाधक विधानको व्यवस्था हटाएर एमालेले ७४ वर्षीय नेता वामदेव गौतमका लागि पनि पार्टी प्रवेशको ढोका खुला गरेको छ।

तत्कालीन एमालेमा नवौं महाधिवेशन र नेकपा गठनका वेला उमेरहदको विपक्षमा उभिएका गौतमले यसबाट आफूलाई सक्रिय जिम्मेवारीमा फर्किएर काम गर्न सहज भएको प्रतिक्रिया दिँदै आएका छन्। आइतबार एमाले कार्यालय च्यासलमा पुगेर अध्यक्ष केपी ओलीसँग भेट गरेका गौतमले उनीपछिको वरीयतासहितको जिम्मेवारी पनि मागेका छन्। तर, गौतमको मागका विषयमा ओली अहिलेसम्म मौन छन्।

यसबीचमै एमालेले विशेषतः एकीकृत समाजवादीबाट तेस्रो वरीयताका न्यौपाने, उपाध्यक्ष केदार न्यौपाने, सचिव भागवत विश्वासी, स्थायी समिति सदस्य चूडामणि जंगली, पोलिटब्युरो सदस्य यदुवंश झा, केन्द्रीय सदस्य तथा पूर्वराज्यमन्त्री हिराचन्द्र केसीसहित दुई दर्जनभन्दा बढी केन्द्रीय तहका नेतालाई पार्टीमा भित्र्याएको छ। त्यसक्रममा पूर्वप्रदेशमन्त्री तारा लामा, पूर्वसांसद विना बुढाथोकी, केन्द्रीय तहका नेताहरू प्रेम महर्जन, शारदा स्वर्णकार, विक्रम शाही, गणेश खनाल, गगन रावल, नरेश भण्डारी, मीठाराम केसी, निर्मला थापा, पुण्य गौतम, रिता रावल, मीना गुरुङ, सीता चौधरी, सुन्दर विश्वकर्मा, चक्र रुचाल, पश्चिम रुकुमका अध्यक्ष हरिप्रसाद शर्मा, जुम्ला अध्यक्ष शान्तिलाल महत, कास्कीका सचिव होम नेपालीसहित दुई दर्जनभन्दा बढी एमाले प्रवेश गरेका छन्। समाजवादी जनता पार्टीका अध्यक्ष प्रेमबहादुर सिंह पनि डेढ वर्ष पहिल्यै एमाले प्रवेश गरेका छन्।

■ उमेरहद हट्दा नेतृत्व हेरफेर के हुन्छ ?

११औं महाधिवेशनले उमेरहदको व्यवस्था हटायो भने एमालेको केन्द्रीय नेतृत्वमा खासै परिवर्तन हुनेछैन। दोस्रो कार्यकाल अध्यक्ष बनेका ७२ वर्षीय केपी ओलीलाई तेस्रोपटक अध्यक्ष बन्ने ढोका खुल्नेछ। वामदेव गौतमसहित ७० वर्ष पार गरेका ६ जना पदाधिकारी अध्यक्षका प्रतिस्पर्धी बन्न सक्नेछन्।

एमालेभित्र अहिले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल (७०), उपाध्यक्षहरू सुवास नेम्वाङ (७१), अष्टलक्ष्मी शाक्य (७०), युवराज ज्ञवाली (७०) उमेरका छन्। ६८ वर्षीय उपाध्यक्ष रामबहादुर थापा 'बादल', ७० उमेर कटिसकेका मुकुन्द न्यौपाने पनि प्रतिस्पर्धी बन्न सक्नेछन्। त्यस्तै, पार्टीमा फर्किने तयारीमा रहेका गौतम (७४) वर्षका छन्। अर्को महाधिवेशनसम्म उनीहरू उमेरको थप सिँढी चढिसकेका हुनेछन्।

एमालेभित्र उपाध्यक्षद्वय विष्णु पौडेल (६४) र सुरेन्द्र पाण्डे (६३) तथा महासचिव शंकर पोखरेल (६१) लाई भावी अध्यक्षका रूपमा हेरिएको छ। त्यस्तै, उपाध्यक्ष रामबहादुर थापा बादल (६८), उपमहासचिवहरू प्रदीप ज्ञवाली (६१), पृथ्वीसुब्बा गुरुङ (६६) र विष्णु रिमाल (६१) वर्षका छन्। सचिवहरू योगेश भट्टराई (५७), गोकर्ण विष्ट (५८), रघुवीर महासेठ (६२), छविलाल विश्वकर्मा (६१), पद्मा अर्याल (५५) र लेखराज भट्ट (६४) वर्षका छन्। अर्को महाधिवेशनले उमेरहद हटाए भट्टराई, विष्ट, महासेठसहित महासचिव र उपाध्यक्षका दाबेदार सचिव तहका नेताहरूको नेतृत्व विकासमा समेत असर पर्नेछ।

संक्षेप

दाइजो नल्याएको भन्दै श्रीमती र छोरीको हत्या

रौतहट/ दाइजोको निहुँमा रौतहटमा बालिकासहित एक महिलाको हत्या भएको छ। मौलापुर नगरपालिकामा श्रीमान्सहित परिवारका सदस्यहरू मिलेर आमाछोरीको हत्या गरेको पीडित पक्षले आरोप लगाएको छ। मौलापुर नगरपालिका- ४ बौधा पतौरामा धीरेन्द्र साहकी २४ वर्षीया माला भन्ने कविता साह र उनकी दुई वर्षकी छोरी आरोही साहको शुक्रबार राति परिवारका सदस्यहरूले निर्घात कुटपिट गरेर हत्या गरेका हुन्। तीन वर्षअघि सामाजिक रीतिरिवाजअनुसार माधवनारायण नगरपालिका- ५ मिठुअवाका विजयशंकर साहले आफ्नी छोरीको बिहे मौलापुर नगरपालिका- ४ बौधा पतौरा गाउँका नागेन्द्र साहका छोरा धीरेन्द्र साहसँग गरिदिएका थिए। बिहेअघि कबोल गरेको दाइजो दिन नसकेका कारण आफ्नी छोरी र नातिनीको हत्या गरेको विजयशंकर साहले बताए।

मोटरसाइकल, पलंङ, भैंसी, सुनको सिक्री माइतीबाट लिएर आइज भन्दै ज्वाइँले छोरीमाथि दबाब दिँदै आएको र आफूले दिन नसकेका कारण नातिनीसहित छोरीलाई कुटीकुटी मारेको साहको भनाइ छ। धीरेन्द्रको परिवारले शुक्रबार राति १२ बजेतिर छोरीलाई निर्ममतापूर्वक कुटपिट गरी हत्या गरेपछि भऱ्याङमा झुन्ड्याइएको र १८ महिने नानीलाई घरको पंखामा झुन्ड्याएर मारेको उनले बताए। शनिबार बिहान ३ बजेतिर छिमेकीले फोन गरेर छोरीलाई धीरेन्द्रको परिवारले कुटेर हत्या गरेको जानकारी दिएको विजयशंकरको भनाइ छ। त्यसपछि लगत्तै आफूले प्रहरीलाई खबर गरेर मौलापुर पुगेको साहले बताए। जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी वीरबहादुर बुढा मगरले प्रहरीले घटनास्थल पुगेर अनुसन्धान गरिरहेको तथा मृतकका श्रीमान् र ससुराको खोजीकार्य जारी रहेको बताए। श्रीमती र छोरीको हत्यापछि धीरेन्द्र साह र उनको परिवारका सदस्य फरार रहेकाले खोजीकार्य जारी रहेको उनको भनाइ छ।

नरैनापुरका ७७ भूमिहीनले पाए जग्गाधनी पुर्जा

बाँके/ नरैनापुर गाउँपालिकाका ७७ परिवार भूमिहीनले जग्गाधनी पुर्जा पाएका छन्। पहिलो चरणमा नरैनापुर गाउँपालिका-४ स्थित गाउँ ब्लकमा रहेका ७७ घरपरिवार भूमिहीनलाई जग्गाधनी पूर्जा वितरण गरिएको नापी कार्यालय बाँकेका नापी अधिकृत मिरा न्यौपानेले जानकारी दिइन्। नरैनापुरका गाउँब्लकमा रहेका थप चार सय भूमिहीन परिवारलाई जगाधनी पूर्जा वितरण गर्ने योजना रहेको पालिका अध्यक्ष इस्तियाक अहमद शाहले बताए। उनले पालिकाभित्र रहेका सबै भूमिहीनलाई जग्गा वितरण गर्ने कार्यक्रम रहेको बताए।

भूमिसुधार रन्जिता श्रेष्ठ चौधरीले भूमि भएर भूमिविहीन बनिरहेका सबैलाई जग्गा प्रदान गर्ने सरकारको नीति रहेको बताइन्। उनले नापी हुन बाँकी गाउँब्लकको जगा नापी गर्न प्रक्रिया अगाडि बढिसकेको जानकारी दिइन्। श्रेष्ठले नरैनापुरमा नापी र मालपोत कार्यालय राख्ने निर्णय भइसकेको बताउँदै साउन महिनाभित्रै कार्यालय सञ्चालनमा आउने जिकिर गरिन्।

'सरकारले जनअपेक्षा अनुसार काम गरेन'

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले जनअपेक्षा सम्बोधन गर्ने गरी अघि बढ्न सरकारलाई सुझाव दिएका छन्। जनजीविका र विकास निर्माणमा प्रभावकारी काम गर्नुपर्ने उनको भनाइ छ। शनिबार राजधानीमा आयोजित कार्यक्रममा नेपालले जनताले अपेक्षा गरेअनुसार विकासको कामले गति लिन नसकेको पनि औंल्याए। भ्रष्टाचारलाई उन्मूलन गर्दै सुशासनको प्रत्याभूति गराएर विकास निर्माणको कामलाई गति दिनुपर्ने उनको भनाइ थियो।

सांसदहरूले सरकारलाई दबाब दिनुपर्ने उनले औंल्याए। 'जनताले अपेक्षा गरेअनुसार विकासले गति लिएको छैन। भ्रष्टाचार उन्मूलन गर्नुपर्छ, सुशासनको प्रत्याभूति गराउनुपर्छ। जनतालाई सहज रूपमा सेवा उपलब्ध गराउनुपर्छ। जनताको प्रतिनिधिको हैसियतमा सांसदहरूको भूमिका महत्त्वपूर्ण रहन्छ,' उनले भने।

दलित भएको भन्दै घरबाट निकाल्ने घरबेटी पक्राउ

दाङ/ दलित भएको भन्दै भाडावाललाई घरबाट निकाल्ने घरबेटीलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक राजन गौतमका अनुसार घरबेटी घोराही उपमहानगरपालिका- १७ दाङका ताराप्रसाद पोखरेललाई शनिबार पक्राउ गरी अनुसन्धान थालिएको छ।

पोखरेलको घरमा बसिरहेका घोराही- १७ का महेन्द्र विक र अदानचुली गाउँपालिका- ३ हुम्लाका अंगराज नेपालीलाई घरनिकाला गरेको प्रहरीले जनाएको छ। 'तिमीहरू कामी रहेछौ, घर बनाएदेखि दलितलाई छिर्न दिएको छैन। तिमीहरू घरमा आएदेखि म बिरामी हुँ' भन्दै घरबाट निकालिदिनुभयो,' पीडित महेन्द्र विकको श्रीमती शान्ति विकले भनिन्। सोही घरमा परियारसँग तीनजना एउटा कोठामा बस्थे भने महेन्द्रको परिवार अर्को कोठामा बस्थे। प्रहरीले जातीय छुवाछुतअन्तर्गत पोखरेलविरुद्ध मुद्दा दर्ता गरी कारबाही गर्ने तयारी गरेको छ।

■ पर्वतको शिवालय बहुउद्देश्यीय सहकारीको रकम हिनामिना

पीडितले सिआइबीलाई पत्र लेखिदिन निवेदन दिए, नगरपालिकाले जिल्ला प्रशासनलाई पठायो

नयाँ पत्रिका

पर्वतको कुस्मास्थित शिवालय बहुउद्देश्यीय सहकारीको रकम हिनामिना प्रकरण अनुसन्धानका लागि पीडितले प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई पत्र लेखिदिन कुस्मा नगरपालिकालाई निवेदन दिएको थियो। तर, नगरपालिकाले त्यसविपरीत जिल्ला प्रशासनलाई पत्र पठाएको छ भने सिआइबीलाई बोधार्थ मात्र लेखेको छ। नगरपालिका दोषीलाई जोगाउने उद्देश्यसहित यस्तो कार्य गरेको भन्दै पीडित पक्षले आपत्ति जनाएको छ।

सहकारीका अध्यक्ष विदुर पौडेल, कोषाध्यक्ष नरेन्द्रबहादुर खत्री, ऋण समिति संयोजक सागर जोशी, लेखा समिति संयोजक विनोद कर्माचार्य र व्यवस्थापक दिलकुमारी सुवेदी बोहाराको मिलेमतोमा सहकारीको करिब दुई करोड गलत उद्देश्यसहित परिचालन गरेर हिनामिना गरिएको भन्दै कारबाहीका लागि सहकारीको करिब दुई करोड रुपैयाँ गलत ढंगले परिचालन भएको छ। यो ठगी हो। यसविरुद्ध हामीले जिल्ला प्रहरी कार्यालयमा पनि उजुरी दियौं, तर दर्ता हुन सकेन। त्यसो हुँदा हामी नगरपालिकामा आयौं। तर, त्यहाँबाट पनि सही काम हुन सकेन। सिआइबीलाई पत्र लेखिदिन निवेदन दिएका थियौं, नगरपालिकाले जिल्ला प्रशासनलाई लेख्यो : **अधिवक्ता रामचन्द्र शर्मा**



सेयर होल्डरमध्येकी मीनाकुमारी शर्माले नगरपालिकामा निवेदन दिएकी थिइन्। घटनाको अनुसन्धान सिआइबीबाट हुनुपर्ने उनको माग छ। तर, नगरपालिकाले घटनाको अनुसन्धान सिआइबीलाई नदिई जिप्रका पर्वतलाई दिएको हो।

मिनाकुमारी सहकारीका तत्कालिन सचिव प्रेमप्रकाश शर्माकी पत्नी हुन्। आफुलाई थाहै नदिई अध्यक्ष, कोषाध्यक्ष, व्यवस्थापकलगायतले सहकारीको रकम हिनामिना गरिएको भन्दै प्रेमकुमारले 'सुसाइड नोट' लेखेर आत्महत्या गरेका गरेका थिए।

नगरपालिकाले सिआइबीको साटो जिल्ला प्रशासनलाई पत्राचार गरेर गैरकानुनी काम गरेको भन्दै पीडिततर्फका अधिवक्ता रामचन्द्र शर्माले आपत्ति जनाएका छन्। 'सहकारीको करिब दुई करोड रुपैयाँ गलत ढंगले परिचालन भएको छ। यो ठगी हो। यसविरुद्ध हामीले जिल्ला प्रहरी कार्यालयमा पनि उजुरी दियौं। तर, दर्ता हुन सकेन। त्यसो हुँदा हामी नगरपालिकामा आयौं। तर, त्यहाँबाट पनि सही काम हुन सकेन। सिआइबीलाई पत्र लेखिदिन निवेदन दिएका थियौं, नगरपालिकाले जिल्ला प्रशासनलाई लेख्यो,' उनले भने।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चण्डिका पौडेलले घटनाको अनुसन्धान जिल्ला प्रहरी कार्यालयले नै गर्न सक्ने हुँदा पत्र जिल्ला प्रशासन कार्यालय पठाएको दाबी गरे। 'हामीकहाँ निवेदन परेको हो। निवेदन अध्ययन गर्यौं। सिआइबीमा नै पठाउनुपर्नेजस्तो देखिएन। अनुसन्धान जिप्रकाले नै गर्ने हो। यसलाई जिल्ला प्रशासनले निर्देशन दिन सक्छ। त्यसो हुँदा हामीले प्रशासनमा पत्र पठाएका हौं,' उनले भने।

सोही सहकारीमा सचिव रहेका मीनाकुमारीका पति प्रेमप्रसाद शर्माले सहकारीका अध्यक्ष विदुर पौडेल र कोषाध्यक्ष नरेन्द्रबहादुर खत्री मिलेर रकम हिनामिना र ठगी गरेको भन्दै आत्महत्या गरेका थिए। त्यसपछि न्याय खोज्दै मीनाकुमारी जिल्ला प्रहरी कार्यालय पर्वत पुगेकी थिइन्। तर, जिप्रकाले उजुरी दर्ता नगरेपछि उनी निवेदन बोकेर पर्वतका जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला अदालत पुगेकी थिइन्। त्यहाँ पनि जाहेरी दर्ता हुन नसकेपछि उनी सर्वोच्च अदालत पुगिन्। सर्वोच्चले पनि रिट खारेज गरिदिएपछि थप भौंतारिएकी छिन्।

संविधान संशोधन आवश्यक रहेको जनजाति महासंघको निष्कर्ष

नयाँ पत्रिका

कांग्रेस भ्रातृसंस्था नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघले संविधान संशोधन आवश्यक रहेको निष्कर्ष निकालेको छ। पार्टी कार्यालय सानेपामा शुक्रबार र शनिबार चलेको सम्मेलनले संविधान संशोधन आवश्यक रहेकोसहित १७ बुँदे घोषणापत्र जारी गरेको छ।

सभापति ओमबहादुर घर्तीमगरद्वारा जारी घोषणापत्रमा पहिचानका पाँच आधार र सामर्थ्यका चार आधारमा पुनर्संरचना गर्न संविधान संशोधन आवश्यक रहेको ठहर गरिएको छ। 'जातीय/समुदायगत, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरता साथै सामर्थ्यका चार आधार आर्थिक अन्तर्सम्बन्ध र सामर्थ्य, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक स्रोत-साधनको उपलब्धता र प्रशासनिक सुगमताका आधारमा संघीयताको मूल मर्म र भावनाअनुसार पुनः संरचित गरी द्वन्द्वको न्यूनीकरण गर्न संविधान संशोधन गर्नु आवश्यक छ,' घोषणापत्रमा भनिएको छ।

संविधानको धारा ७ उपधारा १ मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषाको व्यवस्थालाई परिवर्तन गर्न माग गरिएको छ। महासंघले नेपाली भाषाको अतिरिक्त संघमा एक प्रतिशतभन्दा धेरै जनताले बोल्ने भाषालाई पनि सरकारी कामकाजको भाषाका रूपमा लागू गर्न संविधान संशोधन आवश्यक रहेको निष्कर्ष निकालेको छ। 'देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ भन्ने व्यवस्था भएकोमा उक्त खस-नेपालीका अतिरिक्त संघमा एक प्रतिशतभन्दा धेरै जनताले बोल्ने भाषालाई पनि सरकारी कामकाजको भाषाका रूपमा लागू गर्न संविधान संशोधन गर्नु अपरिहार्य छ,' घोषणापत्रमा भनिएको छ। त्यस्तै, जनसंख्याका आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व, आदिवासीको आत्मनिर्णयको अधिकारको मान्यता स्थापित हुने गरी संविधान संशोधनको माग गरिएको छ।

घोषणापत्रमा बहुपहिचानका आधारमा प्रदेशहरूको पुनः नामाकरण गर्नु आवश्यक रहेकोसमेत ठहर गरेको छ। अर्थपूर्ण प्रतिनिधित्वको वैधानिक रूपमा सुनिश्चितता, बहुभाषिक विश्वविद्यालय स्थापना, मानव अधिकारको विश्वव्यापी घोषणापत्रलगायतको वैयक्तिक तथा सामूहिक अधिकारलाई सुनिश्चित गर्न पहल गर्ने, चाडपर्वहरूलाई राष्ट्रिय पहिचान दिँदै सार्वजनिक बिदाको व्यवस्था गरी वार्षिक पात्रोमा राख्नुपर्ने, कानुन बनाउँदा सरोकारवालासँग अनिवार्य छलफल गर्न, प्रथाजनित परम्परागत ज्ञान, सीप र पेसाको संरक्षण, प्रवर्द्धन र न्यायिक प्रणालीको कार्यान्वयनमा संवैधानिक सुनिश्चितता गर्न, आदिवासीहरूको भूमि र भूक्षेत्रमा प्रथम अधिकार सुनिश्चित गरिनुपर्ने, आदिवासी जनजाति आयोग, थारू आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई स्रोतसाधन सम्पन्न बनाउन,आदिवासी जनजाति मन्त्रालय स्थापना हुनुपर्ने, ब्रिटिस गोर्खा सैनिकको समस्या समाधान गर्न माग गरिएको छ।

त्यस्तै, सरकारले ०.५ प्रतिशतभन्दा कम जनसंख्या भएका ९८ जाति-समुदायलाई अल्पसंख्यकको सूचीमा राखेकोप्रति असहमति जनाइएको छ। घोषणापत्रमा भनिएको छ- 'आदिवासी जनजातिहरू अल्पसंख्यक होइनन्।

समाजवादी मोर्चाका युवाले भ्रष्टाचारविरुद्ध अभियान चलाउने

काठमाडौं/ समाजवादी मोर्चामा आबद्ध चार दलका युवा संगठनले राष्ट्रियताको रक्षा र भ्रष्टाचारविरुद्ध अभियान सञ्चालन गर्ने भएका छन्। माओवादीको वाइसिएल, एकीकृत समाजवादीको युवा संघ, जसपाको समाजवादी युवा संघ र नेकपाको युवा संगठनले संयुक्त अभियान सञ्चालन गर्ने भएका हुन्।

वाइसिएल अध्यक्ष सुबोध सिर्पालीले भ्रष्टाचार नियन्त्रण, व्यवस्था विरोधीविरुद्ध वैचारिक प्रतिवाद, युवाका समस्या सम्बोधनलगायत विषयमा संयुक्त रूपमा अगाडि बढ्ने बताए। 'भ्रष

ऐन नबन्दा सामुदायिक शिक्षा भद्रगोल

कक्षा ११ र १२ को पढाइमा समस्यै-समस्या, निःशुल्क बनाउन माग

शिवहरि घिमिरे/नयाँ पत्रिका

संविधान जारी भएको आठ वर्ष बित्दा पनि समयपापेक्ष शिक्षा ऐन निर्माण हुन नसकेपछि शिक्षक व्यवस्थापन, निःशुल्क शिक्षा लागू, विद्यालय संरचना निर्माणलगायतका समस्या देखिएका छन्। यसअघिको शिक्षा ऐन २०२८ (आठौँ संशोधन २०७३)ले विद्यमान शैक्षिक प्रणालीलाई पर्याप्त रूपमा समेट्न नसकेको र पुरानो भइसकेको भन्दै पटक-पटक शिक्षा ऐन निर्माणमा दबाब दिए पनि हालसम्म नयाँ शिक्षा ऐन बन्न सकेको छैन।

सरकारले शिक्षा ऐनका लागि चार वर्षअघि नै मस्यौदा तयार गरेको थियो। तर, त्यसमा पर्याप्त गृहकार्य र प्रक्रिया अघि बढाएर ऐन निर्माणलाई पूर्णता नदिँदा त्यसको असर शैक्षिक क्षेत्रमा परेको विज्ञहरूको भनाइ छ। शनिबार माध्यमिक विद्यालय शिक्षक युनियन नेपाल (हिस्टुन)ले आयोजना गरेको अन्तर्क्रियामा राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले पुरानो शिक्षा ऐनले समेट्न नसकेका थुप्रै विषयलाई नयाँ शिक्षा ऐनले समेट्न ढिलाइ हुँदा समस्या हुने गरेको बताए। उनले जतिसक्दो छिटो ऐन आउँछ सोहीअनुसार माध्यमिक तहसम्मको शिक्षा थप व्यवस्थित हुने र शिक्षकहरूमा विद्यमान समस्या समाधान हुने जानकारी दिए।

'संविधानले शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ, तर तीन तहको सरकारबीच शिक्षाका धेरै विषयमा अलमल छ,' उनले भने, 'हाल शिक्षामा देखिएका सबैखाले समस्या ऐनमा समावेश गर्नुपर्छ, संविधानले निःशुल्क भनेअनुसार त्यसको कार्यान्वयनमा ऐन आकर्षित देखिनुपर्छ।' हाल सामुदायिक विद्यालयहरूमा शिक्षकहरूको दरबन्दी निकै कम भएको र आफ्नै स्रोतबाट विद्यालयहरूले शिक्षक राख्ने गरेकाले अब सरकारले दरबन्दी बढाउनतर्फ पनि चासो दिनुपर्ने उनको भनाइ छ। संविधानअनुसार कक्षा १२ सम्मको शिक्षा स्थानीय सरकारको जिम्मेवारीमा पर्ने उनको भनाइ छ। तर, हाल सो तहमा पढाउने शिक्षक स्थायी छैनन् भने संविधानले निःशुल्क भनेअनुसार कार्यान्वयन पनि हुन सकेको छैन।

सरकारले कक्षा १२ सम्मको शिक्षालाई जिम्मा नलिँदा त्यसको असर विद्यालय, सामुदायिक विद्यालय, शिक्षक र अभिभावकमा परेको छ। कक्षा १२ तह सञ्चालनका लागि विद्यार्थीबाट शुल्क उठाउनुपर्ने र निजी विद्यालयकै तरिकाले कक्षा ११ र १२ सञ्चालन गर्न बाध्य हुनुपरेको सामुदायिक विद्यालयहरूको गुनासो छ। नेपालको संविधान २०७२ ले कक्षा १० सम्मको शिक्षालाई निःशुल्क भने पनि शिक्षा ऐनको आठौँ संशोधन २०७३ ले कक्षा ११ र १२ लाई समेत विद्यालय तहमा मिसाएको छ। तर, हालसम्म पनि शिक्षक व्यवस्थापन हुन सकेको छैन। केन्द्र सरकार र स्थानीय सरकारले चासो नदिँदा कक्षा ११ र १२ को शैक्षिक कार्यक्रम अव्यवस्थित बन्दै गइरहेको छ। त्यस्तै, संविधानमा पाठ्यपुस्तक पनि निःशुल्क



दिनुपर्ने व्यवस्था भए पनि त्यसको कार्यान्वयन पनि हुन सकेको छैन। संविधानले कक्षा १२ सम्म निःशुल्क भनेको शिक्षा लागू हुन विद्यालयको संरचना व्यवस्थित हुनुपर्ने जनकल्याण माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिलेन्द्रप्रसाद ढकालले बताए।

शिक्षा मन्त्रालयका सहसचिव हरि लम्सालले शिक्षा ऐन पाइपलाइनमा रहेको बताउँदै नयाँ शिक्षा ऐन आएपछि विद्यमान समस्या समाधान हुने दाबी गरे। उनले अब कक्षा ११ र १२ लाई सरकारले कसरी सञ्चालन गर्ने सम्बन्धमा नयाँ ऐनमै समेटिएर आउनुपर्ने बताए। 'अब नयाँ ऐन निर्माण भए पनि हाल विद्यालयमा तहमा देखिएका समस्या समाधानको बाटो खुल्छ,' उनले भने, 'हिस्टुनसँग विभिन्न समयमा भएका सम्झौता कार्यान्वयन गर्न मन्त्रालय तत्पर छ।'

हाल देशभर प्लस टु (साबिक उमावि तह)पढाइ हुने ४३ सय १० सामुदायिक विद्यालयमा अध्यापनरत सबै शिक्षक अस्थायी हुन्। सरकारले सामुदायिक विद्यालयमा कार्यरत राहत, करार र अस्थायी दरबन्दीका कुनै पनि शिक्षकलाई स्थायी गर्न सकेको छैन। ०४६ मा उच्च माविं शिक्षा नियमावली आएपछि २०४९ देखि सरकारले उच्च माविं तहको पठनपाठन सुरु गरेको थियो। तर, ३० वर्ष बित्दा पनि सरकारले उमावि तहमा स्थायी शिक्षक दरबन्दी कायम गर्न सकेको छैन। नेपालको संविधान ०७२ ले कक्षा १२ सम्मको पढाइ निःशुल्क हुनुपर्ने व्यवस्था गरेको छ। तर, शिक्षकहरूलाई स्थायी नगर्दा र आवश्यक मात्रामा शिक्षक संख्या नदिँदा सामुदायिक उमाविहरूले विद्यार्थीबाट शुल्क उठाएर व्यवस्थापन गर्दै आइरहेका छन्।

■ कक्षा ११ र १२ लाई विद्यालय तहमै समेट्न समस्या

अभिभावक संघका केन्द्रीय अध्यक्ष सुप्रभात भण्डारीले नयाँ ऐन छिट्टै जारी गर्नुपर्ने बताउँदै कक्षा ११ सम्मको पठनपाठन संविधानअनुसार निःशुल्क गर्नुपर्ने बताए। उनले यदि सरकारले निःशुल्क शिक्षा कार्यान्वयन गर्न सक्दैन भने संविधानको धारा ३१ मा समेटिएको निःशुल्क शिक्षासम्बन्धी व्यवस्था खारेज गर्नुपर्ने धारणा राखे। 'संविधानको अक्षरशः पालना हुनुपर्छ, तर सरकारले नै त्यसको पालना गरेको छैन, यदि संविधानको धारा कार्यान्वयन गर्न सक्दैन भने खारेज गरोस्,' उनले भने, 'होइन भने चाँडोभन्दा चाँडो नयाँ शिक्षा ऐन ल्याउनुपर्‍यो र सबैखाले समस्या समाधान गर्नुपर्‍यो।'

उनले सरकारकै कमजोरीले कक्षा १२ सम्मको पढाइलाई स्कुल तहको रूपमा लैजान नसकिएको बताए। उनका अनुसार पुरानै तरिकाले पठनपाठन गराउने हो भने कक्षा ११ र १२ सकेपछि विदेश जाने विद्यार्थीको संख्या बढ्ने र यसको उच्च शिक्षामा ठूलो असर पर्ने देखिन्छ। गत वर्ष असारयता झन्डै एक लाख ५० हजारले एनओसी लिएका छन्। यसरी स्वदेशमै रोक्ने शिक्षा अवलम्बन नगर्दा शिक्षाबाटै राष्ट्रियता खतरामा पर्ने भण्डारीको भनाइ छ। सिस्नेरी माविं ललितपुरका प्रधानाध्यापक डा. चेतनाथ पन्तले शिक्षा ऐन जारी नहुँदा प्लस टु तहसम्मको पठनपाठन र शिक्षक व्यवस्थापनमा समस्या भइरहेको बताए। उनले शिक्षाप्रति सरकार अनुदार देखिएको भन्दै शैक्षिक गुणस्तरका निम्ति शिक्षक दरबन्दी व्यवस्थापन गर्नुपर्ने जानकारी दिए।

राष्ट्रिय परीक्षा बोर्ड हाल कक्षा ११ र १२ को उत्तरपुस्तिका परीक्षणमा भएको अवरोध हटाउन माग गरेको छ। बोर्डका अध्यक्ष महाश्रम शर्माले उत्तर पुस्तिक परीक्षणमा अवरोध गर्दा नतिजा सार्वजनिक गर्न पनि ढिलो हुने भन्दै शिक्षकहरूलाई उत्तरपुस्तिका परीक्षण गर्न निर्देशन दिएका हुन्। 'अहिले उत्तरपुस्तिका परीक्षण गर्न ढिलो गर्दा यसको असर नतिजामा देखिन्छ,' उनले भने, 'त्यसकारण आफ्ना माग पूरा गर्ने माध्यम उत्तरपुस्तिकालाई नबनाउनुहुन अनुरोध गर्दछु।' हाल माध्यमिक विद्यालय शिक्षक युनियन नेपाल (हिस्टुन)ले विभिन्न माग राख्दै उत्तरपुस्तिका परीक्षण बन्द गरेको छ।

हिस्टुन ११ र १२ कक्षामा अध्ययनरत शिक्षकहरूको साझा संगठन हो। तर, संगठनले आफूहरूका माग सरकारले पूरा नगरेको भन्दै पाँच दिनदेखि उत्तरपुस्तिका परीक्षण बन्द गरेको छ। सरकारले कक्षा ११ र १२ मा स्थानीय रूपमा शिक्षक नियुक्ति गर्नुपर्ने, हाल कक्षा ११ र १२ मा पढाउँदै आइरहेका शिक्षकहरूलाई विनालाइसेन्स नियुक्ति गर्नुपर्ने तथा पुराना शिक्षकहरूको सम्मान हुनुपर्ने, संविधानको मर्मअनुसार १२ सम्मको शिक्षा निःशुल्क गर्नुपर्ने, यो वर्षदेखि कक्षा ११ र १२ मा पढ्ने विद्यार्थीहरूलाई शुल्क नतिर्न आह्वान गर्नेलगायत माग हिस्टुनले राख्दै आएको छ। यसबाहेक आउँदै गरेको शिक्षा ऐनमा कक्षा ११ र १२ का समस्या समाधान गर्नुपर्ने, निःशुल्क शिक्षा कार्यान्वयन गर्ने गरी ऐन जारी गर्नुपर्ने, शिक्षक दरबन्दी बढाउनुपर्नेलगायत माग पनि राखेका छन्।



■ **महाश्रम शर्मा**, अध्यक्ष, राष्ट्रिय परीक्षा बोर्ड

संविधानले शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ, तर तीन तहको सरकारबीच शिक्षाका धेरै विषयमा अलमल छ। हाल शिक्षामा देखिएका सबैखाले समस्या ऐनमा समावेश गर्नुपर्छ, संविधानले निःशुल्क भनेअनुसार त्यसको कार्यान्वयनमा ऐन आकर्षित देखिनुपर्छ।

■ तीनघन्टे परीक्षा प्रणाली सच्याउन सुझाव

सरकारले विद्यार्थीको मापन गर्ने माध्यम तीनघन्टे परीक्षालाई मान्दै आएको भन्दै यसलाई पुनर्विचार गर्नुपर्ने विज्ञहरूको भनाइ छ। शिक्षाविद् प्रकाशचन्द्र भट्टराईले तीनघन्टे परीक्षा प्रणाली हटाएर विद्यार्थीमा हुने डर कम गर्न आवश्यक रहेको बताए। 'तीन घन्टा परीक्षा लिएर विद्यार्थी मापन गर्ने हाम्रो तरिका परिवर्तन हुनुपर्छ, किताबको कुरा मात्रै सोधेर खासै महत्त्व राख्दैन पनि,' उनले भने, 'व्यावहारिक र जीवनोपयोगी शिक्षासँगै विद्यार्थीलाई पोख्त बनाउनुपर्छ।' बोर्ड अध्यक्ष शर्माले पनि तीन घन्टा जाँच दिएर विद्यार्थी जाँच्ने नियम परिवर्तन गर्न आवश्यक रहेको बताउँदै यसमा आन्तरिक र बाह्य मूल्यांकनमा बढी ध्यान दिनुपर्ने बताए। उनका अनुसार हाल कक्षा आठसम्म ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य मूल्यांकन हुँदै आएको छ।

■ माछी जालैमा



नुवाकोटको तादी खोलामा जाल हान्दै एक मछुवारा। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

भ्रष्टाचारविरुद्धको अनुसन्धान अझ तीव्र गतिले अघि बढ्छ : प्रधानमन्त्री

कास्कीमा **रोहितराज पराजुली**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भ्रष्टाचारविरुद्धको अनुसन्धान नरोकिने र यसलाई अझ तीव्र गतिले अघि बढाउने बताएका छन्। प्रेस सेन्टर गण्डकीले शनिबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले भ्रष्टाचारविरुद्धको अनुसन्धान नरोकिने बताए।

भ्रष्टाचार देशका लागि विकराल समस्या बन्दै गएको भन्दै प्रचण्डले ललितानिवास प्रकरण होस् वा नक्कली भुटानी शरणार्थी प्रकरण होस् सरकारले थालनी गरेको अनुसन्धान नरोकिने बताउँदै यसलाई थप तीव्रता र दृढताका साथ निरन्तर अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे। आवश्यक अनुसन्धानका लागि प्रहरीले अनुसन्धान गरिरहेको छ भने प्रहरीलाई सरकारले आवश्यक निर्देशित गरिरहेको भनाइ प्रधानमन्त्रीको थियो।

भारत भ्रमणका क्रममा पारवाहन सन्धि पुनरावलोकन, १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने गरी गरिएको विद्युत् व्यापार सम्झौतालगायतका विषय सामान्य नरहेको भन्दै प्रचण्डले यसले देशमा लगानीको ढोका खोल्नेसँगै विद्युत् व्यापारसमेत बढ्ने बताए। अबको केही समयमा चीन भ्रमण जाने तयारी गरिएको र त्यहाँ पनि देश र जनताको हितका विषयमा कुरा गरिने उनको भनाइ थियो। प्रधानमन्त्री प्रचण्डले वर्तमान सरकार र गठबन्धन कुनै पनि हालतमा नढल्ने र सरकारसमेत पाँच वर्ष चल्ने दाबी गरे। 'कसैले प्रयास गर्दैमा र चाहँदैमा यो गठबन्धन ढल्दैन। गठबन्धनमा रहेका दलहरू समझदारीका साथ अगाडि बढिरहेका छन्,' उनले भने। अर्थतन्त्र विस्तारै लयमा फर्किएको दाबी गर्दै उनले जनताले दैनिक जीवनमा भोगेका समस्या सम्बोधन गर्नेतर्फ सरकार लागेको प्रचण्डले दाबी गरे।

प्रधानमन्त्री प्रचण्डले पूर्वमाओवादी शक्तिहरूबीच पार्टी एकताका लागि छलफल भइरहेको र यसका लागि ठोस पहलसमेत भइरहेको बताएका छन्। पोखरामा उपलब्ध पार्टीका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका पदाधिकारीहरूसँगको शनिबार सम्पन्न अन्तर्क्रियामा उनले माओवादी कमजोर हुँदा सिंगो परिवर्तन कमजोर हुने भएकाले एकताका लागि प्रयास भइरहेको बताएका हुन्। परिवर्तनका मुद्दा रक्षा गर्ने जिम्मेवारीसमेत आफूहरूको रहेकाले यसका लागि सबैले देशको पक्षमा सोच्न र काम गर्न जरुरी रहेको बताए। माओवादीको पहलमा समाजवादी मोर्चा घोषणा गरिएको बताउँदै उनले चाँडै बैठक बसेर त्यसका कार्यक्रम तय गरिने जानकारी दिए।

■ भ्रष्टाचारको फाइल बन्द नगर्न लामिछानेको चेतावनी

मकवानपुर/ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले भ्रष्टाचारसम्बन्धी कुनै पनि फाइल बन्द नगर्न सरकारलाई चेतावनी दिएका छन्। शनिबार रास्वपा मकवानपुरको थाहा नगरपालिकाको विस्तारित भेलामा उनले कुनै पनि बहानामा भ्रष्टाचारको फाइल बन्द नगर्न चेतावनी दिएका हुन्। लामिछानेले अहिले सरकारले भ्रष्टाचारीहरूको फाइल बन्द गरे ०८४ मा आफूहरूले ती फाइल खोल्ने दाबी गरे। 'कुनै पनि बहानामा भ्रष्टाचारीको फाइल बन्द गर्न मिल्दैन। सरकारले आज ती फाइल बन्द गरे, ०८४ मा हामी खोल्छौं,' उनले भने।

लामिछानेले सरकारले भ्रष्टाचारीहरूको फाइल खोलेर सुशासनको संकेत दिए पनि बिचौलियाको प्रभावमा परेर ती फाइल बन्द नहुन् भन्ने आफूहरूको चाहना भएको बताए। 'तत्काल भ्रष्टाचारविरुद्ध सरकारको काम राम्रो छ। सरकार भ्रष्टाचारीको जरोसम्म पुग्न सकोस्। हामी पनि सरकारलाई सहयोग गर्न तयार छौं। तर, बिचौलियाको प्रभावमा परेर सरकारले भ्रष्टाचारीहरूको फाइल बन्द गर्छ कि भन्ने हामीलाई डर छ,' उनले भने। लामिछानेले आगामी ०८४ पछि नेपालको भ्रष्टाचार र बेथितिलाई रास्वपाले सफाइ गर्ने दाबी गरे।

खैरो हेरोइनसहित तीन युवक पक्राउ

लहान/ सिराहा नगरपालिका- ७ बाट प्रहरीले कडा खालको मानिने प्रतिबन्धित लागुऔषध खैरो हेरोइनसहित तीन युवकलाई पक्राउ गरी लागुऔषध मुद्दा चलाएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार विशेष सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजार र जिल्ला प्रहरी कार्यालय सिराहाबाट खटिएको संयुक्त टोलीले सिराहा नगरपालिका- ७ ट्राफिक चोकबाट ७० दशमलव ९३ ग्राम खैरो हिरोइन र तौल गर्ने डिजिटल मेसिनसहित तीनजनालाई पक्राउ गरेको हो।

सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रवीन्द्रराज पाण्डेका अनुसार पक्राउ पर्नेहरूमा सिराहा- ८ का २० वर्षीय विवेक ठाकुर र १९ वर्षीय मनीष यादव तथा सिराहा- २० का १९ वर्षीय सत्यनारायण कारक छन्। पक्राउ परेका तीनैजनाविरुद्ध सिराहा जिल्ला अदालतबाट शुक्रबार लागुऔषध मुद्दामा १० दिनको म्याद लिएर जिल्ला प्रहरीबाट थप अनुसन्धान भइरहेको उनले बताए।

प्रहरीका अनुसार सिराहा- ७ स्थित ट्राफिक चोकनजिक तीन दिनअघि बुधबार मनीषले चलाएको स. १०प६१७७ नम्बरको मोटरसाइकल चढेर दक्षिणतर्फबाट आएका तीनजना स्थानीय लक्ष्मी डेरी उद्योगनजिक रोकेर कुराकानी गरिरहेको अवस्थामा प्रहरीले शंका लागेर नियन्त्रणमा लिई सोधपुछ र खानतलासी गर्दा कारकले बोकेको झोलाबाट खैरो हेरोइनजस्तो देखिने लागुऔषध ६२ दशमलव २१ ग्राम र तौल गर्ने डिजिटल मेसिन बरामद भएको थियो। प्रहरीले तीनजनालाई नै नियन्त्रणमा लिई सोधपुछका क्रममा कारकले आफ्नो डेरामा पनि लागुऔषध राखेको सूचना दिएपछि खानतलासी गर्दा शुक्रबार पुनः आठ दशमलव ७२ ग्राम (खैरो हेरोइन बरामद भएको प्रहरीले जनाएको छ।

मुख्यमन्त्री कार्यालयअगाडि अपांगता भएका व्यक्तिको अर्धनग्न प्रदर्शन

धनगढीमा **तेजराज भट्ट**

अपांगता भएका व्यक्तिले सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअगाडि अर्धनग्न प्रदर्शन गरेका छन्। सुदूरपश्चिम सरकारले बजेट र कार्यक्रममा अपांगता क्षेत्रलाई उपेक्षा गरेको भन्दै आन्दोलनमा उत्रिएका उनीहरूले शनिबार धनगढी मुख्य बजारस्थित मुख्यमन्त्री कार्यालयअगाडि यातायात बन्द गरेर अर्धनग्न प्रदर्शन गरेका हुन्।

सरकारको बजेट र कार्यक्रममा अपांगता क्षेत्रलाई सम्बोधन गर्न माग गर्दै अपांगता भएका व्यक्तिहरू पाँच दिनदेखि आन्दोलनमा छन्। गत १२ असारदेखि धनगढीको पार्कमोडमा रिले अनशन थालेका उनीहरूले शनिबारबाट मुख्यमन्त्री कार्यालयअगाडि रिले अनशन सुरु गरेका छन्। राष्ट्रिय अपांग महासंघका प्रदेश अध्यक्ष मानबहादुर साउदले आफूहरूका संविधानप्रदत्त शिक्षा, स्वास्थ्य, रोजगारको हकका विषयमा प्रदेश सरकारले बेवास्ता गरेको गुनासो गरे। अपांगताका लागि सरकारले विनियोजन गरेको बजेट न्यून र असमावेशी रहेको उनले बताए। 'सरकारले बजेटमा हामीलाई उपेक्षा गरेपछि आन्दोलनमा उत्रियौं। अपांगता भएका व्यक्ति पाँच-पाँच दिनसम्म सडकमा उत्रिँदा सरकारले चासोसमेत दिएन,' उनले भने, 'सरकार सुनोस् भनेर अर्धनग्न प्रदर्शन गर्न बाध्य भएका हौं।'



विशेष क्षमता भएका बालबालिका अध्ययन गर्ने विद्यालयको भौतिक संरचना निर्माण गर्न, अपांगता भएका व्यक्तिका लागि आवश्यक सहायक सामग्री उत्पादन र वितरणका लागि बजेट विनियोजन हुनुपर्ने माग संघर्ष समितिले गरेको छ। त्यस्तै, सरकारी कार्यालयहरू अपांगतामैत्री बनाइनुपर्ने, राष्ट्रिय अपांग महासंघमा आबद्ध सबै प्रकारका अपांगता भएका संघसंस्थाको संस्थागत विकास र सशक्तीकरणका लागि एक करोड बजेट छुट्याउनुपर्ने माग संघर्ष समितिले गरेको छ।

बजेट र कार्यक्रमका लागि सरकारलाई दबाब दिन अपांगता भएका व्यक्तिहरूले अपांगता अधिकार प्रवर्द्धन संघर्ष समिति गठन गरेर आन्दोलन थालेका हुन्। संघर्ष समितिका संयोजक भीमबहादुर शाहले अपांगता भएकाहरूका लागि दोभासे, सिलाइकटाइ, कम्युटर तथा मोबाइल मर्मतजस्ता सीपमूलक तालिम र सहायक सामग्री वितरणजस्ता कार्यक्रम बजेटमा नसमेटिएको बताए। 'सहायक सामग्रीविना धेरै साथीहरू कष्टपूर्ण जीवन बाँचिरहेका छन्। त्यस्तालाई सहायक सामग्री वितरण गर्नुपर्‍यो। अपांगता भएका व्यक्तिलाई आत्मनिर्भर बनाउन तालिमका कार्यक्रम ल्याउनुपर्‍यो भनेर विगतदेखि नै प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै आएका थियौं,' शाहले भने, 'तर सरकारले हाम्रा आवाज सुनेन।'

आन्दोलनमा उत्रिएका अपांगता भएका व्यक्तिहरूले अपांगतामैत्री नभएको भन्दै केही सरकारी कार्यालयका च्याम्पसमेत भत्काए थिए। सामाजिक विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र सहरी विकास कार्यालयका च्याम्प उनीहरूले भत्काएका हुन्। महासंघका अनुसार राष्ट्रिय जनगणनाको तथ्यांकले सुदूरपश्चिममा विभिन्न प्रकारको अपांगता भएका व्यक्तिको संख्या ७० हजारभन्दा बढी रहेको देखाएको छ।

संसदीय मामिला पत्रकार समाजमा नयाँ नेतृत्व



काठमाडौं/ संसदीय रिपोर्टिङ गर्ने पत्रकारहरूको संस्था संसदीय मामिला पत्रकार समाजको अध्यक्षमा मनोज सत्याल निर्वाचित भएका छन्। शनिबार सम्पन्न समाजको आठौं अधिवेशनले सत्यालकशो अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

समाजको उपाध्यक्षमा सृजना घिमिरे र किरण दाहाल, महासचिवमा जयसिंह महरा, सचिवमा गुन्जनराज गिरी र सविता शर्मा, कोषाध्यक्षमा अमुल थापा, सदस्यहरूमा रघुनाथ बजगाईं, कमलराज भट्ट, रोमन आचार्य, शीला तिमल्सिना, मीरा बस्नेत, अञ्जना लामिछाने, राजु थापा र विनोद कटुवाल निर्वाचित भएका छन्। नवनिर्वाचित अध्यक्ष सत्यालले संसदीय पत्रकारितालाई खोज अनुसन्धानमा केन्द्रित गर्ने र संस्थालाई संसदीय गतिविधिमा क्रियाशील बनाउने प्रतिबद्धता जनाए।



पारिवारिक कथामा बगान

नेपाली चलचित्र 'बगान' असार २९ मा प्रदर्शन हुँदै छ। यस फिल्मलाई अभिनेता सरोज खनालले निर्देशन गरेका हुन्। फिल्ममा करिश्मा मानन्धर, नीर शाह, वसुन्धरा भुसाल, मिथिला शर्मा, प्रमिला कार्की, आकाश श्रेष्ठलगायत कलाकारको अभिनय छ।



तालीमा सुस्मिताको मुख्य भूमिका

सुस्मिता सेन स्टारर वेब सिरिज 'ताली'को मोसन पोस्टर रिलिज भएको छ। यो वेब सिरिज ट्रान्सजेन्डर अभियन्ता गौरी सावन्तको जीवनीमा आधारित छ। निर्माताले वेब सिरिज प्रदर्शन हुने मिति सार्वजनिक गरिसकेका छैनन्। यही वर्ष ओटिटीमार्फत यो सिरिज रिलिज गर्ने तयारी छ।

पित्तथैलीको पत्थरी लक्षण र उपचार




डा. उदय कोइराला
जनरल सर्जन
मोडेल अस्पताल

हिजोआज नेपालमा पित्तथैलीमा पत्थरी हुने बिरामीको संख्या बढ्दो छ। प्रायः ४० वर्षआसपासको मान्छेमा यो समस्या धेरै देखिने गरेको छ। यद्यपि, पछिल्लो समय सानो उमेरका मानिसहरू पनि यो समस्या लिएर अस्पताल धाउन थालेका छन्। मोटोपन भएका मान्छे र महिलामा यो समस्या धेरै देखिने गरेको छ। वंशानुगत कारणले पनि यस्तो समस्या देखिने गरेको पाइन्छ।



लक्षण

- पित्तथैलीमा पत्थरीको लक्षण ग्यास्ट्रिकसँग मिल्दोजुल्दो हुन्छ। अधिकांश मानिस ग्यास्ट्रिक भनेर बसेका हुन्छन्। मुटुको भागभन्दा मुनि दुखाइ हुन्छ।
- दायाँपट्टिको कोखामा दुखाइ महसुस हुन्छ। कसैलाई देब्रे कोखामा पनि दुखाइ हुन्छ।
- पेट फुलेजस्तो महसुस हुन्छ। खाना खाएपछि धेरै पेट दुखाइ हुन्छ। खानापछि धेरै दुखाइ भयो भने पत्थरी नै सम्झिँदा हुन्छ।
- चिल्लो खानेकुरा खाँदा पेट ढुस्स हुन्छ। खाना खाएपछि पखाला पनि लाग्न सक्छ।



पहिचान र उपचार विधि

- पेटको अल्ट्रासाउन्ड गरेपछि मात्रै पित्तथैलीमा पत्थरी भए/नभएको पत्ता लाग्छ। खाली पेटमा अल्ट्रासाउन्ड गरेर जाँच गर्नुपर्छ। पत्थरी नलीमा गएर अड्कियो भने जन्डिस हुने सम्भावना हुन्छ। त्यसपछि सहन नसक्ने दुखाइ हुन सक्छ। पाचन ग्रन्थि सुन्निन सक्छ। जन्डिस भयो भने कलेजोमा इन्फेक्सन हुन सक्छ। पत्थरी ठूलो छ र लामो समय भइसकेको छ भने क्यान्सर हुने खतरा पनि हुन्छ।
- पित्तथैलीमा मासु पलाएर एक सेन्टिमिटरभन्दा ठूलो छ भने क्यान्सर हुने जोखिम रहन्छ। त्यसका लागि सिटिस्क्यान गरेर जाँच गरिन्छ। सिटिस्क्यान, एमआरसिपी र अल्ट्रासाउन्ड जाँच गरेपछि मात्रै थाहा हुन्छ। कहिलेकाहीं पित्तथैलीको कारण मात्रै दुखाइ नहुन सक्छ, त्यस्तो अवस्थामा इन्डोस्कोपी गर्नुपर्छ। कहिलेकाहीं पेटमा अल्सर हुँदा पनि दुख्न सक्छ, त्यसलाई छुट्याउन इन्डोस्कोपी गरिन्छ।
- पत्थरी मात्रै निकाल्यो भने पित्तथैलीमा नयाँ समस्या देखिन सक्छ। त्यसैले अप्रेसन गरेर पित्तथैली पूरै निकाल्नुपर्ने हुन्छ। पित्तथैली निकाल्नु भनेको पित्त निकाल्नु होइन। पित्तको 'सोर्स' भनेको कलेजो हो। कलेजोले पित्त उत्पादन गरी नै रहन्छ। खाना पचाउने काम पित्तले गरिरहन्छ। पित्तथैलीको अप्रेसन गर्दा चिरेर र ल्याप्रोस्कोपी प्रविधिबाट प्वाल पारेर गर्न सकिन्छ। चिरेर गरे पनि ल्याप्रोस्कोपी विधिबाट प्वाल पारेर गरे पनि तरिकाचाहिँ उस्तै हो।
- पित्तथैलीको कारणले दुखाइ बढी छ, ज्वरो आएको छ भने तत्कालै अप्रेसन गर्नुपर्ने हुन्छ। तर, पाचन ग्रन्थिमै असर गरिसकेको छ भने केही पर्खेर गर्नुपर्ने हुन्छ। सुन्निएको छ, दुखाइ धेरै भएको छ भने दूरबिन प्रविधि (ल्याप्रोस्कोपी विधि) बाट नै अप्रेसन गर्न सकिन्छ। पित्तथैलीको अप्रेसनपछि केही समय आराम गर्नुपर्छ। खानेकुरामा केही बार्नुपर्दैन।

कस्तो अवस्थामा अप्रेसन नगर्ने ?

- पित्तथैलीमा पत्थरी भएपछि अप्रेसन नै गर्नुपर्छ भन्ने हुँदैन। जसलाई ग्यास्ट्रिक छैन वा चिल्लो खाँदा दुखाइ हुँदैन, त्यस्ता व्यक्तिले अप्रेसन गर्नुपर्दैन।
- यदि ६० वर्षमाथिका मान्छेलाई पत्थरीको कुनै लक्षण देखिएन भने अप्रेसन गर्नुपर्दैन।
- मधुमेहको समस्या भएका, पित्तथैली बाक्लो हुँदै गएका, अन्य रोगको औषधि लिइरहेका मान्छेले लक्षण नभए पनि अप्रेसन गर्नुपर्छ।
- लक्षण नदेखिएको मान्छेले चिल्लो कम खानुपर्छ। चिल्लोले पत्थरी गराउँदैन, तर दुखाइ धेरै गराउन सक्छ। पेट भारी हुने गरी खानुहुँदैन।

कसले गर्नुहुँदैन व्यायाम ?





रघुमान श्रेष्ठ
फिटनेस कोच
काठमाडौं फिटनेस

सन्तुलित जीवनशैली स्वस्थ्य जीवनको प्रमुख आधार हो। शरीर स्वस्थ राख्न नियमित कसरत वा व्यायाम गर्नुपर्ने हुन्छ। व्यायामले शरीरका सबै अंगलाई मजबुत बनाउँदै रोगसँग लड्न शक्ति प्रदान गर्दछ। यद्यपि, व्यायाम गर्नुअघि एकपटक चिकित्सकसँग परामर्श गर्नु राम्रो हुन्छ। त्यसपछि फिटनेस कोचसँग सल्लाह गरेर आफ्नो शरीरअनुसार व्यायामको रुटिन, डाइट प्लान तथा व्यायामको विधि चयन गर्नुपर्छ। यसले गर्दा दीर्घ समयसम्म आफू स्वस्थ हुन सकिन्छ।

कसले गर्नुहुँदैन ?

- मुटुरोगी र उच्च रक्तचाप भएकाहरू।
- मधुमहका रोगी।
- भखरै सर्जरी तथा चोटमुक्त हुँदै गरेका व्यक्ति।
- गर्भवती महिला।

नियमित व्यायामका फाइदा

स्वस्थ्य मानिसले नियमित व्यायाम गर्दा हुन्छ। व्यायाम गर्दा मुटु स्वस्थ्य राख्न मद्दत मिल्छ, चिन्ताबाट मुक्त राख्छ। तौल नियन्त्रणमा रहन्छ। मधुमेह, कोलेस्ट्रोल, क्यान्सर हुने खतरा कम गराउँछ। उच्च रक्तचाप नियन्त्रण हुन्छ, निद्रा मज्जाले लाग्छ, मांसपेशी तथा हड्डी बलियो हुन्छ, स्मरणशक्ति बढ्छ।

सन्तुलित भोजन

- धेरैलाई शारीरिक व्यायामले मात्र स्वस्थ भइन्छ भन्ने भ्रम छ। तर, हामीले व्यायाम गरेपछि सोहीअनुसार खानामा ध्यान दिनुपर्ने हुन्छ। व्यायामका साथसाथै आवश्यक पोषणको मात्रा मिलाए मात्रै फाइदा हुन्छ।
- पोषणको राम्रो स्रोतमा अन्डा, माछा, मासु, केरा, दूध, ओटमिल, सलाद पर्दछन्। यसका साथै हामीले प्रोटिन सप्लिमेन्टको प्रयोग गर्न सकिन्छ। प्रोटिन सप्लिमेन्टको प्रयोग गर्नुअगाडि फिटनेसविज्ञ तथा त्यससँग सम्बन्धित ज्ञान भएका व्यक्तिसँग परामर्श लिएर मात्र प्रयोग गर्नुपर्छ।
- व्यायाम सकिएको १० मिनेटपछि २०-२५ ग्राम प्रोटिन र ३० देखि ३५ ग्राम कार्बोहाइड्रेट ग्रहण गर्नुपर्छ। व्यायाम र खाना खाने समयको अन्तर ४५ मिनेटदेखि १ घन्टाभन्दा बढी हुनुहुँदैन।

बच्चामा आत्मविश्वास बढाउने केही उपाय



आत्मविश्वास भएकाहरू सधैं नयाँ चुनौती स्विकार्न, नयाँ प्रयोग गर्न र असफलतामा पनि सम्हालिन तयार हुन्छन्। त्यसैले हरेक अभिभावक आफ्ना बच्चा आत्मविश्वासी भएको हेर्न चाहन्छन्।

बालबालिकाको मनोविज्ञानबारे धेरै पुस्तक लेखिसकेका मनोविद् कार्लहार्डट भन्छन्, 'आत्मविश्वासको कमी भएका बच्चाहरू नयाँ प्रयोग गर्न वा चुनौती स्विकार्न चाहँदैनन्, किनकि, उनीहरू असफल भइने वा अरूलाई असर गर्ने कुराले तर्सिरहेका हुन्छन्।'

बच्चालाई आत्मविश्वासी बनाउनका लागि अभिभावकले केही कुरामा ख्याल गर्नुपर्ने हुन्छ। पहिलो कुरा, उनीहरूलाई बेहिसाब माया गर्नुपर्छ। जब अभिभावकले अति माया गर्छन्, तब बच्चामा पनि आत्मविश्वास विकास हुन्छ। जस्तोसुकै नयाँ काम गर्दा पनि कसैले गाली गर्दैन भन्ने पर्छ। नयाँ चुनौती र कामका लागि तयार हुन्छन्।

बालबालिकाले के गर्दै छन् भन्नेबारे जानकार हुनु राम्रो हो। तर, उनीहरूलाई अति निगरानीमा राख्नु पनि राम्रो हुँदैन। उमेर बढ्दै गएपछि बिस्तारै उनीहरूलाई केही न केही काममा संलग्न गराउँदै लैजानुपर्छ। उनीहरूका सबै जिम्मेवारी अभिभावकले मात्रै काँधमा लिएर पनि हुँदैन। कुनै कुरामा उनीहरूलाई अप्ठ्यारो परे तपाईंको सहयोग माग्नु स्वाभाविक हो। तर, कुनै कुरा गर्न नसक्दा वा बिग्रँदा पनि त्यसबाट उनीहरूले केही न केही सिकेका हुन्छन्। त्यसैले उनीहरूलाई आत्मनिर्भर बनाउने कुरामा जोड दिनुपर्छ। सानैदेखि ब्रस गर्ने, हात धुनेलगायत काम आफैं गर्न उत्प्रेरित गर्नुपर्छ।

बच्चाले गरेका कामको प्रशंसा गर्न सक्नुपर्छ। कहिलेकाहीं तपाईंलाई नराम्रो लागेका कुरा सीधै भनिदिँदा उसले गलत बुझ्न सक्छ र आत्मविश्वास कम हुन सक्छ। उदाहरणका लागि भर्खरै स्कुल गएको एउटा बच्चाले आफूले बनाएको चित्र बोकेर बाबुलाई देखाउन ल्याउन सक्छ। यो चित्र राम्रो नहुन पनि सक्छ। तर, तपाईंले त्यसलाई नराम्रो भन्नु हुँदैन। राम्रो छ भने प्रशंसा गर्नुपर्छ। प्रशंसासँगै चित्रकलालाई थप कसरी राम्रो बनाउन सकिन्छ भनेर उसलाई सिकाउन पनि सकिन्छ। वा, उसले आफैं भविष्यमा सुधार गर्ने आशा राख्न सकिन्छ।

बच्चाहरू धेरै जिज्ञासु हुन्छन्। उनीहरूले सोधका कुरालै कहिलेकाहीं अभिभावकलाई झर्को पनि लाग्न सक्छ। तर, त्यसरी झर्को लागेजस्तो व्यवहार देखाउनुहुँदैन। आवश्यक होस् वा अनावश्यक, बच्चाले राखेका हरेक जिज्ञासाको जवाफ दिने कोसिस गर्नुपर्छ। उनीहरूका कुरा नसुन्नु वा आफ्ना कुरा मात्रै सुनाउन खोज्नु राम्रो होइन। यसले बच्चाको भावना र आत्मविश्वास कम गराउन सक्छ।

बच्चाको पहिलो शिक्षक नै अभिभावक हुन्। जीवनमा सफलता र असफलता चलिरहन्छ भनेर उनीहरूलाई सानैदेखि बुझाउन जरुरी छ। कुनै कुरा असफल भए पनि त्यसलाई सुधार्न र सम्हाल्न सकिन्छ भनेर बुझाउन जरुरी छ। उनीहरूलाई निरन्तर आफ्नो लक्ष्यमा लाग्नका लागि उत्प्रेरित गर्नुपर्छ।

बच्चाको समग्र विकासमा इन्टरनेट वा मोबाइलको अत्यधिक प्रयोगले पनि समस्या सिर्जना गरिरहेको हुन सक्छ। यसले उनीहरूको कल्पनाशक्तिलाई सीमित गरिदिन्छ, जसकारण उनीहरूको सिर्जनात्मक क्षमता विकास हुन पाउँदैन। त्यसैले उनीहरूलाई सधैं इन्टरनेट वा मोबाइल चलाउन दिनुहुँदैन। दिनमा थोरै समय मोबाइल चलाउन दिन सकिन्छ। बाँकी समय शारीरिक गतिविधिमा नै संलग्न हुन उत्प्रेरित गर्नुपर्छ।

यसरी हटाउनुस् डार्क सर्कल

पर्याप्त मात्रामा निद्राको कमी, कामको चाप र अत्यधिक तनावका कारण आँखामा डार्क सर्कल (कालो घेरा) देखा पर्छ। जसले मानिसको सौन्दर्यमै ह्रास ल्याइदिन्छ। केही खानेकुराको सेवनबाट डार्क सर्कलबाट बच्न सकिन्छ। खासगरी, भिटामिनको कमीको कारणले आँखावरिपरि डार्क सर्कल देखा पर्ने गर्दछ।



- भिटामिन 'ए'युक्त खानेकुरा जस्तै- फर्सी, पाकेको मेवा, गाँजर, आँप, हरियो सागपात आदि खानुपर्छ। जसले छालाको रिपेयरिङ र टाइटानिङमा मद्दत गर्छ।
- भिटामिन 'सी'ले दिमागमा सेराटोनिन नामक रसायन उत्पादन गर्दछ। जसले गर्दा राम्रोसँग निदाउन सकिन्छ। अनि, डार्क सर्कल बिस्तारै हट्दै जान्छ।
- अंगुर, ब्लुबेरी, बन्दाकोबी, केराउ आदि जस्ता भिटामिन 'के'युक्त खानेकुराको सेवनले डार्क सर्कल कम गर्छ।
- आँखावरिपरि काँचो आलुको टुक्राले मसाज गर्दा कालो घेरा कम हुँदै जान्छ।
- कागती र टमाटरको प्याक बनाएर लगाउँदा डार्क सर्कल हटेर जान्छ। जसलाई १० देखि १५ मिनेटसम्म लगाएर त्यसपछि धुन सकिन्छ।
- सुत्नुअघि मनतातो पानीमा बेकिङ सोडा लगाएर धुने गर्नाले पनि डार्क सर्कल क्रमशः हराएर जान्छ।
- भिटामिन 'ई' क्याप्सुल र बदामको तेल मिलाएर लगाएमा समेत डार्क सर्कलबाट राहत पाउन सकिन्छ।

गर्मीमा सिम्पल साडी

गर्मीको समय धेरैको रोजाइमा सिम्पल डिजाइनका साडी पर्ने गरेका छन्। साडी तथा लेहेंगामा ह्यान्डवर्कअनुसार बुटिकको मूल्य बढी पर्न जान्छ। सादी, भर्कन, कोरा, पोतेलगायत मिसाएर काम गर्नुपर्ने हुन्छ। महँगा साडीका लागि डिजाइनरले प्लानिङ धेरै गरेका हुन्छन्, मिहिनेत धेरै लाग्ने भएकाले मूल्य पनि धेरै पर्छ। यस्ता साडी प्रायः विवाहको मौसममा बिक्छन्। अन्य समयमा भने युवतीहरूको रोजाइमा सिम्पल साडी नै पर्ने गर्छ। ह्यान्डवर्क नगरिएका रेडिमेड साडीको मूल्य स्वाभाविक रूपमा कम पर्न जान्छ र लगाउनका लागि पनि हल्का र सहज हुन्छ।



रोबिन परियार
फेसन डिजाइनर
रोबिन क्रिएसन

सिफन : यो पहिल्यैदेखि चलेको कपडा हो। मुलायम र पातलो हुने भएकाले गर्मीमा यसलाई लगाउन सजिलो हुन्छ। यसलाई ड्राई गरेर चाहेजस्तो कलरमा पनि बनाउन सकिन्छ।

जर्जेट : यो सिफनभन्दा अलिकति मोटो र खस्रो हुन्छ। तर, पातलै साडीको श्रेणीमा पर्छ । बिहे र अन्य काममा ह्यान्डवर्क गर्नका लागि यो राम्रो र पारदर्शी हुन्छ। हाम्रो समाजमा यसको प्रयोग पनि अत्यधिक छ।

नेट : नेट अति पारदर्शी हो। नेट लगाउँदा साइनिङ भएकाले धेरैले साटिन सिल्कको नेट लगाउन रुचाउँछन्।

टिस्यु : टिस्युचाहिँ नेटभन्दा अलिकति मोटो हुन्छ। यो हेर्दा प्लास्टिकजस्तो पनि देखिन्छ। यो पनि पारदर्शी हुन्छ।




घरलाई प्राकृतिक रूपले सिँगार्नुस्

- जीवनभर गरेको मिहिनेतको फल मानिसले घर बनाउन खर्च गरिरहेका हुन्छन्। कतिपयको सपना विलासी घर बनाउनुपर्छ भन्ने हुन्छ। तर, धेरै खर्च गर्दैमा राम्रो घर बन्छ भन्ने भ्रमबाट मुक्त रहन जरुरी छ।
- तपाईंले आफ्नो घरलाई विलासी होइन, प्रकृतिमैत्री बनाउन जरुरी छ। यसका लागि घरवरपरको वातावरण हरियाली हुनुपर्छ।
- तपाईंले घरमा सानो बर्गैंचा बनाउन सक्नुहुन्छ। पर्याप्त स्पेस छैन भने कोठामै गमलामा बिरुवा रोप्न सकिन्छ। यसले पर्याप्त अक्सिजन प्रवाह गर्छ।
- घरका कोठामा प्राकृतिक रूपमै प्रकाश आउन जरुरी छ। यस्तो प्रकाशले घरलाई सधैं उज्यालो राख्छ। महँगा कृत्रिम बत्ती जडान गरेर मात्रै घर सुन्दर हुँदैन।
- घरको फ्लोरिङ राम्रो हुनुपर्छ। घरको फ्लोरिङ राम्रो बनाउन तपाईंले स्थानीयस्तरमा उत्पादित सामग्रीको प्रयोग गर्न सक्नुहुन्छ। भुइँमा काठ वा बाँस बिछ्याउन सकिन्छ। यसले तपाईंको घरलाई पर्यावरणमैत्री बनाउँछ।



- घरको छतमा बिरुवाहरू रोप्न सकिन्छ। कौसीखेती गर्दा घरमा हरियाली देखिन्छ। त्यस्तै, ताजा सागसब्जी तथा फलफूलको मज्जा पनि लिन सकिन्छ।

युवाको आकर्षण जनावरको ट्याटुमा



- ट्याटु विशेषगरी युवापुस्ताले खोपाउँछन्। तर, ४० कटेका केही वयस्कमा पनि ट्याटुको सौख देखिन्छ। जनावरको ट्याटु युवापुस्ताको रोजाइमा पर्ने गरेको छ। सिंह, बाघ र पुतलीको ट्याटु धेरैले खोपाउँछन्। त्यस्तै, बिच्छी, ड्र्यागन, सर्प, माछा, बिरालो, फ्याउरो, हात्तीलगायतका ट्याटु पनि युवापुस्ताले मन पराउँछन्। धार्मिक ट्याटु पनि युवाको रोजाइमा पर्छ। उनीहरू बुद्धको चित्र, गणेशको चित्र खोपाउने गर्छन्।
- तपाईं कुन डिजाइनको ट्याटु खोपाउँदै हुनुहुन्छ, त्यो कुरामा ध्यान दिनुपर्छ। कुन ट्याटु हाउसमा खोपाउँदै हुनुहुन्छ भन्ने कुरा पनि ध्यान दिनुपर्छ। ट्याटु खोपाउने ठाउँ सुरक्षित हुन जरुरी छ। हेलचेक्र्याइँ भयो भने स्वास्थ्य, विशेषगरी छालामा संक्रमण र अन्य समस्या देखिन सक्छन्। एलर्जिक रियाक्सन यसैमध्येको एक हो। अर्कोतर्फ, डिजाइन राम्रो भएन भने हेर्दा नराम्रो पनि देखिन्छ।

ट्याटु खोपाएपछि ध्यान दिनुपर्ने कुरा :

पहिलो दिन : ट्याटु बनाएको ३-४ घन्टापछि साबुनपानीले राम्रोसँग सफा गर्ने र टिस्यु पेपरले पुछेर सुक्खा बनाउने।

दोस्रो दिन : पहिलो दिनजसरी नै बिहान-बेलुका साबुनपानीले धुने अनि भ्यास्लिन दिनको तीन-चारपटक थोरै मात्रामा लगाउने।

तेस्रो दिन : बिहान-बेलुकी साबुनपानीले सफा गर्ने र तीन-चारपटक भ्यास्लिन लगाउने।

चारदेखि १०औं दिन : साबुनले सफा गर्नुपर्दैन। तीन-चारपटक भ्यास्लिन लगाउँदा पुग्छ। ट्याटु खोपेको १० दिनभित्र खोपेको ठाउँमा पाप्रा लाग्ने र चिलाउन थाल्छ। तर, पाप्रा निकाल्नुहुँदैन। ट्याटु बनाएको दिनदेखि एक महिनासम्म घाम र पानीबाट जोगाउनुपर्छ।

विदेश सम्बन्धसम्बन्धी कानुन र चिनियाँ विश्व दृष्टिकोण

चीनले वैदेशिक सम्बन्धसम्बन्धी कानुनमार्फत विश्व समुदायलाई आफू कुनै पनि प्रकारका आधिपत्य, शक्तिको राजनीति, एकपक्षीयता, संरक्षणवाद र धम्कीविरुद्ध उभिने स्पष्ट पारेको छ



● पामिर गौतम

अग्रलेख

चौधौं राष्ट्रिय जन कंग्रेस (एनपिसी) को स्थायी समितिको गत बुधबार सम्पन्न तेस्रो अधिवेशनले चीनको पहिलो वैदेशिक सम्बन्धसम्बन्धी एक कानुन पारित गरेको छ। अक्टोबर २०२२ मा चीनको संसद्मा पेस गरिएको कानुनको पहिलो मस्यौदालाई विभिन्न विज्ञ र ज्ञाताहरूको रायका लागि पठाइएको थियो। मस्यौदा कानुनको पूर्ण पाठ डिसेम्बर ३०, २०२२ देखि जनवरी २८, २०२३ सम्म जनताको राय लिने उद्देश्यले अनलाइनमार्फत सार्वजनिक गरिएको थियो। मे २६, २०२३ मा एनपिसीको संविधान र कानुन समितिले मस्यौदा कानुनको प्रत्येक अनुच्छेदमा छलफल गरेपश्चात् जुन २८, २०२३ मा राष्ट्रिय जन कंग्रेसले यसलाई पारित गरेको हो। यो कानुन जुलाई १ बाट कार्यान्वयनमा आएको छ।

चीनको बढ्दो आर्थिक र राजनीतिक प्रभावलाई रोक्न अमेरिकी नेतृत्वमा पश्चिमा मुलुकले विभिन्न बहानामा चीनविरुद्ध निर्यात नियन्त्रण र प्रतिबन्ध साथै चिनियाँ आन्तरिक मामिलामा हस्तक्षेप बढाउँदै आएका छन्। अमेरिकाले अहिलेसम्म एक हजार तीन सयभन्दा बढी चिनियाँ संस्थालाई कालोसूचीमा राखेको छ। त्यस्तै अमेरिकाले चीनको सेमिकन्डक्टर उद्योगमा निर्यात नियन्त्रण लगाउनुका साथै आफ्ना सहयोगी राष्ट्रलाई चीनलाई सेमिकन्डक्टर आपूर्ति शृंखलाबाट हटाउन दबाब दिँदै आएको छ। ग्लोबल टाइम्सले विशेषज्ञलाई उद्धृत गर्दै चीनले निर्यात नियन्त्रण र प्रतिबन्धसहित बढ्दो चुनौतीको सामना गरिरहेको वेला वर्तमान अन्तर्राष्ट्रिय कानुनले पर्याप्त उपाय प्रदान गर्न असफल भएको बताएको छ। यस्तो अवस्थामा चीनले अघि सारेको विदेश सम्बन्धसम्बन्धी कानुन आवश्यक भएको उल्लेख गरिएको छ। शीर्ष चिनियाँ कूटनीतिज्ञ वाङ यीले गत बिहीबार पिपुल्स डेलीमा प्रकाशित एक लेखमा आधिपत्यवादविरुद्धको लडाइँ र चीनलाई नियन्त्रण, हस्तक्षेप, प्रतिबन्ध गर्ने कार्यलाई विफल बनाउन विदेश सम्बन्धसँग सम्बन्धित कानुनको पूर्ण प्रयोग गर्नुपर्ने बताएका छन्।

यही परिप्रेक्ष्यमा ६ अध्यायमा विभाजन गरिएको यस कानुनमा अध्याय चारको अनुच्छेद ३३ मा पश्चिमी विश्लेषकले सबैभन्दा बढी टिप्पणी गरेका छन्। यस प्रावधानले अन्तर्राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत मान्यताको उल्लंघन गरी चीनको सार्वभौमसत्ता, सुरक्षा र विकास हितलाई खतरामा पार्ने कार्यविरुद्ध चीन सरकारलाई प्रतिरोधात्मक उपाय अपनाउने अधिकार दिएको छ। 'चाइना थ्रेट' अवधारणालाई प्रचार गर्ने र चीनलाई 'अन्तर्राष्ट्रिय नियममा आधारित व्यवस्था'का लागि खतराका रूपमा प्रस्तुत गर्नेहरूले यस प्रावधानलाई चीनको 'आक्रामक ब्वाँसो-योद्धा कूटनीति' भनेका छन्। यद्यपि, यस प्रावधानले स्पष्ट रूपमा अन्तर्राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत मान्यताको उल्लंघन गर्दै अर्थात् अन्तर्राष्ट्रिय कानुनका संयन्त्रलाई बेवास्ता गर्दै मनोमानी रूपमा चीनमाथि ट्यारिफ र प्रतिबन्ध लगाएको खण्डमा चीनले त्यसमा जवाफी कदम चाल्ने उल्लेख गरेको छ। यस अर्थमा 'लंग आर्म जुरिस्डिक्सन'का नाममा अन्तर्राष्ट्रिय कानुन र मापदण्डलाई बेवास्ता गर्दै अन्य देशमा अवैध प्रतिबन्ध लगाएर क्षति पुऱ्याउने अमेरिकी नीतिविपरीत चिनियाँ विदेश सम्बन्धसम्बन्धी कानुनले एक रक्षात्मक नीति अघि सारेको छ। एकपक्षीय नीतिको विपरीत चीनले अवलम्बन गरेको वैदेशिक सम्बन्धसम्बन्धी कानुनले विश्वव्यापी दृष्टिकोण प्रस्तुत गरेको छ।

विकसित जी-७ राष्ट्रहरूको गुट राजनीतिको अभ्यासविपरीत यस कानुनले अन्तर्राष्ट्रिय सम्बन्धको लोकतान्त्रिकीकरण, बहुपक्षीयता र समानता, बृहत् परामर्श, संयुक्त योगदान र साझा लाभ सुनिश्चित गर्ने विश्वव्यापी शासन अवधारणालाई बढावा दिएको छ। यस कानुनमा चीनले त्रि-आयामिक कूटनीतिक कार्य दोहोऱ्याएको छ, जसअनुरूप प्रमुख शक्ति राष्ट्रबीच समन्वय र सकारात्मक अन्तर्क्रियालाई बढावा दिने, छिमेकी मुलुक र विकासशील राष्ट्रहरूसँग इमानदारी, पारस्परिक हित र समावेशिताको अवधारणाअनुरूप सम्बन्ध विकास गर्ने र बहुपक्षीयता र विश्वव्यापी शासन प्रणालीको सुधार र निर्माणमा काम गर्ने रहेका छन्। यो शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तबाट प्रेरित छ, जुन चिनियाँ नेतृत्वले धेरै वर्षदेखि उल्लेख गर्दै आएका छन्।



'लङ आर्म जुरिस्डिक्सन'का नाममा अन्तर्राष्ट्रिय कानुन र मापदण्डलाई बेवास्ता गर्दै अन्य देशमा अवैध प्रतिबन्ध लगाएर क्षति पुऱ्याउने अमेरिकी नीतिविपरीत चिनियाँ विदेश सम्बन्धसम्बन्धी कानुनले एक रक्षात्मक नीति अघि सारेको छ

चीनले अवलम्बन गरेको वैदेशिक सम्बन्धसम्बन्धी नयाँ कानुनले शान्तिपूर्ण विकासको मार्गमा अगाडि बढ्ने, नयाँ प्रकारको अन्तर्राष्ट्रिय सम्बन्ध निर्माणलाई प्रवर्द्धन गर्ने र मानवजातिको साझा भविष्यका साथ समुदाय निर्माण गर्ने चीनको दृढ संकल्पलाई व्यक्त गरेको छ

चीनले विश्वव्यापी वातावरणीय र जलवायु शासन प्रणालीमा सक्रिय सहभागिता जनाइरहेको छ र हरित र न्यून कार्बनयुक्त अन्तर्राष्ट्रिय सहयोगलाई सुदृढ पारेको छ। चीनले अघि सारेको विदेश सम्बन्ध कानुनले निष्पक्ष र व्यावहारिक विश्वव्यापी वातावरणीय र जलवायु शासन प्रणालीको स्थापनालाई प्रवर्द्धन गर्ने चीनको प्रतिबद्धतालाई पुष्टि गर्छ। चीनको यस कानुनले विश्वव्यापी विकास पहलहरू, विश्वव्यापी सुरक्षा पहलहरू र विश्वव्यापी सभ्यता पहलहरूको कार्यान्वयनलाई बढावा दिएको छ। कुनै पनि राष्ट्रले आफ्नो राजनीतिक, सामाजिक र विकासका मार्ग रोज्न स्वतन्त्र रहेको हुँदा चीनले अन्य देशको सार्वभौमसत्ताको सम्मान गर्ने र अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने उल्लेख गर्दै अन्य राष्ट्रलाई प्रदान गर्ने सहायता र अनुदानमा कुनै पनि प्रकारको राजनीतिक सर्त संलग्न नगर्ने बताएको छ।

चीनले अवलम्बन गरेको वैदेशिक सम्बन्धसम्बन्धी नयाँ कानुनले शान्तिपूर्ण विकासको मार्गमा अगाडि बढ्ने, नयाँ प्रकारको अन्तर्राष्ट्रिय सम्बन्ध निर्माणलाई प्रवर्द्धन गर्ने र मानवजातिको साझा भविष्यका साथ समुदाय निर्माण गर्ने चीनको दृढ संकल्प व्यक्त गरेको छ। आफ्नो परराष्ट्र नीतिको सञ्चालनमा चीनले संयुक्त राष्ट्र संघ केन्द्रित अन्तर्राष्ट्रिय प्रणाली, अन्तर्राष्ट्रिय कानुनमा आधारित अन्तर्राष्ट्रिय व्यवस्था र संयुक्त राष्ट्र संघको बडापत्रका सिद्धान्त र उद्देश्यमा आधारित अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत सिद्धान्तको संरक्षण गर्न आफ्नो प्रतिबद्धता जनाएको छ।

गत बिहीबार पेन्टागनका प्रवक्ता पैट्रिक राइडरले फेब्रुअरीमा अमेरिकी लडाकु विमानले खसालेको चिनियाँ बेलुनले संयुक्त राज्य अमेरिकाभरि उडान गर्दा कुनै गुप्तचर सूचना संकलन नगरेको बताएका छन्। चीनले सुरुदेखि नै सो बेलुन जासुसीका लागि नभएर मौसमसम्बन्धी अनुसन्धानको 'एयरसिप' भएको र आफ्नो निश्चित मार्गबाट भट्केर अमेरिकी हवाई क्षेत्रमा प्रवेश गरेको बताउँदै आएको छ। तर, चीनलाई बदनाम गर्ने प्रयासमा बाइडेन प्रशासनले यसलाई 'निगरानी' का लागि प्रयोग भइरहेको दाबी गर्दै चिनियाँ एरोस्पेस कम्पनीमाथि प्रतिबन्ध लगाएको थियो। हालै अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनले चीनको उदयलाई रोक्ने वासिंटनको कुनै मनसाय नभएको बताए पनि चीनको आर्थिक वृद्धिलाई रोक्न अमेरिकाले चीनलाई विश्वव्यापी मूल्य शृंखलामा माथि उक्लन रोक्ने अभिप्रायले विभिन्न रणनीति अपनाउने निश्चित छ। चिनियाँ परिप्रेक्ष्यमा बाहिरी शक्तिद्वारा चीनविरुद्ध बारम्बार विकृति, बदनामी र उक्साहटको परिस्थितिमा चीनले अघि सारेको विदेश सम्बन्धसँग सम्बन्धित कानुन समयसापेक्ष र उपयोगी छ। एक चिनियाँ विशेषज्ञ भन्छन्- वैदेशिक सम्बन्धसम्बन्धी कानुनद्वारा चीनले विश्व समुदायलाई आफू कुनै पनि प्रकारका आधिपत्य र शक्तिको राजनीति, एकपक्षीयता, संरक्षणवाद र धम्कीविरुद्ध उभिने स्पष्ट पारेको छ।

३ प्रश्न

सार्वजनिक खर्च पुनरावलोकन आयोगका अध्यक्ष तथा अर्थविद् डा. **डिल्लीराज खनाल**लाई



जनतालाई सेवा प्रदान गर्नुपर्ने सार्वजनिक संस्थानहरू नै भ्रष्टाचारको अखडा बन्दै जानुलाई के भन्नुहुन्छ ?

हाम्रा सार्वजनिक संस्थानहरू जेजस्ता उद्देश्यले स्थापना गरिएका भए पनि तिनमा चर्को राजनीतिकरण गरियो। हिजो त्यस्ता संस्थानमार्फत राज्यका हर्ताकर्ताले साधन स्रोतको दोहन गरे र आज पनि त्यसैको निरन्तरता छ। राज्यले कुनै अध्ययनविना, मापदण्डबेगर नै राज्यको स्रोत साधन सार्वजनिक संस्थानमा लगानी गरिरहेको छ। त्यसको 'रिटर्न' के हो ? त्यहाँ कसरी खर्च गर्नुपर्छ भन्ने मापदण्ड छैन। आन्तरिक रूपमा कुनै स्रोत साधन जुटाइन्छ भने त्यसलाई मितव्ययी ढंगले खर्च गर्ने मापदण्ड पनि छैन। त्यहाँ जाने नेतृत्वले अनुशासनलाई पालना गरेको र राज्यले प्रभावकारी रूपमा नियमन गरेको पनि पाईंदैन। यस्तो अव्यवस्थाबीच भ्रष्टाचार बढ्नु कुन अनौठो भयो र ?

आयल निगमका एकपछि अर्का महाप्रबन्धक या कार्यकारी निर्देशक भ्रष्टाचारी ठहर भई जेल जानुले के संकेत गर्छ ?

यसमा मूल रूपमा व्यक्तिभन्दा पनि त्यहाँ मौलाएको राजनीतिकरण नै जिम्मेवार छ। मन्त्रालय या मन्त्रीले त्यस्ता संस्थानमा महाप्रबन्धक या कार्यकारी निर्देशक पठाउँदा नै 'राम्रा मान्छे'लाई भन्दा पनि 'हाम्रा मान्छे'लाई पठाउँछन् र तिनीहरूबाट आफ्नो स्वार्थपूर्ति गराउँछन्। अनि, निगमको नेतृत्व भ्रष्टाचारी ठहर हुनु कुन अचम्मको कुरो भयो र ?

यस्ता संस्थानहरूलाई सुधार्ने कसरी त ?

यस्ता संस्थानलाई लिस्टिङ गरेर काम नभएका, खर्च बढी गराउने संस्थानलाई सकभर खारेज गर्ने र आवश्यक भए एकअर्कालाई गाभेर चलाउन सकिन्छ। अनावश्यक कर्मचारीको भार छ भने त्यसलाई कटौती गर्नुपर्छ। कार्य सम्पादनको क्राइटेरिया बनाउनुपर्छ। मितव्ययी ढंगले काम गर्न लगाउनुपर्छ। नियमन र अनुगमन प्रभावकारी हुनुपर्छ।

प्रेरक प्रसंग

नानकको अनौठो आशीर्वाद

गुरु नानक विभिन्न गाउँ गाउँको भ्रमण गरिरहन्थे। एकपटक उनी आफ्ना शिष्यसँग एउटा गाउँमा पुगे। त्यहाँका मानिस धेरै उदार र सज्जन थिए। उनले गुरु नानकको खुब सेवा गरे। जाने वेलामा प्रसन्न भई गुरु नानकले गाउँलेलाई आशीर्वाद दिए, 'तिनीहरूको गाउँ छिटै उजाड होस् र तिमीहरू सबै अलग-अलग गाउँमा गएर बस्नुपरोस्।' गुरु नानकका शिष्यलाई उनको यस्तो भनाइप्रति आश्चर्य लाग्यो, तर उनीहरूले मुख फोरेर केही सोधेनन्। सो गाउँबाट बिदा भएर जाँदै गर्दा उनीहरू फेरि अर्को गाउँमा पुगे। त्यहाँका मानिस धेरै स्वार्थी र उपद्रवी थिए। त्यहाँका मानिसले उनीहरूको आदर सत्कारको त कुरै छोडौं, कसैले उनलाई बस्न आग्रहसमेत गरेनन्। केही मानिसले त उनलाई ढुंगाले समेत हिर्काए। यति भए पनि उनले ती गाउँलेलाई आशीर्वाद दिए, तिमीहरूको गाउँ आबाद रहोस् र तिमीहरू सदा यसै गाउँमा बस्नू।' उनको यस्तो आशीर्वाद सुनिसकेपछि यसपटक भने उनका शिष्य चुप लागेर बस्नै सकेनन्। उनीहरूले सोधे, 'गुरु ! जुन गाउँमा तपाईंको स्वागत सत्कार भयो, त्यहाँका मानिसलाई तपाईंले गाउँ नै उजाड हुने श्राप दिनुभयो र जुन गाउँका मानिस असभ्य छन्, उपद्रवी छन्, उनीहरूलाई चाहिँ तपाईंले आबाद हुने आशीर्वाद दिनुभयो। यस्तो किन ? हामी बडो अलमलमा पर्‍यौं गुरु।'



शिष्यहरूको जिज्ञासा सुनिसकेपछि गुरु नानकले उनीहरूलाई बुझाउँदै भने, 'राम्रा मानिसले जहाँ गए पनि राम्रो कुरा सिकाउँछन्। यदि नराम्रा मानिस आफ्नो गाउँ छाडेर अर्को गाउँमा गए भने उनीहरूले नराम्रो कुरा नै सिकाउँछन्। त्यस्तो भयो भने नराम्रो मात्र फैलिनेछ। यसैले मैले राम्रो मानिसको बस्तीलाई उजाडियोस् भनेँ, ताकि उनीहरू चारैतिर फैलिऊन् र केही राम्रो कुरा सिकाऊन्। नराम्रा मानिस एउटै गाउँमा बसून् ताकि उनीहरूले आफ्नो दुर्गुणको प्रचार गर्न नसकून्।' गुरु नानकका यस्ता कुरा सुनेर शिष्यहरू दंग परे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सत्यतथ्य उजागर गरेको लेख

६ असारको नयाँ पत्रिकामा प्रा. कृष्ण पोखरेलको 'समाजवादी मोर्चाको अनुहार' शीर्षकको लेख पढें। समसामयिक विषयमा तथ्यपरक लेख लेख्ने पोखरेलले सत्यतथ्य उजागर गरेर उठाएका प्रश्न विचारणीय छन्। टिभीमा भाषणबाजीमा रेकर्ड बनाएका केही नयाँ तथा पुराना नेता र दलहरूले संघीयता मास्न जोर लगाइरहेका छन्। अतः जनताले 'मोर्चावादी' दल र नेतालाई भुइँमा टेक्न बाध्य बनाएका छन्। उनीहरू कम्तीमा समयको धार पछाडि फर्काउने मनुवा होइनन्। त्यसैले, हामी सबैले मोर्चालाई शुभकामना दिनु उचित हुनेछ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

संगठित अपराधमा मुद्दा चलाऊ

बालुवाटारस्थित सरकारी जग्गा हिनामिना प्रकरणमा तानिएका आरोपी तथा पक्राउ परेका अभियुक्तविरुद्ध संगठित अपराधमा पनि मुद्दा दर्ता गर्ने तयारी गरेको सुन्दा खुसी लाग्यो। सिआइबीकी निर्देशक किरण बज्राचार्यले यस प्रकरणका आरोपी र अभियुक्तविरुद्धको अनुसन्धान संगठित अपराधतर्फ पनि लैजान सरकारी वकिलसित परामर्श भइरहेको बताएकी रहिछन्। उनको त्यो भनाइ स्वागतयोग्य छ। यस्ता देशमाराहरूलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ। त्यसका लागि संगठित अपराधअन्तर्गत समय लिएर छानबिन गरी मुद्दा चलाउनु नै उपयुक्त हुन्छ।

● **शर्मिला चलाउने**
सामाखुसी, काठमाडौं

महँगी नियन्त्रण कसले गर्ने ?

पछिल्लो समय बजारमा तरकारीजन्य उत्पादनदेखि अधिकांश खाद्यान्नको मूल्य अकासिएको छ। चामल, तरकारी, गेडागुडी, दाल, चिनी, तेल, साबुनलगायत सबैजसो दैनिक उपभोग्य सामग्रीको भाउ उकालो लाग्दै गइरहेको देखिन्छ। आज एउटा मोलमा किनेर ल्याएको सामग्री भोलि त्यही मोलमा पाईंदैन। केही न केही मूल्य बढी नै रहेको हुन्छ। बजारमा यसरी विनाकारण मूल्य बढिरहँदा पनि तीनै तहका सरकारको ध्यान यसतर्फ गएको नदेखिनु गम्भीर चिन्ताको विषय हो। महँगी नियन्त्रणतर्फ ध्यान देऊ।

● **मृदुला केसी**
कालिमाटी, काठमाडौं

तौल मात्र हेर्ने कि मिसावट पनि ?

यतिखेर पशुपतिनाथमा पूर्वप्रधानमन्त्री केपी ओलीको पालामा चढाइएको सुनको जलहरीको निकै चर्चा भइरहेको छ। संसद्देखि सडकसम्म यसको पक्ष विपक्षमा बहस चलिरहेको छ। कतिपयले धर्मको मामिलामा समेत राजनीति घुसेको टिप्पणी गरेका छन् त कतिपयले धर्मको आठमा भ्रष्टाचार गर्न राजनीतिज्ञहरू पछि नपरेको भन्दै आलोचना गरेका छन्। नेपालजस्तो गरिब देशले जलहरीमा ८० करोड खर्च गर्नु नै पहिलो उदेकलाग्दो विषय हो भन्दै नेताहरूमा देशको प्राथमिकता छुट्याउने विवेक नभएको तर्क पनि धेरैले गरेका छन्। ८० करोडले वेद र संस्कृत पढाउने पशुपतिनाथ विश्वविद्यालय नै खोल्न सकिने तर्क पनि आइरहेका छन्। जुन अन्यथा पनि होइन।

अहिलेको प्रकरणमा यक्ष प्रश्न दुईवटा छन्। पहिलो, जलहरीको वजन मात्र हेर्ने हो कि त्यसमा मिसावट गरिएका अन्य धातुको प्रतिशत पनि हेर्ने ? दोस्रो, जलहरीमा नेताहरूका नाम कुन प्रयोजनका लागि लेखिएका हुन् ? ती नेताहरूले आआफ्नो व्यक्तिगत खर्चमा बनाएर पशुपतिनाथको मन्दिरमा चढाएको हो भने त्यही कुरा लेखिनुपर्‍यो। होइन, राष्ट्रको ढुकुटी खर्चेर बनाइएको हो भने त्यही कुरा लेखी उद्घाटन वा शिलान्यास मात्र फलाना राष्ट्रपति वा प्रधानमन्त्रीले यो मितिमा गरेका हुन् भनेर लेख्नुपर्ने होइन र ?

के नाम लेखिएका १८ जनाले नै संयुक्त रूपमा उद्घाटन गरेका हुन् ? होइन भने कुन उद्देश्यले किन सबैको नाम लेख्नुपरेको हो ? पशुपति क्षेत्र विकास कोषले यसको तर्कपूर्ण जवाफ दिनुपर्छ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

विश्वविद्यालयमा प्राज्ञिक स्वतन्त्रतालाई रेट्ने प्रयास

विश्वविद्यालय तब मात्र जीवित हुन्छ, जब शिक्षक र विद्यार्थीको सम्बन्ध जीवन्त रहन्छ, तर अहिले विश्वविद्यालयका शिक्षकलाई सरकारी जागिरे बनाउने दुष्प्रयास हुँदै छ



देश/विदेश

● अपूर्वानन्द

दक्षिण एसियाली विश्वविद्यालय (साउथ एसियन युनिभर्सिटी) बाट निष्कासित भीमराज एमले अक्सफोर्ड विश्वविद्यालयमा छात्रवृत्तिसहित भर्ना पाए। विश्वविद्यालयबाट निकालिएपछि मात्रै उनको भर्ना चर्चाको विषय बन्यो। यो अवस्थामा भीमराजजस्ता जेहेनदार विद्यार्थी किन निष्कासित भए र त्यसपछि के भयो भन्नेबारे जान्न जरुरी छ। भीमराज निष्कासित भएर अक्सफोर्डमा भर्ना पाइहँदा सो विश्वविद्यालयले चारजना शिक्षकलाई पनि निलम्बन गरेको छ। यो निलम्बन भीमराजको निष्कासनसँग जोडिन आइपुग्छ। यस विषयलाई केही अनलाइन मिडिया र पत्रपत्रिकाले समाचार बनाए पनि मामिला सार्वजनिक बहसको विषय नै बनेन। विद्यार्थीमाथि विश्वविद्यालयले गरेको अमानवीय व्यवहारविरुद्ध बोलेकै कारण शिक्षक दण्डित हुन्छन् भने यो हाम्रा लागि चिन्ताको विषय बन्नुपर्छ। विद्यार्थीका पक्षमा बोल्नुलाई विश्वविद्यालयले विद्यार्थीलाई प्रशासनविरुद्ध भड्काउने अपराधका रूपमा लिएको छ। यो तथाकथित अपराधका लागि शिक्षक दण्डित भएका छन्। ती शिक्षक विद्यार्थीमाथि भइरहेको अन्यायविरुद्ध किन बोले होलान् ?

सेप्टेम्बर २०२२ देखि विद्यार्थीले एकाएक कटौती गरिएको छात्रवृत्तिबारे आन्दोलन गर्दै आएका थिए। विद्यार्थीका अनुसार बढ्दो मुद्रास्फीतिलाई हेर्दा छात्रवृत्ति वृद्धि हुनुपर्नेमा उल्टै कटौती भएको छ। विश्वविद्यालयका लैंगिक एवं यौन दुर्व्यवहार हेर्ने समितिमा विद्यार्थीले आफ्नो प्रतिनिधित्व खोजेका थिए। यो माग नाजायज होइन। अन्य सार्वजनिक विश्वविद्यालयमा कमसेकम उल्लिखित दुई समितिमा विद्यार्थी प्रतिनिधित्व हुने गर्छ। माग पूरा नहुँदा विद्यार्थीले धर्ना दिए र घेराउ गरे। प्रशासनले प्रहरी बोलायो। १३ जना शिक्षकले अन्तर्राष्ट्रिय विश्वविद्यालय परिसरमा प्रहरी बोलाउन हुन्थेन भनेर एक पत्र लेखेका थिए। उत्पन्न परिस्थितिलाई शान्त गर्न थुप्रै शिक्षकले विश्वविद्यालयका अधिकारीसँग संवाद गरेका थिए। शिक्षकको सल्लाह सुन्नुको सट्टा प्रशासनले पाँच विद्यार्थी निष्कासनदेखि भर्ना खारेजीसम्मका सजाय दियो। विद्यार्थीसँग संवाद गर्न आग्रह गर्दै शिक्षकले पुनः प्रशासनसँग भेटे। कुनै निष्कर्ष ननिस्केपछि विद्यार्थीले आमरण अनशन सुरु गरे। थुप्रै विद्यार्थी बिरामी भए र एकजना विद्यार्थी अस्पतालमा पटक-पटक भर्ना गर्नुपर्ने परिस्थिति आयो। क्रुद्ध विद्यार्थीले रजिस्ट्रारसामु बिरामी विद्यार्थीको सम्पूर्ण जिम्मेवारी लिनुपर्ने माग राखे। अनशन जारी रह्यो। विश्वविद्यालय विद्यार्थीलाई दण्ड दिने निर्णयबाट पछाडि हट्यो तर नयाँ कारण देखाऊ आदेश माग गऱ्यो। र, दुई विद्यार्थी उमेश जोशी र भीमराजलाई विशिष्टालयबाट निष्कासन गरियो। छात्रवृत्तिको माग गर्दा दण्डित भएका भीमराजले अक्सफोर्ड विश्वविद्यालयमा छात्रवृत्तिसहित भर्ना हुँदा चर्चामा आए।

आन्दोलन गत डिसेम्बरमा रोकियो, तर डिसेम्बरको अन्त्यमा प्रशासनले चारजना शिक्षकमाथि कारण देखाऊ आदेश जारी गऱ्यो। यी शिक्षकलाई विद्यार्थीलाई आन्दोलन गर्न उक्साएको-भड्काएको, बिरामी अम्मरलाई अस्पतालमा भेटेको र प्रशासनलाई पत्र लेखेको आरोपमा कारण देखाऊ आदेशको माग राखियो। यी शिक्षकमध्ये केहीलाई विश्वविद्यालयको मार्क्सवादी अध्ययन वृत्तसँग जोडिएको भनेरसमेत अभियोग लगाइयो। लगत्तै उच्चस्तरीय सत्यतथ्य छानबिन समिति गठन गरियो र चारैजना शिक्षकलाई समितिको सामना गर्न भनियो।

समितिमा शिक्षकलाई दिइएका लिखित प्रश्नको उत्तर दिन भनियो। छानबिनको यो उपाय देखेर शिक्षक



तस्बिर : द क्विन्ट

स्तब्ध भए र अपमानित महसुस गरे। विरोध जनाउँदै शिक्षकले प्रश्न विद्युतीय माध्यमबाट साझा गर्न माग गरेका थिए। समितिले माग अस्वीकार गऱ्यो र अवज्ञा गरे अवज्ञालाई प्रमाणका रूपमा लिने धम्की दियो। यो उच्चस्तरीय समितिमा वरिष्ठ शिक्षक पनि थिए। यी शिक्षक सदस्यले आफ्ना सहकर्मीलाई अपमान गर्न कुनै कसर बाँकी राखेनन्।

जवाफमा चारजना शिक्षकले विश्वविद्यालयका अध्यक्षलाई पत्र लेखे। नतिजा चारैजना शिक्षक स्नेहाशिष भट्टाचार्य, श्रीनिवास बुर्रा, इर्फानुल्लाह फारुकी र रवि कुमार निलम्बित भए।

यो सबै घटनाक्रमले प्रशासनको असंवेदनशील रबैया झल्काउँछ। दक्षिण एसियाली विश्वविद्यालय प्रशासनले कुनै पनि विद्यार्थी र शिक्षकको मर्यादाको सम्मान गर्दैन। विश्वविद्यालयमा अन्य शिक्षक र विद्यार्थी पनि प्रताडित भइरहेका छन्। यी शिक्षक चुपचाप जागिर मात्रै खान सक्थे। के कक्षाकोठामा गएर पाठ्यक्रमअनुसार पढाउने काम मात्रै होइन र शिक्षकको ? शिक्षक कुनै पनि अभियानसँग किन जोडिनुपऱ्यो ? यथार्थमा यी शिक्षकले आफ्नो कर्तव्य पूरा गरेका मात्र हुन्। विश्वविद्यालय भनेकै शिक्षक र विद्यार्थीबीचको समतामूलक आदानप्रदान न हो। शारीरिक, मानिसक रूपमा विद्यार्थी जे-जस्तो हालमा होऊन्, तिनलाई लेक्चर दिने न हो भन्न सजिलो छ तर के त्यो उपयुक्त हो ? विद्यार्थी आमरण अनशनमसा बसिरहँदा शक्ति र अन्यायको सम्बन्धबारे शिक्षकले कक्षामा प्रवचन दिनुजत्तिको विडम्बना के हुन सक्छ ? भारतमा शिक्षकको निगरानी र पहरेदारी गर्ने प्रवृत्ति एकदमै बढी छ। यो आलेख लेख्दै गर्दा प्रेसिडेन्सी विश्वविद्यालय कोलकाताले शिक्षक र विद्यार्थीका लागि नियमनकारी आचारसंहिता जारी गरेको छ। शिक्षकलाई बोल्न, लेख्न र सार्वजनिक अभियान चलाउनबाट रोक्ने प्रयास भइरहेका छन्।

जवाहरलाल नेहरू विश्वविद्यालयदेखि जामिया मिलिया इस्लामियासम्मका शिक्षक संघर्षरत छन्, तर यी कुनै सार्वजनिक स्मृतिमा अटाएका छैनन्। विश्वविद्यालय तब मात्र जीवित हुन्छ, जब शिक्षक र विद्यार्थीको सम्बन्ध जीवन्त रहन्छ, तर अहिले विश्वविद्यालयका शिक्षकलाई सरकारी जागिरे बनाउने दुष्प्रयास हुँदै छ। यो अवस्थामा हामी मौन हुनुले विश्वविद्यालयका स्वतन्त्र मतको मृत्यु भएको संकेत गर्छ।

(अपूर्वानन्द दिल्ली विश्वविद्यालयमा हिन्दी पढाउँछन्)
डेक्कन हेराल्डबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अब के हुन्छ वाग्नरको अफ्रिकी साम्राज्य ?

समूहका नाइके प्रिगोजिन पाखा लागे भने पनि वाग्नरले अफ्रिका छाड्ने सम्भावना देखिन्न

असफल सशस्त्र विद्रोहअघिसम्म वाग्नर समूहको अर्को तैनाथी बेलारुसभन्दा पनि बुर्किना फासोमा हुने देखिन्थ्यो । तर, सशस्त्र विद्रोहको सुरक्षित अवतरणका लागि वाग्नर नेता येवगेनी प्रिगोजिन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीचको सम्झौताअनुरूप प्रिगोजिन बेलारुस पुगेका छन् । त्यहाँबाट वाग्नरको अफ्रिकी परिचालन सञ्चालन गर्ने प्रिगोजिनको अपेक्षा छ, जुन वाग्नर साम्राज्यका लागि मात्र नभई अफ्रिकी महाद्वीपमा क्रेमलिनका लागि समेत महत्त्वपूर्ण बनेको छ ।

'वाग्नरले अफ्रिकी र अरब देशमा 'रुसी संघको हितमा धेरै काम' गरेको छ,' प्रिगोजिनको २६ जुनको एक टेलिग्राम सन्देशमा गुनासो थियो । भाडामा सैनिक उपलब्ध गराउने यो समूहले माली र मध्य अफ्रिकी गणतन्त्र (सिएआर)सहित पाँच अफ्रिकी राज्यमा लडाकु पठाएको छ । यी देशमा वाग्नरको सञ्चालन जारी रहने रुसी विदेशमन्त्री सर्गेई लाभरोभको भनाइ छ । यीबाहेक, अफ्रिका महाद्वीपका कम्तीमा अन्य सात देशमा वाग्नरको कुनै नै कुनै प्रकारको उपस्थिति छ (सिरिया सहित) । समूहका नाइके प्रिगोजिन पाखा लागे नै भने पनि वाग्नरले अफ्रिका छाड्ने सम्भावना देखिन्न । यो संगठन त्यहाँ रहनुका पछाडि निहित स्वार्थ छ । यसबाहेक, क्रेमलिन पनि अफ्रिकी महाद्वीपमा प्रभावको स्रोत गुमाउन अनिच्छुक हुनेछ । अफ्रिकी स्वयंले रुसलाई कमजोर र अविश्वसनीय साझेदारका रूपमा हेर्न थाले भने मात्रै वाग्नर अफ्रिकाबाट बाहिरिने सम्भावना छ ।

वाग्नरको अफ्रिकी सम्राज्य के हुन्छ भनेर बुझ्न यो त्यहाँ कसरी सञ्चालित छ भनेर बुझ्नु सहयोगी हुन्छ । त्यहाँ वाग्नर कम्पनी होइन कि रुससँग आबद्ध फर्महरूको एउटा सञ्जाल परिचालित छ, जुन विदेशी सरकारसँगको सम्झौताअन्तर्गत सञ्चालित छ । अफ्रिकामा वाग्नरले एउटा व्यापार मोडेल प्रयोग गर्छ, जसमा तीन तत्त्व छन् । प्रत्येकको समिश्रण परिचालन रहेको देशमा निर्भर गर्छ । वाग्नर समूह सन् २०१८ मा प्रवेश गरेको पूर्वफ्रान्सेली उपनिवेश एवं मध्य-अफ्रिकी गणतन्त्र (सिएआर)मा यी तीनै तत्त्व- सैन्य, आर्थिक र राजनीतिक संलग्नता स्पष्ट रूपमा देखिन्छ । यसको थप प्रमाण २७ जुनमा प्रकाशित अमेरिकी खोजपत्रकारिता 'द सेन्ट्री'को एउटा नयाँ रिपोर्टमा उपलब्ध छ ।

सैन्य परिचालन वाग्नरको पहिलो स्तम्भ हो, जसअन्तर्गत सुरक्षाको खोजीमा रहेका अफ्रिकी सरकार रुस हुँदै वाग्नरतर्फ मोडिएका हुन् । अफ्रिकामा वाग्नरका लडाकु कति छन् भन्ने कुनै आधिकारिक जानकारी छैन, तर विश्लेषकहरू यो संख्या लगभग पाँच हजार भएको बताउँछन्, जसमध्ये धेरैजसो माली र मध्य गणतन्त्र अफ्रिकामा परिचालित छन् (सिरियामा कति संख्यामा छन् भन्ने अझै अज्ञात छ) । अफ्रिकामा वाग्नरको कुल संख्या तुलनात्मक रूपले सानो हुन सक्छ, तर भगौडा वाग्नरसँगका कुराकानीबाट अफ्रिकामा रहेका उसका लडाकु दक्ष र युद्ध कौशलमा निपुण रहेको थाहा लाग्छ ।

उनीहरूले अफ्रिकी सेनाको क्षमतामा अभिवृद्धि पनि गराएका छन् । मध्य अफ्रिकी गणतन्त्रमा वाग्नरले झन्डै पाँच हजार लडाकुको 'समानान्तर सेना' गठन गरेको छ । सेन्ट्रीका अनुसार तीमध्ये अधिकांश राष्ट्रसंघको अनुगमन बर्खिलाप गर्दै राष्ट्रपति फाउस्टिन-आर्चेन्ज टउडेराको जातीय समूहबाट भर्ती गरिएका हुन् । वाग्नरले यी लडाकुलाई यातना दिने तालिम दिएको र राष्ट्रसंघको हतियार प्रतिबन्धलाई उल्लंघन गर्दै हातहतियार, ड्रोन र विमानहरू भित्र्याएको सेन्ट्रीको आरोप छ । 'वाग्नरले यस समानान्तर सेनालाई 'आतंक अभियान'कै एक हिस्साका रूपमा प्रयोग गरेको थियो,' सेन्ट्रीले भनेको छ । उसले वाग्नरलाई त्यहाँका गाउँमा नरसंहार, यातना र बलात्कार मच्चाएको पनि आरोप लगाएको छ । 'हामी गाउँलेहरूको हत्या गरेर तिनलाई गाड्छौं वा यत्तिकै झाडीमा फालिदिन्छौं,' सन्ट्रीले वाग्नरमाथिहतमध्ये अफ्रिकी गणतन्त्रमा परिचालित एक सिपाहीलाई उद्धृत गरेको छ । (टिप्पणीका लागि गरेको अनुरोधमा टउडेराका प्रवक्ता र वाग्नर समूहले जवाफ दिएनन्)।



द इकोनोमिस्टले सेन्ट्रीको दाबीलाई स्वतन्त्र पुष्टि गर्न नसके पनि त्यो दाबी मानवअधिकार वाचलगायत अन्य अनुसन्धानको निस्कर्षसँग मेल खान्छ । राष्ट्रसंघको आकलनअनुसार मध्यअफ्रिकी गणतन्त्रका पाँचमध्ये एक व्यक्ति आफ्नो थातथलोबाट विस्थापित छन् । 'कन्फ्लट एन्ड हेन्थ' नामक जर्नलमा गत अप्रिलमा प्रकाशित एक आश्चर्यजनक अध्ययनले गत वर्ष मध्य अफ्रिकामा जनसंख्याको ५ दशमलव ६ प्रतिशतको मृत्यु भएको बताउँछ, जुन राष्ट्रसंघले सन् २०१० मा गरेको आकलनभन्दा चारगुणा र अन्य कुनै पनि देशको भन्दा दोब्बर बढी हो । 'वाग्नरको उपस्थितिले नागरिकलाई बाँच्न थप कठिन बनाएको छ,' अनुसन्धाताले कूटनीतिक लवजमा भनेका छन् ।

वाग्नरको दोस्रो मोडल हो, आर्थिक अर्थात् सुरक्षा प्रदान गरेबापत थप आर्थिक लाभ खोज्नु । वाग्नरलाई पदसोपानमा आधारित व्यवसायको रूपमा लिइनुहुँदैन, बरु यो सहायक कम्पनीहरूको सञ्जालका रूपमा रहेको एउटा खुकुलो कंग्लोमरेट (व्यावसायिक समूह) हो । यसको आम्दानी अथवा मुनाफाबारे खासै जानकारी बाहिरिएका छैनन् तर यो उसको पैसा कमाउने महत्त्वपूर्ण क्षेत्र अफ्रिका नै भएको भने देखिन्छ । २७ जुनमा अमेरिकाले वाग्नरसँग सम्बन्ध देखिएका कम्पनीलाई प्रतिबन्ध लगायो, जसमा मध्य अफ्रिकी गणतन्त्रस्थित डासिमा खानी (जसमा एक अर्ब डलरभन्दा बढीको सुन भण्डार रहेको ठानिन्छ) नियन्त्रणमा राखेको एउटा कम्पनी पनि समावेश छ । वाग्नरले यहाँका सुन तथा हिरा खानी क्षेत्रआसपासका गाउँलेको हत्या र लुटपाट गरेको सेन्ट्रीको दाबी छ । सुन तस्करीको केन्द्र सुडानमा वाग्नर-आबद्ध विमानले १५ उडान भरेको पनि सेन्ट्रीले गनेको दाबी छ ।

> अफ्रिकामा वाग्नरका लडाकु कति छन् भन्ने कुनै आधिकारिक जानकारी छैन, तर विश्लेषकहरू यो संख्या लगभग पाँच हजार भएको बताउँछन्, जसमध्ये धेरैजसो माली र मध्य गणतन्त्र अफ्रिकामा परिचालित छन्

मध्य अफ्रिकी गणतन्त्र वाग्नरले प्रदान गर्ने राजनीतिक सेवाको पनि एउटा केस स्टडी हो, जुन वाग्नर मोडलको तेस्रो तत्त्व हो । वाग्नर समूहले सन् २०२० मा सम्पन्न निर्वाचनमा टउडेराको समर्थनमा अभियान चलायो र विभिन्न गुटका नेतासँग राजनीतिक सम्झौताका लागि मद्दत गऱ्यो । चुनाव टउडेराले जिते । अफ्रिकाका अन्य देशमा पनि वाग्नरका कम्पनीले प्रपोगान्डा र भ्रमपूर्ण सूचनाका अभियान चलाउने गर्छन्, तिनले फर्जी निर्वाचन-पर्यवेक्षण समूह पनि संगठित गरेका छन् ।

वाग्नर मोडलको जानकारीले यसपछि के हुन सक्छ भनेर बुझ्न सहयोग गर्छ । केही मानिस प्रिगोजिन र पुटिनबीचको सम्झौताअनुरूप प्रिगोजिनले अफ्रिकामा आफ्नो भूमिका कायम राख्न सक्षम हुने अनुमान गर्छन् । २७ जुनमा रुसी राष्ट्रपतिले युक्रेनको वाग्नर सञ्चालनलाई राज्यले प्रत्यक्ष आर्थिक सहयोग गरेको स्वीकार गरेका थिए । उनले कसले कसलाई नियन्त्रण गर्छ भन्ने देखाउन बढी नै जोड दिए ।

यसको संरचनालाई हेर्दा अफ्रिकाको वाग्नर समूहमा प्रिगोजिनको खासै नचल्ने बताउँछिन्, कोलम्बिया विश्वविद्यालयको बर्नार्ड कलेजकी किम्बर्ली मार्टिन । 'प्रिगोजिन एकीकृत वाग्नरका न त सिइयो हुन्, न त कमान्डर, जसको आदेश सबैले मान्नून्,' उनले भनिन् । प्रिगोजिनलाई यसकारण प्रतिस्थापन गर्न रुसी सैन्य संस्थापनालाई तुलनात्मक रूपले सजिलो हुने उनको तर्क छ ।

'वाग्नर नेटवर्कमा आबद्ध मानिस र संस्थाका पनि आ-आफ्नै रुचि छन् । त्यसलाई उनीहरू कायम राख्न चाहनेछन् । यीमध्ये केही प्रिगोजिनसँग आबद्ध छन् भने केही आबद्ध छैनन् । समूहको नेतृत्व पनि 'तलदेखि माथि' क्रमिक रूपमा विकास नभएकाले शीर्ष तहमा ठूलो परिवर्तन हुँदा पनि अरू सबैलाई बर्खास्त गरिराख्नुपर्दैन,' वाग्नरबारे पुस्तक लेखिरहेका जोन लेचनर तर्क गर्छन् ।

वाग्नर अफ्रिकामा गत दशकमा भएको क्रेमलिनको पुनरोदयको एक महत्त्वपूर्ण अंश रहिआएको छ । सन् २०१४ मा क्रिमियाको विलयपछि र गतवर्ष पनि रुसले अफ्रिकी महाद्वीपमा आफ्नो संलग्नता दोब्बर बनायो । आगामी महिना पुटिनले सेन्ट पिटर्सबर्गमा अफ्रिकी नेताको शिखर सम्मेलन आयोजना गर्दै छन् । वाग्नर अफ्रिकाका निम्ति रुसको एक मात्रै उपकरण त होइन, तर 'न्यून लागत र उच्च प्रभाव युक्त उपकरण' भने पक्कै हो ।

वाग्नरले रुसलाई प्रदान गर्ने फाइदा धेरै छन् । यो सुनको एउटा स्रोत हो, जसको भण्डारणले रुसलाई पश्चिमी वित्तीय प्रतिबन्धको प्रतिरोध गर्न मद्दत गर्नेछ । यसले आफू सञ्चालित हुने देशमा पश्चिमविरोधी सन्देश वीजारोपण गर्न पनि मद्दत गर्ने गर्छ । (यस वर्षको सुरुमा मध्य अफ्रिकी गणतन्त्रको खानीमा भएको नौजना चिनियाँको हत्यामा फ्रान्सेली सैनिकको हात भएको अफवाह फैलाउने पनि वाग्नर नै रहेको बताइन्छ ।)

वाग्नरले अफ्रिकी राजनीतिज्ञहरूसँग प्रभावका अनौपचारिक च्यानल स्थापना गर्छ, जसलाई आधिकारिक सम्बन्धमा परिणत गर्न सकिन्छ । उदाहरणका लागि रुसका लागि मध्य अफ्रिकी गणतन्त्रका राजदूतले आफ्नो सरकारले मुलुकमा एउटा रुसी सैन्य आधार शिविर स्थापना गर्नेतर्फ सोचविचार गरिरहेको बताए । यद्यपि, रुसको सुरक्षा सेवाले वाग्नरको बाह्य परिचालनमाथि थप नियन्त्रण स्थापित गर्न सक्छ । एउटा विकल्प यो समूहलाई राष्ट्रियकरण गर्ने हुन सक्छ, तर यो न रुस न त अफ्रिकी सरकारलाई नै सुहाउँदिलो हुनेछ । अन्य विकल्पमा समूहलाई रिब्रान्डिङ गर्ने, नयाँ नेतृत्व ल्याउने वा घटक फर्ममा परिवर्तन गर्ने उपाय हुन सक्छन् । विद्रोहपछि क्रेमलिनले वाग्नर परिचालन रहेका देशलाई चाहे त्यो वाग्नरको नाममा होस् वा अन्य कुनै परिचालन निरन्तर रहने कुरामा आश्वस्त पार्न कोसिस गरिरहेको बताइन्छ । रुसी विदेशमन्त्री सर्गेई लाभरोभले माली र मध्य अफ्रिकी गणतन्त्रमा वाग्नरको सञ्चालन कायमै रहने बताइरहँदा सहायक विदेशमन्त्रीले बसर-अल-असदको सत्तालाई फकाउन सिरियाको भ्रमण गरेका छन् ।

सहयोगका लागि रुसको मुख ताकेका अफ्रिकी ग्राहक अफ्रिकामा वाग्नरको भविष्य निर्धारण गर्ने सबैभन्दा ठूलो कारक तत्त्व हुनेछन् । वाग्नर प्रभावशाली रूपमा घुसेको मध्यअफ्रिकी गणतन्त्रको सरकार अविचलित देखिन्छ । 'हामीले सन् २०१८ मा रुसी महासंघसँग रक्षा सम्झौता गरेको हो, वाग्नरसँग होइन । वाग्नरलाई त रुसले सब कन्ट्याक्टमा लिएको हो । यदि रुसले वाग्नरलाई राख्न चाहेन भने नयाँ दल पठाउनेछ । प्रिगोजिन र पुटिनबीचको तनाव रुसको आन्तरिक मामिला हो,' टउडेराका सल्लाहकार फिडेले गाउन्डिजिकाले एएफपीसँग भनेका छन् ।

यसैबीच मालीमा सत्तासीन जुन्ता (सैन्य) सरकारले झन् खतरनाक खेल सुरु गरेको छ । १६ जुनमा उसले संयुक्त राष्ट्रसंघले परिचालन गरेका १३ हजार शान्ति सेनालाई ढिला नगरी फिर्ता गर्न भनिसकेको छ । यो वर्षको अन्त्यसम्ममा सबै शान्ति सैनिक फर्किसक्ने अपेक्षा गरिएको छ । सैन्य समर्थित सरकारले केही वर्षमै हजारौंको ज्यान दिएको जिहादीहरूसँग लड्न वाग्नरको सहयोग खोजिरहेको छ । वाग्नर विद्रोहले उनीहरू केही निराश भएको बताइन्छ ।

वाग्नरको विद्रोहपछि अफ्रिकाका अभिजातहरूले रुसबारे धारणा परिवर्तन गरेका पनि हुन सक्छन् । रुसका पक्षमा बोल्ने अफ्रिकाका केही प्रभावशाली नेता पछिल्ला दिनमा मौन रहेको पोलिस इन्स्टिच्युट अफ इन्टरनेसनल अफेयर्सका जेड्जेज जेरेपको टिप्पणी छ । 'कमजोर र अक्षम देखिनेबित्तिकै रुसले आफ्नो आकर्षण गुमाउनेछ,' उनी तर्क गर्छन् । मालीजस्तै सेनाद्वारा सञ्चालित बुर्किना फासो, जसले वाग्नर सेनाको तैनाथी खोजिरहेको थियो, उसले अब रुचि नदेखाउन सक्छ ।

यसले एउटा विडम्बनालाई संकेत गर्छ, जसलाई पक्कै अफ्रिकाका पर्यवेक्षकहरूले बेवास्ता गर्नेछैनन् । पुटिनले रुसलाई अफ्रिकी नेताका लागि एउटा बलियो सहयोगीका रूपमा मात्र नभई एउटा मोडलकै रूपमा प्रस्तुत गरेका थिए । तर, विडम्बना ! अफ्रिकी नेताहरूलाई तिनका आन्तरिक शत्रुविरुद्ध मद्दत गर्न पुटिनले पठाएको त्यही समूह रुसमा विद्रोही बनेर निस्कियो । विदेशका तानाशाही र सैन्य सरकारलाई 'कु'को संरक्षण बेच्ने रुसी सत्ताका लागि यो कदापि राम्रो विज्ञापन होइन ।

- द इकोनोमिस्ट

यसरी कमजोर बन्छ लोकतन्त्र

आफ्नो कुकार्यलाई ढाकछोप गर्न सबै तानाशाहले इमानदारीको आवरण कायम राख्छन्



● क्रिस प्याटन



हालैका वर्षमा हामी सत्योत्तर (पोस्ट ट्रुथ) अनि तथ्योत्तर (पोस्ट-फ्याक्ट) युगमा बाँचिरहेका छौं भन्दा अप्रचलित सुनिन सक्छ । बेलायतमा ब्रेक्जिट जनमत संग्रह र पूर्वप्रधानमन्त्री बोरिस जोनसनको अनौठो उत्थान र पतनले सत्यको संकटलाई राजनीतिक बहसको अग्रभागमा स्थापित गऱ्यो । संयुक्त राज्य अमेरिकामा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो उथलपुथलपूर्ण कार्यकालको दौरान र राष्ट्रपतित्वपश्चात् पनि निरन्तर झुट बोलिरहे, जसले अमेरिकी लोकतन्त्रका संरचनामा अभूतपूर्व खतरा खडा गरेको छ ।

वासिंटन पोस्टका अनुसार ह्वाइट हाउसको आफ्नो चारवर्षे कार्यकालमा ट्रम्पले ३० हजार पाँच सय ७३ वटा झुट बोले । एक दिनमा उनले औसतमा २१ वटा झुटा दाबी गरे । निःसन्देह ट्रम्पले आफ्नो कार्यकाललाई एउटा सबैभन्दा भयानक झुटसहित समापन गरे- उनले सन् २०२० को चुनाव जितेको दाबी गरे । वास्तवमा, उनी जितको नजिकसमेत थिएनन् । अमेरिकी राष्ट्रपति जो बाइडनले ३०६ इलेक्टोरल कलेज मत प्राप्त गरे भने उनको लोकप्रिय मत पनि ७० लाखभन्दा बढी थियो ।

ट्रम्पको भनाइमा बाइडेनका दसौं लाख मत फर्जी थिए र राष्ट्रपति चुनावमा डेमोक्र्याटिक पार्टी र डेमोक्र्याट बहुल राज्यले ठूलो षड्यन्त्र गरी धाँधली गरियो । यो षड्यन्त्र सिद्धान्त विगत साढे दुई वर्षमा पूर्ण रूपमा खारेज भइसकेको छ । तथापि, धाँधली गरेर चुनाव जितेको भाष्य रिपब्लिकन मतदातामाझ अझै व्याप्त छ र यसले सम्भवतः ट्रम्पलाई सन् २०२४ मा नामांकनका लागि अघि सर्न मद्दत गर्नेछ । जोनसनको झुट ट्रम्पजति भयानक थिएनन् । अन्ततः उनले पनि ट्रम्पलाई भेट्टाए : कोभिड-१९ लकडाउन नियम उल्लंघन गर्नेबारे संसद्लाई गलत प्रस्तुति दिएर भ्रमित बनाउन खोज्दा उनको पतन भयो । उल्लेखनीय के भने बेलायतको संसद्ले झुटलाई विशेष रूपमा गम्भीरतापूर्वक लिन्छ । उदाहरणका लागि, संसद्मा सांसदलाई झुटो बोलेको आरोप लगाउनु अस्वीकार्य मानिन्छ, किनभने माननीयहरूले कहिल्यै यस्तो आचरण गर्दैनन् भन्ने ठानिन्छ ।

> वासिंटन पोस्टका अनुसार ह्वाइट हाउसको आफ्नो चारवर्षे कार्यकालमा ट्रम्पले ३० हजार पाँच सय ७३ वटा झुट बोले । एक दिनमा उनले औसतमा २१ वटा झुटा दाबी गरे । निःसन्देह ट्रम्पले आफ्नो कार्यकाललाई एउटा सबैभन्दा भयानक झुटसहित समापन गरे । सन् २०२० को चुनाव जितेको दाबी गरे ।

तर के इमानदारी अथवा इमानदार हुने प्रयासले अझै पनि अर्थ राख्छ ? जोनसन नै झुट बोल्ने पहिलो बेलायती राजनीतिज्ञ भने होइनन् । निःसन्देह बेलायती राजनीतिका स्वनामधन्य ठूला नेता छलकपटमा लिप्त छन् । यद्यपि, केही झुट आफ्नो फाइदाका लागि र केही सामाजिक सद्भाव कायम राख्न बोल्नु पनि पर्ने हुन सक्छ भनेर प्लेटो र सुकरातले 'पावन झुट'को अवधारण अघि सारेका छन् । उदाहरणका लागि, मुद्राको अवमूल्यन गर्नुपर्ने स्थितिमा पनि निर्माताहरूले जनआक्रोश छल्न यसलाई इन्कार गर्न सक्छन् । निःसन्देह, यस तर्कमा त्रुटि छन् । उदाहरणका लागि, सन् १९५६ मा बेलायती प्रधानमन्त्री एन्थोनी इडेनले स्वेज संकटको सम्बन्धमा बेलायत एक्लैले त्यहाँ सैन्य हस्तक्षेप गरेको कुरामा बारम्बार जोड दिँदै संसद्मा झुट बोलेका थिए । वास्तवमा, बेलायतले फ्रान्स र इजरायलसँग मिलेर इजिप्टमाथि यस असफल आक्रमणको योजना बनाएको थियो । सायद इडेनले महारानी एलिजाबेथ द्वितीयलाई पनि यस अपमानजनक पराजयबारे झुटै बताएका थिए । यी झुटले साँच्चै सार्वजनिक हित गर्छन् कि गर्दैनन् भन्नेमा चाहिँ शंका छ । त्यसको लगभग आधा शताब्दी पछि तत्कालीन प्रधानमन्त्री टोनी ब्लेयरले विनाशकारी इराक युद्धमा बेलायत प्रवेश गर्नुको कारणबारे पनि सत्यभन्दा बढी झुट नै बोले । ब्लेयर सामान्यतया निष्ठाका लागि चिनिन्छन् । पूर्वनिर्धारित योजनाअनुकूल हुने गरी वास्तविक खुफिया सूचनामा तोडमोड गरियो, जबकि उनले बेलायतले आफ्ना अमेरिकी सहयोगीलाई सहयोग गर्नु अति महत्त्वपूर्ण थियो भनेर उचित ठहऱ्याउन खोजे । यसमा केही सत्यता हुन पनि सक्छ, तर बचाउमा दिइएका तर्क निम्छरा लाग्छन् । हुन त इम्मानुएल कान्टले भनेझैं सत्य र स्वतन्त्रता अभिन्न रूपमा जोडिएका हुन्छन् । सर्वसत्तावादी वा अधिनायकवादी शासनका आचरणलाई खुला लोकतान्त्रिक समाजसँग तुलना गर्दा यो सम्बन्ध विशेषगरी स्पष्ट हुन्छ । तानाशाहीमा नेतृत्वले जे-जस्ता भाष्यले आफ्ना कार्यलाई उचित देखाउन सहयोग गर्छ जस्तो लाग्छ, त्यही भाष्य फैलाउँछन् । त्यहाँ असहमति कदापि सहृय हुँदैन । यसरी नै जोसेफ स्टालिनले सन् १९३२-३३ मा लाखौं युक्रेनीको ज्यान लिएको अनिकालको त्रासदी 'होलोडोमोर'लाई उचित ठहऱ्याउन सके । एडोल्फ हिटलरले लाखौं यहुदीहरूको हत्याको त्रासदीलाई उचित देखाउन सके । अभिव्यक्ति स्वतन्त्रता, पारदर्शिता र राजनीतिक प्रतिपक्षीको अभावमा सत्यभाषण भन्ने कुरा यी तानाशाहको कार्यसूचीमै पर्न सकेन ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा आफ्नो 'विशेष सैन्य अभियान'को सन्दर्भमा जवाफदेहिताबाट बच्न सफल हुनुपछिको एउटा कारण पनि यही हो । त्यसैगरी झुटकै सहारामा चिनियाँ राष्ट्रपति सी चिनफिङले सिन्जियाङका उइगुरहरूलाई आतंकवादी बन्नबाट रोक्न पुनः शिक्षा दिइरहेको दाबी गर्न सकेका छन् । जर्ज अर्वेलको एनिमल फार्मका शासक (सुँगुर) नेपोलियनले जस्तै सबै तानाशाहले आफ्नो कुकार्यलाई ढाकछोप गर्न इमानदारीको आवरण कायम राख्छन् ।

खुला समाजहरू प्रेस स्वतन्त्रता, सशक्त बहस र तथ्यमा आधारित नीति निर्माणमा मौलाउँछन् । उदारवादी लोकतन्त्र यो आदर्शमा सधैं खरो उत्रन नसके पनि यसरी नै चल्नुपर्छ भन्ने मान्यता राख्छन् । यो अपेक्षा उल्लंघन गर्ने नेतालाई मतदाताहरूले हटाउन सक्छन् भन्ने बुझाइ नै उदारवादी लोकतन्त्रको शक्तिको स्रोत हो ।

जब उदारवादी लोकतन्त्रहरूले आफ्ना आधारभूत मूल्यलाई नजरअन्दाज गर्छन्, तब तिनको अस्तित्वलाई बलियो बनाउने संस्थागत र बौद्धिक नियन्त्रण एवं सन्तुलनहरू अनिवार्य रूपमा भत्किन पुग्छन् । एकपटक झुट राजनीतिक विमर्शको सामान्य अंगका रूपमा स्वीकार भइसकेपछि, डेमोगग (छद्म लोकतन्त्रवादी)हरूले झुटको सहनलाई दोहन गर्न थाल्छन् । ढिलो-चाँडो अदालतहरू कमजोर हुन्छन्, विपक्षी पार्टीहरू किनाराकृत गरिन्छन् र भ्रष्टाचार बढ्दो रूपमा व्याप्त हुन्छ । अन्ततः विश्वास टुट्छ र लोकतन्त्रका तन्तु खुस्किन्छन् ।

(प्याटन हडकडका अन्तिम बेलायती गभर्नर हुन् । द हडकङ डायरिजका लेखक प्याटन अक्सफोर्ड विश्वविद्यालयका चान्सलर हुन्)

- प्रोजेक्ट सिन्डिकेट

गोली लागेर किशोरको मृत्युपछि फ्रान्सभर दंगा



पेरिस / फ्रान्समा राजधानी पेरिसनजिकै भएको ट्राफिक जाँचका क्रममा मंगलबार एक किशोरको गोली लागेर मृत्यु भएपछि फ्रान्सभरि दंगा मच्चिएको छ । गोली लागेर मृत्यु भएका १७ वर्षीय नाहेल एमको मृत्युलाई लिएर देशभर दंगा मच्चिएको हो । उनलाई गाडीबाट निस्किँदै गर्दा निकै नजिकैबाट निसाना बनाई गोली हानिएको प्राप्त विवरणमा जनाइएको छ । पीडित अल्जेरिया मूलका हुन् । उनको मृत्युले फ्रान्सको उपनगरहरूमा प्रहरीले जातीय समुदायलाई लक्षित गरी आक्रमण गर्ने गरेको गुनासोलाई पुनर्जीवित बनाएको छ । बिबिसीका अनुसार मृतक एक्लो सन्तान हुन् । रग्बी लिगका खेलाडीसमेत रहेका उनी खाना पुऱ्याउने गाडी चलाउँथे । दंगा चर्किएपछि फ्रान्सेली राष्ट्रपति इम्यानुअल म्याक्रोंले प्रदर्शनकारीले घटनाको फाइदा लिएको आरोप लगाएको छन् । उनले आफ्नो जर्मनीको भ्रमण रद्द गरेका छन् । त्यस्तै, मार्सेलीका अधिकारी सहरको प्राइड फेस्टिभल पनि रद्द गरेका छन् । हिंसा नियन्त्रणका लागि थप अधिकारी परिचालन गर्ने उनले संकेत गरेका छन् ।

भिडियो सामाजिक सञ्जालमा पोस्ट भएपछि घटनाले उग्र रूप लिएको हो । किशोरलाई गोली हानेको आरोप लागेका अधिकारीलाई जेल चलान गरिएको छ । दोषी अधिकारीले पीडितका परिवारसँग माफी मागेका छन् । किशोरको शनिबार अन्त्येष्टि गरिएको छ । अन्तिम संस्कारमा मानिसहरूको ठूलो भिड उपस्थित थियो । पीडित परिवारले सञ्चार माध्यमलाई अन्त्येष्टि स्थलमा नआउन अनुरोध गरेका थिए । प्रहरीले देशभरबाट शनिबारसम्म १३ सयजनालाई पक्राउ गरेको छ । फ्रान्सका गृहमन्त्री गेराल्ड डार्मानिनले कुनै पनि किसिमका सम्भावित रात्रिकालीन दंगा नियन्त्रण गर्न ४५ हजार प्रहरी अधिकारी तैनाथ गरिएको बताएका छन् । नाहेलको सम्झनामा निकालिएको च्याली हिंसात्मक बनेपछि नान्तेरेमा एउटा बैंकमा आगजनी भएको छ । सो घटनाको आशंकामा १५ जनालाई प्रहरीले सोधपुछका लागि नियन्त्रणमा लिएको छ । मार्सेलीमा प्रदर्शनकारीले प्रहरी अधिकारीमाथि आतिसबाजी गरेको सिएनएनले जनाएको छ । प्रदर्शनकारीले देशभर दर्जनौं कार जलाएका थिए । त्यस क्रममा २४ जना प्रहरी अधिकारी घाइते भएका थिए ।

इतिहासमा आज

जुलाई २



सन् १९३२ : अमेरिकी राष्ट्रपति फ्र्यांकलिन डी रुजवेल्टले डेमोक्रेटिक राष्ट्रपति पदको उम्मेदवारीका लागि आफ्नो भाषणमा 'नयाँ सम्झौता' शब्दको प्रयोग गरे ।

सन् १९६४ : आजकै दिन अमेरिकी तत्कालीन राष्ट्रपति लिन्डन बी जोनसनले नागरिक अधिकार ऐनमा हस्ताक्षर गरे । यो सम्भवतः पुनर्निर्माणपछिको नागरिक अधिकारसम्बन्धी सबैभन्दा महत्त्वपूर्ण अमेरिकी कानुन हो ।

सन् १९७६ : उत्तरी र दक्षिणी भियतनाम आधिकारिक रूपमा पुनर्मिलन भएका थिए ।

सन् १९९० : साउदी अरेबियाको मक्कास्थित एउटा सुरुङमा भएको भागदौडमा एक हजार ४२६ जनाको मृत्यु ।

सन् १९६१ : विश्व प्रख्यात उपन्यासकार अर्नेस्ट हेमिंगवेको निधन । उनले आफ्नो केचुमस्थित निवासमा आत्महत्या गरेका थिए । द वर्ल्ड मेन एन्ड दि सी उनको प्रख्यात उपन्यास हो ।

मलेसियामा श्रम सम्भावना

मलेसियामा कामको सम्भावना धेरै छ, तर श्रमिकको जोखिम न्यूनीकरणमा सरकारले ध्यान दिनुपर्छ



अर्थ संवाद

● केशु थापा
अध्यक्ष, सामाजिक कल्याण संघ
जनउद्धार केन्द्र, मलेसिया

मलेसियामा धेरै खालका समस्या छन् । कतिपय समस्या श्रमिकको कमजोरीकै कारणले सिर्जना भएका हुन्छन् । केही समस्या रोजगारदाता अनि केही समस्या भनेको नेपाल सरकारले कूटनीतिक पहल कमजोर हुँदा श्रमिकले सास्ती भोग्नुपर्छ ।

नेपाली श्रमिकका मुख्य समस्यामध्ये काम गर्न नसक्ने पनि एक हो । नेपाली युवा नेपालमा हुँदा खासै काम गरेका हुँदैनन् । यदि काम गर्ने रहेछन् भने पनि दुई-चार घन्टा काम गरेका हुन्छन् । काम नगरेका युवा मलेसिया आएपछि एकैपटक १०-१५ घन्टासम्म कामको पेलानमा पर्छन् । अझ स्पष्ट भन्नुपर्दा नेपालको काम गर्ने कल्चर र मलेसियाको काम गर्ने कल्चर फरक छ, जुन युवाले अनुमान गरेका हुदैनन् । यहाँ आएर काम गर्नुपर्दा उनीहरू बिरामी हुने, मानसिक रूपमा कमजोर हुनेलगायतका समस्यामा पर्छन् ।

त्यस्तै, मलेसियामा रोजगादाताले आप्रवासी कामदार भर्ना गर्दा धेरै पैसा सरकारलाई भुक्तानी गरेको हुन्छ । एउटा श्रमिक भाग्यो भने पनि उसलाई धेरै घाटा हुन्छ । पहिलो त उसको उत्पादन घट्छ । अर्को भनेको उसले गरेको लगानी डुब्छ । फेरि नयाँ प्रक्रियाबाट अर्को श्रमिक भर्ना गर्नुपर्छ । त्यसैले रोजगारदाताले आफ्नो सुरक्षाका लागि श्रमिकको कागजपत्र जफत गरिदिन्छन् । तर, यो श्रम ऐनको विरुद्ध हो । यसरी कागजपत्र नहुँदा श्रमिक आफूखुसी कहीँ जान पाउँदैनन् । कतिपय रोजगारदाताले श्रम सम्झौता सकिएपछि पनि कागजपत्र दिँदैनन्, जसका कारण जति दुःख, समस्या परे पनि सोही कम्पनीमा काम गर्नुपर्ने हुन्छ । यसरी कागजपत्र नभएका श्रमिकलाई गस्तीका प्रहरीले धेरै दुःख दिन्छन् ।

धेरै नेपाली श्रमिक हृयदाघात भएर मृत्यु हुने, सुतेकोसुत्यै हुने, अनि सडक दुर्घटनामा पर्ने हुन्छन् । यसमा श्रमिक र नेपाल सरकारको दोष छ । मलेसियाको हावापानी तातो छ । श्रमिकहरू दिनरात गर्मीमा काम गर्छन्, अनि कोठामा पुगेर कमसल खालका रक्सी खाइदिन्छन् । कति श्रमिकले खाना नखाने, तर रक्सी, कोकजस्ता पेयपदार्थ खाइदिन्छन् । जसले गर्दा उनीहरूको स्वास्थ्यमा असर पर्छ । कोही हृदयाघातको सिकार हुन्छन्, कोही सुतेकोसुत्यै हुन्छन् । त्यस्तै, बिदाको दिनमा रक्सी खाएर सडक नियमविपरीत बाटो काट्ने, बाटो-बाटो हिँडिदिन्छन् । अनि सडक दुर्घटनाको सिकार हुन्छन् ।

अर्को, अहिलेको मुख्य समस्या भनेको समाजिक सञ्जाल हो । यो समस्या मलेसियामा मात्रै हैन, अन्य मुलुकको समस्या पनि होला । अहिले वैदेशिक रोजगारीमा आउने महिला वा पुरुषले आत्महत्या गर्ने ट्रेन्ड बढेको छ । यसको मुख्य कारण भनेको प्रविधिको दुरुपयोग हो । अहिले सबैको हातमा मोबाइल छ । इन्टरनेटको सुविधा छ । त्यसैले श्रमिकहरू पनि सामाजिक सञ्जालमा झन् बढी सक्रिय छन् । आफ्नो परिवार छोडेर आएका श्रमिकहरू मन भुलाउन पनि सामाजिक सञ्जालको प्रयोग गर्छन् । तर, बिस्तारै यसको लत बस्छ । सामाजिक सञ्जालमा बनेका साथीभाइसँग उनीहरूको उठबस बढ्न थाल्छ । धेरै मलेसिया आउने महिला र पुरुष लिभिङ टुगेदरमा बस्छन् । उता, नेपालमा श्रीमती, छोराछोरी भएका महिला र पुरुष पनि यहाँ अविवाहित हो भन्दै सँगै बस्छन् । जसको परिणाम दुःखद हुन्छ ।

मलेसियामा भएको सम्बन्धको बारेमा नेपालको परिवारले थाहा पाएपछि त्यो प्रेसर सहन नसकेर आत्महत्या गर्छन् । कसैले सम्बन्ध छोड्न नसकेपछि आत्महत्या गर्छन् । कसैले सँगै बसेको समयको फोटो र कुराकानी रेकर्ड गरी पछि एक-अर्कालाई ब्ल्याकमेलिङ गर्छन् । यो सहन नसकेर कतिले आत्महत्या गर्छन् भने कतिपय युवा मानसिक बिरामी हुन्छन् ।

नेपालीलाई मलेसियामा श्रमको सम्भावना : काम गर्न सक्ने नेपाली श्रमिकका लागि पैसा कमाउन युरोप जानुपर्ने आवश्यकता छैन । मलेसियामा नै अनेकौं सम्भावना छन् । यहाँ धेरै बहुराष्ट्रिय कम्पनीहरू छन् । कोभिडपछि नयाँ-नयाँ कम्पनी खुलिरहेका छन् । आप्रवासी कामदारमध्ये नेपालीलाई मलेसियन सरकार र नागरिकले रुचाउँछन् पनि । मलेसियाले नेपालसँग शून्य लागतमा श्रम सम्झौता पनि गरेको छ ।



यदि नेपाल सरकारले शून्य लागतलाई नै जोड दिने हो भने धेरै नेपाली श्रमिक विनालगानी मलेसिया आइपुग्छन् । शून्य लागतमा आएका श्रमिकलाई ऋण तिर्नकै लागि भनेर जबरजस्ती काम गर्नुपर्दैन । अनि लुकेर भागेर पनि बस्नुपर्दैन । तर, नेपाल सरकारको नीति नै कमजोर छ । शून्य लागतको सम्झौता भएको छ । तर, नेपाली श्रमिक दुई-तीन लाख भुक्तानी गरेर रोजगारीमा आएका छन् । त्यो पनि मिटरब्याजमा लिएको ऋण । त्यही ऋण तिर्नका लागि पनि उनीहरू रोजगारदाताको बन्धक बन्न पुग्छन् । श्रमिकको यो कमजोरी रोजगारदातालाई पनि थाहा छ ।

यसको अर्को असर भनेको नेपाली श्रमिक मलेसिया आएपछि कसरी हुन्छ छिटो धेरै पैसा कमाउ भन्ने प्रलोभनमा फस्छन् । कतिपय श्रमिकले सातामा चार दिन आफ्नो कम्पनीमा काम गर्छन्, अरू दिन अरू कम्पनीमा गएर काम गरिदिन्छन् । यहाँ फेरि जुन कम्पनीका लागि भिसा लगाएर आएको छ, सो कम्पनीबाहेक अन्यत्र काम गर्न पाइँदैन । तर, नेपाली श्रमिक भने साथीभाइसँग भेटघाट गर्छन्, अनि यताउता बुझ्छन् । आफू आएको कम्पनीभन्दा अन्त धेरै पैसा पाइने रहेछ भन्ने थाहा पाएपछि आफ्नो कम्पनी छोडेर भागी पनि दिन्छन् । यसरी भाग्दा कति जोखिम हुन्छ भन्ने कुराको अन्दाज पनि गर्दैनन् । अनि सधैंका लागि गैरकानुनी भएर लुकेर बस्नुपर्ने हुन्छ ।

श्रमिकमाथि ज्यादती : कुनै पनि कम्पनीमा धेरै तह हुन्छ । अनि ती विभिन्न तहमा पनि फरक-फरक मुलुकका श्रमिक हुन्छन् । कहिलेकाहीं निश्चित व्यक्तिको प्रवृत्तिका कारण पनि प्रेसर क्रिएट हुन्छ । यसरी विभिन्न तहबाट सिर्जना भएको प्रेसरलाई नेपाली श्रमिकले थेग्न सक्दैनन् । नेपालीको सहन गर्ने क्षमता हुँदैन । काममा इमानदारिता भने हुन्छ । तर, सहेर बस्न सक्ने भने हुँदैन । केही बस्छन्, तर धेरै श्रमिक यस्तो प्रेसर सहन नसकेर पनि भाग्छन् । अन्य मुलुकमा श्रमिकको अवस्था भनै सिरियस छ । कम्पनीले विनाकारण यस्तो खालको टर्चर दियो भने नेपाली

> नेपाली युवाले विदेशमा बसेर रेमिट्यान्स पठाउँछन् । सरकार रातदिन त्यही गनेर बस्छ । तर, युवालाई मुलुकभित्रै थेग्ने वातावरण बनाउनेतिर सोच्दैन ।

श्रमिकले कानुनी उपचार अपनाउनुपर्छ । तर, धेरैलाई त्यस विषयमा जानकारी छैन । मलेसियामा श्रम कोर्ट छ । कम्पनीले विनाकारण निकालेमा, पारिश्रमिक नदिएमा, बन्धक बनाएर, ज्यादती गरे उजुरी दिन पाइन्छ ।

सरकारले गर्नुपर्ने काम : कुनै पनि मानिस आफ्नो घरपरिवार बालबच्चा, आमाबाबु छोडेर परदेशमा जान चाहँदैन । यो वास्तविकता हो । कुनै न कुनै कारणले परदेसिएका हुन्छन् । नेपाली युवालाई विदेशमा बस्न बाध्य बनाउने भनेको पनि नेपाल सरकार नै हो ।

एकपटक विदेश आएको युवा नेपाल गएर बस्न सक्दैन । बरु ऊ विदेश नै फर्केर केही व्यवसाय गर्छ, तर नेपाल बस्न सक्दैन । कारण नेपालको कर्मचारीतन्त्र हो । नेपालमा कसैले केही गर्न खोज्यो भने सरकार आफैंले भाँजो हाल्छ । युवालाई काम गर्न प्रेरित गर्नुको साटो मुलुक छाड्न बाध्य बनाउँछ ।

नेपाली युवाले विदेशमा बसेर रेमिट्यान्स पठाउँछन् । सरकार रातदिन त्यही रेमिट्यान्स गनेर बस्छ, तर युवालाई मुलुकभित्रै थेग्ने वातावरण बनाउन भने सोच्दैन । यहाँसम्म कि रेमिट्यान्स पठाउने युवाका लागि पनि कुनै सुविधा दिँदैन । तसर्थ, यदि नेपाली युवालाई मुलुकमा नै रोक्ने हो भने सरकार आफू सुध्रनुपर्छ । राजनीतिक नेताहरू पदमोहलाई त्यागेर सिंगो मुलुकको हितका लागि काम गर्न थाल्नुपर्छ । शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितता गरिनुपर्छ । विदेशबाट कमाएर ल्याएको पैसा नेपालमा नै लगानी गर्छु भन्ने युवालाई काम गर्ने र लगानी सुरक्षित हुने वातावरण सिर्जना गर्नुपर्छ । विदेशबाट फर्केका युवालाई अनुदान तथा छुटको सुविधा दिनुपर्छ । उनीहरूले विदेशमा सिकेको सीपअनुसारको रोजगारी वा उद्यमी बन्नका लागि सरकारले रणनीति बनाउनुपर्छ ।

श्रमिकलाई जोखिममुक्त बनाउन के गर्ने ? : नेपाली श्रमिकलाई जोखिममुक्त बनाउने हो भने सरकारले सबैभन्दा पहिला श्रमिकका लागि अनिवार्य गरेको पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउनुपर्छ । श्रमिकलाई तालिम दिएर मात्रै विदेश पठाउनुपर्छ । तालिममा बस्ने श्रमिकले आफू जाने मुलुकको बारेमा धेरै जानकारी पाउँछ । जसका कारण ऊ पहिला नै सचेत बन्छ र जोखिमबाट बच्न सक्छ ।

अर्को काम भनेको सरकारले दूतावासको क्षमता बढाउनुपर्छ । मलेसियामा काम गर्ने नेपाली श्रमिकको तुलनामा दूतावासको क्षमता धेरै कम छ । थोरै कर्मचारीले काम गर्न नै भ्याउँदैनन् । त्यसैले रेमिट्यान्स संवाहक श्रमिकले जोखिममा नपरून्, अझ बढी रेमिट्यान्स भित्राउन सकून् भन्ने हो भने सरकारले श्रमिकको हितका लागि काम गर्नैपर्छ । श्रमिक जोखिममुक्त बने भने नै काम गर्ने हुन् । काम गरे भने नै रेमिट्यान्स पठाउने हुन् ।

एलन मस्क : भिडियो गेमदेखि टेस्ला र स्पेस-एक्ससम्म

१२ वर्षको उमेरदेखि आविष्कार थालेका मस्कले अटोमोबाइल सेक्टरदेखि फाइनान्स र स्पेस सेक्टरमा परिवर्तन ल्याएका छन्



बुधबार ५२ वर्ष पुगेका मस्कको इच्छा छ- सन् २०२९ सम्म मानिसलाई मंगल ग्रहमा लगेर बस्ती बसाउने । यसैगरी, स्पेससिपले विश्वको जुनसुकै कुनाबाट पनि मानिसलाई एक घन्टामा पुऱ्याउने दाबी गरिएको छ ।

विश्वका धनाढ्य, टेस्ला, स्पेस-एक्स, ट्विटरका मालिक एलन मस्कलाई नचिन्ने सायदै कम छन् । १२ वर्षको उमेरदेखि नै आविष्कार गर्न थालेका मस्कले अटोमोबाइल सेक्टरदेखि फाइनान्स र स्पेस सेक्टरमा ठूलो परिवर्तन ल्याएका छन् । यतिमै उनको सपना पूरा भएको छैन । उनको खास सपना त मंगल ग्रहमा बस्ती बसाल्नु छ । यही सपना पछ्याउँदै उनी अगाडि बढेका छन् । गत बुधबार ५२ वर्ष पुगेका उनका तीन ठूला आविष्कारबारे यहाँ चर्चा गरिएको छ :

■ टेस्ला : नवीकरणीय ऊर्जा उद्योगको 'गेम चेन्जिङ' कम्पनी

टेस्ला इंक अत्याधुनिक प्रविधिसहित नवीकरणीय ऊर्जा उद्योगमा गेम चेन्जिङ कम्पनी हो । यो कम्पनीले विद्युतीय सवारीसाधनदेखि ब्याट्री टेक्नोलोजी, सोलार इनर्जी र इनर्जी स्टोरेजजस्ता कैयौं प्रडक्ट बनाएको छ, जसले विश्वलाई दीर्घकालीन भविष्यतिर लगेको वैज्ञानिकहरू बताउँछन् । सन् २००३ मा स्थापना भएको यो कम्पनीको मार्केट क्याप आठ खर्ब २० अर्ब डलरभन्दा बढी छ ।

■ स्पेस-एक्स : रियुजेबल रकेटमार्फत स्पेस सेक्टरमा परिवर्तन

सन् २००२ मा मस्कले स्पेस-एक्स कम्पनी स्थापना गरे । ३१ मे २०२० अर्थात् स्थापनाको १८ वर्षपछि यो कम्पनीले विश्वकै पहिलो प्राइभेट ह्युमन मिसन लन्च गरेर इहिास रच्यो । यो मिसनअन्तर्गत दुई एस्ट्रोनट रोबर्ट बेहेनकेन र डगलस हर्ले स्पेस गए । ६३ दिन अन्तरिक्षमा बसेपछि पृथ्वीमा फर्किएका थिए । मस्कको कम्पनीले रियुजेबल रकेट टेक्नोलोजी विकास गरी स्याटेलाइट लन्च र अन्य स्पेस मिसनलाई सस्तो पनि बनाए ।

■ पेपल

सन् १९९८ मा पिटर थिएलल र अन्य तीनजना साथीले कन्फिनिटी नामक कम्पनी बनाउँदा पेपलको सुरुवात भएको थियो । कन्फिनिटीको ट्याबलेटजस्तो देखिने डिभाइसमार्फत प्रयोगकर्ताले पैसाको कारोबार गर्न सक्थे । पछि सन् २००० मा मस्कले आफ्नो अनलाइन बैंकिङ कम्पनी एक्स डटकमसँग मर्ज गरी पेपल नामकरण गरे । ई-बेले सन् २००२ मा पेपललाई १.५ अर्ब डलरमा खरिद गऱ्यो ।

> १० वर्षकै उमेरमा कम्प्युटर प्रोग्रामिङ सिकेर १२ वर्ष हुँदा 'ब्लास्टर' नामक भिडियो गेम बनाए । त्यतिवेला स्थानीय म्यागेजिनले ५०० डलरमा किनेको थियो ।

यी त भए मस्कले आविष्कार गरेका चिज । यीबाहेक केही चिजमा उनले अहिले पनि काम गरिरहेका छन् ।

■ स्टारसिप टु मंगल ग्रह

अप्रिलमा मस्कले सर्वशक्तिशाली रकेट स्टारसिपको परीक्षण गरे । यो लन्च यसकारण महत्त्वपूर्ण थियो कि स्पेससिपले नै मानिसलाई इन्टरप्लेनेटरी बनाउँछ । अर्थात्, यसको सहयोगले पहिलोपटक कुनै मानिस पृथ्वीभन्दा पर अर्कै ग्रहमा पाइला राख्छ । यद्यपि, स्टारसिप लिफ्ट अफको चार मिनेटपछि गल्फ अफ म्याक्सिकोको ३० किमिमाथि विस्फोट भयो ।

लन्च असफल भएपछि पनि स्पेस-एक्स हेडक्वार्टरमा कर्मचारी खुसी मनाउन थाले । कारण, रकेट लन्चप्याडबाट उड्नु नै ठूलो सफलता थियो । अहिले मस्कले स्टारसिपको आगामी परीक्षणबारे काम गर्दै छन् । उनी सन् २०२९ सम्म मानिसलाई मंगल ग्रहमा लगेर बस्ती बसाउन चाहन्छन् । यसैगरी, स्पेससिपले विश्वको जुनसुकै कुनामा पनि मानिसलाई एक घन्टामा पुऱ्याउने मस्कको दाबी छ ।

■ न्युरोलिंक

न्युरोलिंक मस्कको ब्रेन-चिप कम्पनी हो । न्युरोलिंकले सिक्काको आकारमा एउटा डिभाइस बनाएको छ, जसलाई लिंक नाम दिइएको छ । यो डिभाइस कम्प्युटर, मोबाइल फोन या कुनै अन्य उपकरणलाई ब्रेन-एक्टिभिटीले सीधै नियन्त्रण गर्न सक्छ । अर्थात्, प्यारालाइसिसका बिरामीले मस्तिष्कमा चिप लगाएपछि उसले सोचेर मात्रै माउसको कर्सर मुभ गर्न सक्छन् । यसलाई लिएर मस्कको दाबी छ- दृष्टिविहीनले पनि देख्न सक्छन् । प्यारालाइसिसका बिरामीले सोचेर कम्प्युटर अपरेट गर्न सक्छन् । उनले जुन टेक्नोलोजीमार्फत चिप बनाइरहेका छन्, त्यसलाई ब्रेन कम्प्युटर इन्टरफेस (बिसिआई) भनिन्छ ।

एक महिनाअघि न्युरोलिंकलाई ह्युमन ट्रायल (मानव परीक्षण) गर्न अमेरिकाको फुड एन्ड ड्रग एडमिनिस्ट्रेसनले स्वीकृति पनि दिएको छ ।

■ मस्कको नेटवर्थ र बाल्यकाल

सन् २०२० को सुरुवातमा मस्को कुल नेटवर्थ (सम्पत्ति) ३० अर्ब डलर थियो । वर्षान्तसम्म बढेर १६७ अर्ब डलर पुग्यो । त्यही वर्ष टेस्लाको सेयर ६५ प्रतिशत बढेको थियो । टेस्लामा उनको २० प्रतिशत स्वामित्व थियो । तर, अहिले उनको १३.४ प्रतिशत मात्रै स्वामित्व छ भने नेटवर्थ २१९ अर्ब डलर छ ।

■ साउथ अफ्रिकामा जन्म

२८ जुन १९७१ मा दक्षिण अफ्रिकामा मस्कको जन्म भएको हो । उनको हुर्काइबढाइ प्रिटोरियामा भयो । उनकी आमा क्यानडामा जन्मिएकी दक्षिण अफ्रिकी मोडल हुन्, जो सन् १९६९ मा सी साउथ अफ्रिका प्रतियोगितामा फाइनलिस्ट थिइन् । मस्कका बुबाआमा १९८० मा अलग भए । १९९५ मा पेन्सेल्भेनिया युनिभर्सिटीबाट फिजिक्स र बिजनेसमा ब्याचलर्स गरेका मस्क स्ट्यानफोर्ड युनिभर्सिटीमा फिजिक्स पिएचडी कार्यक्रमका ड्रपआउट हुन् ।

मस्कले सन् २००० मा क्यानेडेली अथर जस्टिन विल्सनसँग विवाह गरे । २००८ सम्म सँगै बसे । पछि २०१० मा मस्कले अभिनेत्री तलुलाह रिलेसँग विवाह गरे । यो विवाह पनि धेरै समयसम्म टिकेन । टिक्यो त केवल २०१६ सम्म । विल्सनपट्टिबाट ६ सन्तान र पूर्वप्रेमिका गायिका ग्रिम्सबाट दुई सन्तान छन् ।

■ १२ वर्षकै उमेरमा भिडियो गेम बनाएर बेचे

मस्क सानैदेखि बहुप्रतिभाशाली हुन् भन्ने कुरा यहाँसम्म आइपुग्दा प्रमाणित भएको छ । त्यसो त १० वर्षकै उमेरमा उनले कम्प्युटर प्रोग्रामिङ सिकेर १२ वर्षको हुँदा 'ब्लास्टर' नामक भिडियो गेम बनाए । त्यतिवेला स्थानीय म्यागेजिनले ५०० डलरमा किन्यो । यो नै मस्कको पहिलो व्यापारिक उपलब्धि हो । यस्तै, सन् १९९५ मा उनले वेब सफ्टवेयर कम्पनी जिप-टु बनाएका थिए । कम्पेकले सन् १९९९ मा ३० करोड ७० लाख डलरमा खरिद गऱ्यो । यो डिलबाट मस्कलाई कम्पनीमा ७ प्रतिशतको सेयरको साटो दुई करोड २० लाख डलर प्राप्त भएको थियो । यहींबाट मस्कको बिजनेसको खास सुरुवात भएको मानिन्छ ।

■ टाट पल्टिन लागेको थियो टेस्ला, मस्कले गरे उद्धार

सन् २००८ मा यस्तो पनि समय आयो कि टेस्ला टाट पल्टिने अवस्थामा पुग्यो । स्पेस-एक्समा पनि यस्तै भएको थियो । यद्यपि, मस्कले कम्पनीलाई खराब अवस्थाबाट आजको अत्यधिक सफल कम्पनी बनाएका छन् । मस्क माथि उल्लेखित कम्पनीबाहेक ट्विटरका मालिक पनि हुन् ।

अर्थ विश्व

३० खर्ब डलर मार्केट क्याप भएको पहिलो कम्पनी बन्यो एप्पल



अमेरिकन बहुराष्ट्रिय टेक्नोलोजी कम्पनी एप्पलको सेयरले नयाँ रेकर्ड बनाएको छ । ३० जुनमा एप्पलको सेयर ४.३८ अर्ब डलर (२.३१ प्रतिशत) बढेर १९३.९७ डलर पुगेको हो । यो सेयरमूल्य एप्पलको अहिलेसम्मकै सर्वाधिक उच्च हो । यस्तै, एप्पलको मार्केट क्याप पनि ३० खर्ब डलरभन्दा बढी पुगेको छ । योसँगै ३० खर्ब डलरको आँकडा पार गर्ने एप्पल विश्वको पहिलो कम्पनी बनेको छ । यसका साथै कारोबार समयमा एप्पलको सेयर १९४.४८ डलर पुगेको थियो, जुन अहिलेसम्मकै उच्च हो ।

एप्पललाई पछ्याउँदै माइक्रोसफ्ट : एप्पलपछि माइक्रोसफ्टको मार्केट क्याप उच्च छ । माइक्रोसफ्टको मार्केट क्याप २० खर्ब ५० अर्ब डलर छ । यसैगरी, अल्फाबेट, अमेजन र निभिदाको मार्केट क्याप १५ खर्ब ३० अर्ब डलरभन्दा माथि छ ।

सेयर किन भयो उच्च ? : विश्वकै महँगो कम्पनी एप्पलको सेयरमा आएको वृद्धि वाल स्ट्रिटका कैयौं दिग्गज कम्पनीको बलियो रिबाउन्डपछि देखिएको हो । अब केन्द्रीय बैंकले अमेरिकाको ब्याजदर घटाउन सक्ने र एआई (कृत्रिम बौद्धिकता)को भविष्य राम्रो हुन सक्ने विश्लेषकले विश्लेषण गर्न थालेका छन् । यही कारणले पनि सेयरको मूल्यवृद्धि भएको बताइएको छ ।

यो वर्षमै ५५ प्रतिशतले वृद्धि : सन् २०२३ (हालसम्म) मा एप्पलको सेयरमा ५५ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ । यही अवधिमा निभिडाको सेयर १९५ प्रतिशतले बढेर १० खर्ब डलरको स्टक मार्केट भ्यालु पार गर्ने पहिलो चिपनिर्माता कम्पनी बनेको छ । यही वर्ष टेस्लाको १४२ प्रतिशत र मेटाको सेयर १३० प्रतिशभन्दा बढीले बढेको छ । यस्तै, माइक्रोसफ्टको सेयरमा ४२.१४ प्रतिशको वृद्धि भएको छ ।

५ जुनमा एप्पलले आफ्नो महत्त्वाकांक्षी तथा महँगो मिक्स्ड रियालिटी हेडसेट एप्पल भिजन प्रो लन्च गरेको थियो । त्यसपछि एप्पलको सेयरमा निरन्तर वृद्धि देखिएको छ । एप्पलको त्रैमासिक रिपोर्टमा आय र नाफामा कमी आएको उल्लेख छ । यद्यपि, यो परिणाम विश्लेषकको अनुमानभन्दा राम्रो रहेको बताएको छ ।

अंक र अर्थ

प्रदेशहरूले सवारीसाधन मर्मत तथा सञ्चालनमा गरेको खर्च (रु. लाखमा)

प्रदेश	०७८/७९	०७९/८० (संशोधित अनुमान)	०८०/८१ (आगामी बजेट)
कोसी	२२५४	२४७०	३५७८
मधेस	१६३१	२०६०	२५८३
बागमती	१८९६	२७६९	२९४७
गण्डकी	१६९७	२१३९	२०१८
लुम्बिनी	१७००	१८३७	२१९५
कर्णाली	१२३६	१४७३	१५६८
सुदूरपश्चिम	१४९९	१७५३	१८३०
सबै प्रदेशको	११९१३	१४५०१	१६७१९

स्रोत : सातै प्रदेशको बजेट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १७ असार ०८०

भन्सारमै थन्किए साढे ३१ सय गाडी

अर्बौं मूल्यका गाडी यार्डमा थन्किँदा राजस्वमा असर, कोभिडअगाडिदेखिका गाडी जाँचपास हुन सकेनन्

नवीन अर्याल/नयाँ पत्रिका

चर्को ब्याजदर, कर्जा प्रवाहमा कडाइ एवं आर्थिक मन्दीका कारण अटोमोबाइल व्यवसाय संकटमा परेको छ। बजारमा खरिदकर्ता नभेटिँदा बिक्रीका लागि ल्याइएका साढे ३१ सय गाडी वीरगन्ज र भैरहवा भन्सारपरिसरमा असरल्ल राखिएका छन्। यार्डहरूमा कोभिडअघिदेखि ल्याइएका अर्बौं मूल्यका साना-ठूला गाडीहरू अलपत्र अवस्थामा रहेको इन्टरमोडल यातायात विकास समितिले जनाएको छ।

वीरगन्ज आइसिपीमा साना-ठूला १७ सय २८ र वीरगन्जकै सुक्खा बन्दरगाहमा ३५ गाडी थन्किएका छन्। रुपन्देहीको बेलहियास्थित भैरहवा भन्सारमा १३ सय ७७ गाडी पार्किङ गरेर राखिएका छन्। गाडी आयातकर्ता कम्पनीले भन्सार जाँचपास गर्न नसकेर यार्डमा असरल्ल राखेको हो। मन्दीका कारण दुईपाङ्ग्रे मोटरसाइकल, चारपाङ्ग्रे प्यासेन्जर कारदेखि ठूला कमर्सियल गाडीसम्मको बिक्री स्वात्तै घटेको व्यवसायीको गुनासो छ। डेढ वर्षयता कमर्सियल गाडीको बिक्री करिब ८० प्रतिशतले गिरावट आएको नाडा अटोमोबाइल एसोसिएसनका अध्यक्ष ध्रुव थापाले बताए।

वीरगन्ज आइसिपीको गेटबाटै नयाँ गाडीहरूको लस्कर सुरु हुन्छ। पार्किङ गरिएका कमर्सियल गाडी र यिनका च्यासिसहरू हेर्दै अगाडि बढ्दा प्यासेन्जर कारहरू राखिएका ठाउँमा ३० लाख रेन्जको हुन्डाई ग्रान्ड आइटेनदेखि साढे तीन करोडसम्म पर्ने टायोटा ल्यान्डक्रुजसम्म देखिन्छन्। खासगरी, यार्डमा कमर्सियल गाडी, ट्रक, टिपर, पिकअप र यिनका चेसिसको लस्कर छ। 'अटो कर्जाको जोखिमभार बढाएर १५० प्रतिशत पुऱ्याइएको छ, जसले गर्दा बैंकले अटोमोबाइलमा कर्जा प्रवाह गरेका छैनन् र बिक्री पनि ठप्प छ,' नाडा अध्यक्ष थापाले भने, 'आगामी मौद्रिक नीतिमार्फत कर्जाको जोखिमभार कम्तीमा १०० प्रतिशतमा झारिनुपर्छ।'

कोभिडअगाडिदेखिका गाडीहरू जाँचपास हुन नसकेको वीरगन्ज आइसिपी सञ्चालक कम्पनी टिआरएस हिमालयन लोजीपार्कका प्रशासकीय अधिकृत तर्कराज जोशीले बताए। वैशाख र १५ जेठसम्म विभिन्न नाकाबाट करिब १४ सय इलेक्ट्रिक कार भन्सार जाँचपास भई भित्रिएका थिए। बजेटमा महँगा विद्युतीय गाडीको भन्सार र अन्तःशुल्क घटेपछि टेस्ला, आयोनिक फाइभजस्ता महँगो मूल्यका केही थान विद्युतीय कारहरू भन्सार जाँचपास भएर भित्रिए। तर, अर्थतन्त्रमा देखिएको मन्दीका कारण ठूलो संख्यामा गाडीहरू यार्डमै थन्किँदा राजस्व संकलनमा ठूलो असर परेको छ। गाडीको बिक्री ठप्प भएपछि भन्सारमै पार्किङ गरेर राख्नुपरेको टाटा मोटर्सको नेपाली विक्रेता सिप्रदी ट्रेडिङ प्रालिका सिइओ राजनबाबु श्रेष्ठले बताए।

चालू आर्थिक वर्षको जेठ मसान्तसम्म वीरगन्ज आइसिपीमा सवारीसाधन जाँचपासबाट १० अर्ब ४७ करोड राजस्व उठेको छ। यो गत वर्षको सोही अवधिको तुलनामा करिब २५ अर्बले कम हो। गत आवको जेठ मसान्तसम्म ३५ अर्ब ४१ करोड राजस्व संकलन भइसकेको थियो। नेपालमा सबैभन्दा बढी राजस्व सवारीसाधन र पेट्रोलियम पदार्थमा उठ्ने गर्छ। तर, मन्दीका कारण गाडी र पेट्रोलियम पदार्थको आयात नै घट्दा राजस्व संकलनको लक्ष्य भेट्टाउन नसकेको वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले बताए। 'आइसिपीमा रहेका गाडीहरू जाँचपास भए राजस्व पनि बढ्ने थियो, तर अहिलेकै अवस्थामा आयातकर्ताले गाडीहरू जाँचपास गरेर लैजाने सम्भावना कम देखिन्छ,' उनले भने, 'नयाँ सवारीसाधनले यार्ड पूरै भरिभराउ छ, अब आयात हुने सवारीसाधन राख्ने ठाउँ छैन।'

भन्सारपरिसरको पार्किङमा ट्रक, टिपर, टेलर र यिनका चेसिस सबैभन्दा धेरै देखिन्छन्। वीरगन्ज र भैरहवा दुवै ठाउँमा सबैभन्दा धेरै कमर्सियल भेहिकल रोकिएका छन्, जसमध्ये अधिकांश टाटा कम्पनीका हुन्। टाटाका टिपर, टेलर, ट्रक, ट्यांकर, पिकअप गाडी र यिनका चेसिस भन्सारपरिसरमा जतातै देखिन्छन्। '२०२१ डिसेम्बरयता गाडी बिक्री ठप्प छ, एकातिर कर्जा प्रवाहमा कडाइ गरिएको छ, अर्कोतिर सरकारले विकास बजेट खर्च गर्न सकेको छैन,' सिप्रदीका सिइओ श्रेष्ठले भने, 'टिपर र ट्रकको प्रयोग निर्माण र खानी क्षेत्रमा बढी हुने हो, तर पछिल्लो समय निर्माण क्षेत्र सुस्त छ, सिमेन्ट र डन्डी बिक्री हुनै छाडिसक्यो, यस्तो अवस्थामा गाडी बिक्री हुने कुरै भएन।'

भन्सारसम्म आइपुगेका गाडी जाँचपास गरेर ल्याउन आयातकर्ता कम्पनीले भन्सार महसुल तिर्नुपर्ने हुन्छ। तर, अहिले बिक्री ठप्प हुँदा भन्सार तिरेर गाडी ल्याउने अवस्था नरहेको व्यवसायीहरू बताउँछन्। गाडी खरिद गर्ने ग्राहक पाइनै छाडेपछि आयातकर्ताले सवारीसाधन जाँचपास नगरी यार्डमै थन्क्याएका हुन्। यार्डमा पार्किङ गरिएका गाडीहरूले नै बजार मागमा मन्दीले पारेको असर देखाउने वीरगन्जका प्रमुख भन्सार प्रशासक पन्थीले बताए। गाडीको भन्सार जाँचपास नहुँदा राजस्व संकलनमा पनि चरम दबाब परिरहेको उनको भनाइ छ। पछिल्लो समय बैंकको चर्को ब्याज र महँगीले आर्थिक गतिविधि सुस्ताएका छन्, जसले गर्दा बजारमा कमी आएको छ।

भन्सारमा इलेक्ट्रिक गाडीहरू त्यति देखिँदैनन्। वीरगन्ज आइसिपीमा हुन्डाईको इलेक्ट्रोनिक गाडी 'आयोनिक फाइभ' केही संख्यामा देखिन्छन्। पछिल्लो समय इलेक्ट्रिक गाडीको माग बढ्दो ट्रेन्डमा रहेकाले भन्सारमा आइपुगेका गाडीहरू जाँचपास भइरहेका छन्। इलेक्ट्रिक गाडीमा बैंक तथा वित्तीय संस्थाहरूले पनि सहज लगानी गर्न थालेका छन्।

चालू आवको जेठ मसान्तसम्म पेट्रोल र डिजेलबाट चल्ने मोटरसाइकल, स्कुटर, कार, जिप, भ्यान, पिकअप, ट्रक, टिपर, ट्यांकर, बस तथा यिनका चेसिसहरूको आयात र राजस्व संकलन घट्दा इलेक्ट्रिक कार, जिप र भ्यानको जाँचपास भने बढेको वीरगन्ज आइसिपीको तथ्यांकले देखाउँछ। ११ महिनाको अवधिमा आइसिपीले इलेक्ट्रिक गाडीबाट ३० करोड ८९ लाखभन्दा बढी राजस्व उठाएको छ। तर, एउटै गाडीमा करोडभन्दा बढी राजस्व उठ्ने पेट्रोल, डिजेलबाट चल्ने गाडीहरू भने यार्डमै थन्किएका छन्।

वीरगन्ज यार्डमा बिएमडब्लूका एक्स थ्री र आइएक्स थ्री मोडेल पार्किङमा देखिन्छन्। नेपाली बजारमा एक्स थ्रीको मूल्य साढे दुई करोडभन्दा बढी छ। यस्तै, महँगो मूल्य पर्ने टोयोटाको ल्यान्डक्रुजर, फर्चुनर र हाइलक्स (पिकअप) पनि ठूलो संख्यामा छन्। यस्तै, हाइब्रिड कोरला क्रस पनि पार्किङमै छ। यो कारको मूल्य एक करोड ६५ लाख रहेको छ।

वीरगन्ज आइसिपीमा सबैभन्दा बढी प्यासेन्जर कार टोयोटाका देखिन्छन्।

हुन्डाईको क्रेटा, नयाँ भेन्यु, ग्रान्ड आइटेन निओस, आयोनिक फाइभ, टुसान पनि वीरगन्ज भन्सारमा प्रशस्तै देखिन्छन्। फोर्सको एसयुभी र सिट्रोन कार पनि जाँचपास नभई पार्किङमा छन्। यस्तै, सीमापारि भारतीय भूमिमा पनि नेपालमा ल्याउन लागिएका गाडी ठूलो संख्यामा लाममा रहेको व्यवसायीको भनाइ छ।

वीरगन्जबाट अशोक ले ल्यान्ड, महिन्द्रा र टाटा, टायोटा, हुन्डाई, फोर्स, बिएमडब्लू, किया, सिट्रोन, इसुजु पिकअपलगायतका गाडीहरू आयात हुँदै आइरहेका छन्। अहिले व्यवसायीहरू भन्सारमा थुप्रिएका गाडीहरूको बैंकमा चर्को ब्याज तिर्दा-तिर्दा आजित भइसकेका छन्। अब बिक्री गर्न ग्राहक नै नभएपछि थप रकम भन्सार तिरेर गाडी जाँचपास गराउन तयार छैनन्। यार्डमा पनि पार्किङ शुल्क तिर्नुपर्ने हुन्छ। अहिले यार्डमा भरिभराउ हुँदा थप गाडी राख्नका लागि ठाउँको अभाव रहेको इन्टरमोडल यातायातले जनाएको छ। पछिल्लो समय केही गाडीहरू छुटिरहे पनि नयाँ गाडी थपिने क्रम जारी रहँदा यार्डमा गाडी घटेका छैनन्।

वीरगन्ज भन्सार (आइसिपी)

गाडीका प्रकार	गाडी संख्या
कार, जिप	७६८
एम्बुलेन्स	४२
बस	१३०
बस चेसिस	१७५
टिपर	३७
चेसिस (ट्रक, टेलर, टिपर, पिकअप)	५७६
कुल	१७२८

वीरगन्ज सुक्खा बन्दरगाह : ३५

भैरहवा भन्सार कार्यालयका सवारीसाधन	जम्मा संख्या
बस	३५
बस चेसिस	१
कार, जिप	१०६
पिकअप	१११३
ट्रक	१२२
कुल	१३७७

कुल ३१४०



■ कुन ठाउँमा कति थन्किए ?

वीरगन्ज र भैरहवामा करिब नौ सय प्यासेन्जर कार-जिप थन्किएका छन्। दुई ठाउँमा बस १३० र बसको चेसिस १७६ जाँचपास नभई थन्किएका छन्। देशभर विकास निर्माण र ढुवानी सेवामा शिथिलता आउँदा ट्रक, टिपर, पिकअप सबैभन्दा धेरै थुप्रिएको व्यवसायीको गुनासो छ। 'आइसिपीपरिसरमा थुप्रिएका ट्रक-टिपरले नै देशमा विकास निर्माण र निर्माण सामग्री उत्पादक उद्योग सुस्ताएको देखाउँछ,' वीरगन्जका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवाल भन्छन्, 'आयातकर्ताले निर्माण सामग्री ढुंगा, माटो, गिट्टी बोक्ने ट्रक र टिपर भान्सार जाँचपास गर्न नसक्नु नै यो क्षेत्र शिथिल बनेको संकेत हो।'

वीरगन्ज आइसिपीमा मात्रै कार र जिप सात सय ६८, एम्बुलेन्स ४२, बस एक सय ३०, बसका चेसिस १७५, टिपर ३७, चेसिस (ट्रक, टेलर, टिपर, पिकअप) ५७६ रहेको इन्टरमोडल यातायातले जनाएको छ। यस्तै, रुपन्देहीको बेलहियामा पनि ठूलो संख्यामा गाडी पार्किङ गरेर राखिएको छ। त्यहाँ बस ३५, बसको चेसिस १, कार-जिप एक सय ६, पिकअप ११ सय १३ र ट्रक एक सय २२ वटा भन्सार जाँचपास हुन बाँकी रहेको भैरहवा भन्सार कार्यालयले जनाएको छ। वीरगन्ज सुक्खा बन्दरगाहमा विभिन्न कम्पनीका ३५ गाडी जाँचपास नभई थन्किएका छन्।

विकास खर्च नहुँदा गाडीको बिक्री छैन

राजनबाबु श्रेष्ठ, सिइओ, सिप्रदी ट्रेडिङ प्रालि



अहिले गाडी बिक्री ठप्पै छ। सरकारको विकास बजेट खर्च नहुँदा टिपर र ट्रक बिक्री सुस्तायो। टिपरको प्रयोग निर्माण र खानीमा बढी हुने हो। अहिले सिमेन्टको बिक्री पनि छैन र निर्माणको काम पनि सुस्त छ। सिमेन्ट उत्पादन घट्दा खानीबाट चुनढुंगा बोक्न पनि कम भएको छ। निर्माण ठप्प हुँदा गिट्टी, बालुवा र ढुंगा ढुवानी पनि छैन। ट्रकहरू चल्ने भनेको एफएमसिजी र निर्माण सामग्री सिमेन्ट तथा डन्डी बोक्न हो। सामान नै बिक्री नभएपछि गाडी बिक्री हुने पनि कुरै भएन।

बैंकले अटोकर्जा नदिँदा गाडी बिक्री भएन

ध्रुव थापा, अध्यक्ष, नाडा



बैंक तथा वित्तीय संस्थाहरूले अटोमोबाइलमा लगानी नगर्दा बिक्री घटेको छ। अझ मन्दीको प्रभाव पनि उस्तै छ। अटो कर्जामा जोखिमभार ७५ प्रतिशतबाट बढाएर १५० प्रतिशत पुऱ्याउँदा बैंकले लगानी गर्न छाडेका छन्। ब्याज पनि चर्को छ। डेढ वर्षयता कमर्सियल भेहिकलको बिक्री ठप्पै छ। कमर्सियल गाडीको बिक्री ८० प्रतिशत डाउन छ। अलि-अलि इलेक्ट्रिक गाडी बिक्री भइरहेको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

वैदेशिक रोजगारीमा मृत्यु हुने श्रमिकको परिवारलाई १५ लाख उपलब्ध गराउन माग



ओमानबाट **मुना कुँवर**

वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका नेपाली श्रमिकका परिवारलाई वैदेशिक रोजगार बोर्डमार्फत उपलब्ध गराउँदै आएको आर्थिक सहायता कम्तीमा १५ लाख रुपैयाँ पुऱ्याउन गैरआवासीय नेपाली संघले माग गरेको छ। ओमानको मस्कटमा आयोजित संघको आठौं मध्यपूर्व क्षेत्रीय सम्मेलनले १७ घोषणपत्र जारी गर्दै यस्तो माग गरेको हो। आम्दानी गर्ने व्यक्तिको नै मृत्यु भएपछि परिवार आर्थिक संकटमा पर्ने भएकाले राहत रकम पनि वृद्धि गर्नुपर्ने संघको माग छ। साथै, संघले श्रम स्वीकृति नलिई वा श्रम स्वीकृतिको अवधि समाप्त भई मृत्यु भएका श्रमिकका परिवारले बोर्डबाट राहत रकम नपाएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। संघका उपाध्यक्ष डिबी क्षेत्रीले अवैध रूपमा बसेका वा श्रम स्वीकृति सकिएर अवैध भएका श्रमिक पनि नेपाली नागरिक नै भएको बताए। उनीहरूलाई अवैध बनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरकारको नै भूमिका हुने हुँदा यस्ता खालका घटनामा सरकारले उचित राहत रकम उपलब्ध गराउनुपर्ने उनले बताए। बोर्डमार्फत जेलमा रहेका नेपाली श्रमिकका लागि उपलब्ध गराइने कानुनी सेवालाई प्रभावकारी बनाउन विद्यमान कार्यविधिलाई संशोधन गर्न यो सम्मेलनले आग्रह गरेको छ।

संघले सम्मेलनमार्फत इराकमा कार्यरत नेपाली श्रमिकलाई श्रम स्वीकृतिको दायराभित्र ल्याउन सरकारसमक्ष आग्रह गरेको छ। साथै, विभिन्न कारणवश श्रम स्वीकृति नलिई खाडी क्षेत्रमा रहेको अवसर प्राप्त गरी कार्यरत नेपाली श्रमिकलाई श्रम स्वीकृति दिन पनि आग्रह गरेका छन्।

खाडी क्षेत्रमा कार्यरत नेपाली श्रमिकको एमआरपी राहदानीको अवधि समाप्त भई विद्युतीय राहदानी बनाउने क्रममा श्रमिकलाई ठूलो समस्या देखिएको छ। यसलाई तुरुन्त समाधान गर्न घुम्ती शिविर सञ्चालन गराउने व्यवस्था मिलाउन पनि आग्रह गरेको छ।

गैरआवासीय नेपाली संघले एक करोडबराबरको सामाजिक सुरक्षा कोष राख्ने भएको छ। संघको ओमानमा सम्पन्न सम्मेलनले श्रमिकको आर्थिक सुरक्षाका लागि सरकारसँगको सहकार्य गर्दै रकम कोषमा थपिदिने भएको हो।

त्यस्तै, लामो समयदेखि विदेशमा कार्यरत नेपाली श्रमिकको श्रम नवीकरण गर्ने वेलामा सामाजिक सुरक्षा कोषमा अनिवार्य सूचीकृत गराउन संघले आग्रह गरेको छ। त्यस्तै, संघले विदेशमा कार्यरत नेपाली श्रमिकको कल्याणकारी कार्यका लागि बनाइएको वैदेशिक रोजगार कोषमा रेमिट्यान्स पठाउँदा रेमिट्यान्स कम्पनीले प्राप्त गर्ने कमिसनको दुई पैसा रिफन्ड गरिदिनसमेत आग्रह गरेको छ।

त्यस्तै, प्रवासमा रहेका नेपालीबाट वैधानिक माध्यमबाट मुलुकमा विप्रेषण पठाउन प्रोत्साहन गर्न आकर्षक सुविधा दिनेसहित कार्यक्रम ल्याउन पनि आग्रह गरेका छन्। स-सानो रकम रेमिट्यान्स पठाउने श्रमिकको रकम बचत तथा त्यसलाई उत्पादकमूलक क्षेत्रमा लगानी गर्न सामूहिक लगानीका लागि प्राधिकरण गठन गर्न संघले आग्रह गरेको छ। प्राधिकरणमा रेमिट्यान्स पठाउनेले १० प्रतिशत लगानी गर्ने र त्यसमा २ प्रतिशत रकम सरकारले प्रोत्साहनस्वरूप लगानी गर्न संघले आग्रह गरेको संघका उपाध्यक्ष डिबी क्षेत्रीले बताए।

प्रतिबन्ध खुला गर्न आग्रह

ओमान/ नेपाल सरकारले नेपाली कामदारलाई इराक जान लगाएको प्रतिबन्ध खुला गर्न गैरआवासीय नेपालीले आग्रह गरेका छन्। गैरआवासीय नेपाली संघको ओमानमा जारी मध्यपूर्व आठौं क्षेत्रीय सम्मेलनमा इराकमा कार्यरत नेपाली श्रमिकले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसीलाई प्रतिबन्ध खुला गर्न आग्रह गर्दै ज्ञापनपत्र बुझाएका छन्।

सन् २००४ देखि सरकारले इराकमा रोजगारीका लागि जान नेपाली श्रमिकलाई पूर्ण रूपमा प्रतिबन्ध लगाएको हो। तर, विभिन्न माध्यम हुँदैन करिब २० हजार नेपाली श्रमिक इराक पुगेको गैरआवासीय नेपाली संघ इराकका अध्यक्ष विनोद श्रेष्ठले बताए। इराकको कुर्दिस्तानमा १५ हजार र बागदादआसपासमा ६ हजार नेपाली श्रमिक छन्। 'इराक अब नेपाली श्रमिकका लागि जोखिम छैन। हामीले यहाँ रोजगारी मात्रै नभएर रेस्टुरेन्ट, होटेल, सौन्दर्य क्षेत्रमा लगानी गरेका छौं,' उनले भने। सन् २००४ पछि इराकमा आप्रवासी श्रमिकलाई कुनै क्षति नपुगेको भन्दै उनले इराकको वर्तमान अवस्था बुझ्न नेपाली श्रमिकका लागि सहज गरिदिन आग्रह गरेका हुन्।

वार्षिक ११ अर्ब रेमिट्यान्स पठाउने इराकका नेपाली श्रमिक गैरकानुनी

नेपाल सरकारले इराकबाट वार्षिक ११ अर्ब रेमिट्यान्स भित्र्याउने गरेको नेपाली संघ इराकका अध्यक्ष विनोद श्रेष्ठले बताए। तर, सबै नेपाली श्रमिक गैरकानुनी रूपमा बस्दै आउनुपरेको उनको गुनासो छ। नेपाली श्रमिक श्रम स्वीकृति लिएर सीधै इराक जान नपाउने भएपछि दलाललाई कमिसन खुवाएर जानुपरेको श्रमिकको गुनासो छ। लामो समयदेखि इराकमा काम गरेका धेरै श्रमिक बिदामा समेत नेपाल जान नसकेको संघका अध्यक्ष क्षेष्ठले बताए। 'नेपाल गयो भने फेरि इराक आउन मुस्किल छ। सरकारले सीधै आउन दिँदैन। तर, दलाललाई दुईदेखि चार लाख खुवायो भने सबै सेटिङ हुन्छ,' उनले भने। श्रमिकले बारम्बार त्यस्तो खर्च भुक्तानी गर्न नसक्ने उनले बताए। त्यसैले सरकारले आफैं इराकको भ्रमण गरी प्रतिबन्धका विषयमा ठोस निर्णय लिन उनले आग्रह गरे।

आप्रवासी श्रमिकलाई वैधानिक रूपमा श्रम नवीकरण गर्ने गरी रोजगारदाताको जिम्मेवारीमा इराक सरकारले इकामा (नवीकरणीय आवास प्रमाणपत्र) प्रदान गर्छ। एसियाली मुलुक भारत, भुटान, श्रीलंका, चीन, इन्डोनेसिया, बंगलादेश र फिलिपिन्सबाट इकामा देखाएर श्रमिक सीधै इराक जान पाउने व्यवस्था छ। त्यस्तै, ती मुलुकले पनि इकाप्राप्त आफ्ना श्रमिकलाई इराक जान खुला गरेका छन्। तर, नेपाली श्रमिक भने इकामा भएको अवस्थामा पनि रोजगारमा फर्कनका निमित्त बन्देज गरेको छ। श्रमिकको आग्रहपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले सुरक्षित मुलुकमा प्रतिबन्ध लगाइरहनु ठीक नहुने बताए। 'यदि त्यो मुलुक सुरक्षित छ भने हामी छलफल गरी प्रतिबन्ध खुलाउन सक्छौं,' उनले भने।

पासपोर्ट नवीकरणको व्यवस्था गरिदिन आग्रह

इराकमा रहेको नेपाली श्रमिकले गन्तव्य मुलुकबाट नै विद्युतीय राहदानी लिन सक्ने व्यवस्था मिलाइदिन सरकारसँग आग्रह गरेका छन्। परराष्ट्र मन्त्रालयको राहदानी विभागको राहदानीसम्बन्धी नयाँ कानुनअनुसार एमआरपी राहदानी निस्तेज गरी विद्युतीय राहदानी लागू गरिएको छ। तर, इराकजस्तो प्रतिबन्धित मुलुकमा रहेका नेपालीको राजदूतावाससँगको प्रत्यक्ष पहुँच नहुँदा विद्युतीय राहदानी नवीकरण गर्न समस्या भएको संघका अध्यक्ष श्रेष्ठले बताए। जसले गर्दा धेरै संख्यामा नेपाली श्रमिक ओभरस्टे भएर बस्न बाध्य छन्।

त्यस्तै, पासपोर्ट नवीकरण गर्नका लागि नेपाल गएर रोजगारमा फर्कनुपरेमा पुनः सेटिङका नाममा मोटो शुल्क भुक्तानी गर्नुपर्ने बाध्यता छ। त्यस्तै, कन्सुलर सेवा उपलब्ध गराइदिनसमेत उनीहरूले आग्रह गरेका छन्। 'दिन-प्रतिदिन इराकमा नेपाली श्रमिकको संख्या बढ्दै गएको छ। तर, नेपाल सरकारको शून्य उपस्थितिका कारणले हामी नेपालीलाई पर्ने समस्यामा बोलिदिने पहुँचवाला निकाय नभएकै कारण विभिन्न कानुनी झमेला भोग्नुपरेको छ,' उनले भने। तसर्थ, श्रमिकको हितका लागि कन्सुलर सेवा प्रदान गरिदिन उनीहरूले आग्रह गरेका छन्। इराकमा पाँच सयभन्दा कम भुटानी घरेलु श्रमिक छन्। तर, भुटान सरकारले आफ्ना श्रमिकका लागि काउन्सुलर उपलब्ध गराई कानुनी सेवा दिइरहेको छ। सार्क राष्ट्रका भुटान र नेपालबाहेक हरेक देशले इराकमा दूतावासको स्थापना गरिसकेका छन्।

संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी अलग्गै ऐन बनाइने



नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्था र वित्तीय क्षेत्रका कम्पनीहरूको संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)सम्बन्धी खर्चको नियमन गर्न छुट्टै ऐन बनाइने भएको छ। विभिन्न कम्पनी एवं संस्थाहरूले आफ्नो नाफाको १ प्रतिशत रकम सिएसआरमा खर्च गर्दै आएका छन्। हाल संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी व्यवस्था छरिएर रहेकाले यसलाई एकत्रित गरेर अघि बढ्नुपर्ने निष्कर्षमा राष्ट्र बैंक पुगेको छ। यस सम्बन्धमा सरोकारवालासँग छलफलसमेत गरिरहेको राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले जानकारी दिए। उनले भने, 'हामी अहिले प्रारम्भिक छलफलमै छौं। कम्पनी, बैंक तथा वित्तीय संस्था सबैलाई एउटै ऐनको दायरामा ल्याउने गरी प्रयास भइरहेको छ।'

केही समयअघि संस्थागत सामाजिक उत्तरदायित्वलाई ऐन बनाउने वा नबनाउने विषयमा सर्वोच्च अदालतले पनि आवश्यक अध्ययन गर्न बाटो खोलिदिएको थियो। हाल औद्योगिक व्यवस्था ऐनले १५ करोडभन्दा बढी नाफा गर्ने सबै व्यावसायिक फर्म तथा उद्योगहरूको १ प्रतिशत खर्च सामाजिक उत्तरदायित्वमा गर्नुपर्ने व्यवस्था गरेको छ। सोहीअनुसार उद्योगहरूले अहिले त्यस्तो खर्च गरिरहेका छन् कि छैनन् र अहिलेको मोडालिटीबारे विभागले अध्ययन गरेर आगामी दिनमा कसरी खर्च गर्ने भन्नेबारे कार्यविधि बनाएको थियो।

औद्योगिक व्यवसाय ऐनमा १५ करोडभन्दा बढी नाफा गर्ने उद्योगले सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि रकम छुट्याउनुपर्ने उल्लेख छ। सो शीर्षकमा गरेको खर्चको विवरण आर्थिक वर्ष सकिएको तीन महिनाभित्रमा उद्योग विभागमा पेस गर्नुपर्ने व्यवस्था छ। साथै, औद्योगिक व्यवसाय नियमावलीले १५ करोडभन्दा बढी नाफा गर्ने उद्योगहरूले ग्रामीण खानेपानी आयोजना निर्माण, सडक, ढल, पौवा, वृद्धाश्रम, खेलमैदान, बसपार्क, बिसौनी निर्माणजस्ता सार्वजनिक हितका लागि प्रयोग हुने भौतिक पूर्वाधार, प्राकृतिक प्रकोप रोकथाम तथा उद्धारसम्बन्धी कार्य, सामुदायिक अस्पताललाई औषधि तथा स्वास्थ्य उपकरण वितरण गर्न पाइने बताएको छ।

यस्तै, नेपाली कला संस्कृति, पुरातात्त्विक धरोहर संरक्षण, न्यून आय भएका पिछडिएका ग्रामीण महिला, अपांगता भएका व्यक्ति तथा अल्पसंख्यक सीमान्तकृत समुदायका लागि सीपमूलक र आयमूलक कार्यक्रमजस्ता कामहरू गर्नुपर्ने गरी दायरा तोकेको छ।

बैंक तथा वित्तीय क्षेत्रका लागि राष्ट्र बैंक ऐनको दफा ७९ मा भएको व्यवस्थाअनुसार बैंकहरूले खुद नाफाको १ प्रतिशत रकम सामाजिक कार्यमा खर्च गर्नुपर्ने अवस्था छ। तर, अहिलेसम्म भएका यस्ता खर्च प्रभावकारी नभएको भन्दै नयाँ मोडालिटी तयार गरिँदै छ। हालको व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यमा थप क्रियाशील हुन आफ्नो हरेक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नुपर्ने उल्लेख छ।

संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट खर्च गर्न चारवटा क्षेत्रहरू नै तोकिएको छ। जसमा सामाजिक परियोजना, प्रत्यक्ष अनुदान, दिगो विकास लक्ष्य, चाइल्ड डे केयर सेन्टर पर्छन्।

सामाजिक परियोजनाहरूअन्तर्गत शिक्षा, स्वास्थ्य, दैवीप्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रूपले पिछडिएका वर्गको आयआर्जन क्षमता अभिवृद्धि, वित्तीय साक्षरता, ग्राहक संरक्षणसम्बन्धी कार्यक्रम आदिमा गर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च देखाउन मिल्नेछ। परियोजना छनोट गर्दा सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका विशिष्टीकृत संस्थाहरूबाट सार्वजनिक सूचनामार्फत प्रस्ताव माग गरी छनोट गर्नुपर्ने र सोहीअनुसार खर्च गर्नुपर्ने व्यवस्था छ।

प्रत्यक्ष अनुदान खर्चअन्तर्गत अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा हुने खर्च व्यहोरिदिने गरी हुने प्रत्यक्ष अनुदान खर्च वा त्यस्ता क्षेत्रमा संलग्न तथा क्रियाशील संस्थाहरूको भौतिक संरचना निर्माण, साधन खरिद सञ्चालन खर्च आदिलाई सामाजिक उत्तरदायित्व देखाउन मिल्नेछ। दिगो विकास लक्ष्यअन्तर्गत नेपालको दिगो विकास लक्ष्यले पहिचान गरेका १७ वटा क्षेत्रहरूमा तोकिएका लक्ष्यहरूको प्राप्तिमा सहयोग हुने गरी गरिने अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चहरू सामाजिक उत्तरदायित्वमा देखाउन मिल्नेछ।

चाइल्ड डे केयर सेन्टरअन्तर्गत बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा कार्यरत कर्मचारीका लागि चाइल्ड डे केयर सेन्टरको व्यवस्था गर्दा लागेको खर्चसमेत सामाजिक उत्तरदायित्वमा देखाउन मिल्नेछ। तर, संस्थाको ब्रान्ड प्रवर्द्धन हुने गरी गरिने खर्च यस कोषबाट व्यहोर्न पाइनेछैन। तर, संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्चमा संस्थाको नाम सौजन्यका रूपमा उल्लेख गर्न भने बाधा पुगेको नमानिने उल्लेख छ। बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा शिक्षा, स्वास्थ्य आदिमा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रको विभिन्न भौगोलिक क्षेत्र तथा विषयहरूमा न्यायोचित ढंगले खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।

नयाँ ब्रोकरले असारभित्र कारोबार गर्ने तयारी

लाइसेन्स पाएका १८ मध्ये १७ ब्रोकर कम्पनीले नेप्सेबाट पाए आशयपत्र

नयाँ पत्रिका

नयाँ धितोपत्र ब्रोकर कम्पनीहरू यसै महिनाभित्र कारोबार सुरु गर्ने तयारीमा जुटेका छन्। नेपाल धितोपत्र बोर्डबाट पहिलो चरणमा लाइसेन्स पाएका र नेपाल स्टक एक्सचेन्जबाट पनि आशयपत्र (एलओआई) पाएका सात कम्पनीले यसै महिनाभित्र कारोबार सञ्चालन गर्ने भएका हुन्।

बोर्डबाट ४३ वटा कम्पनीमध्ये हालसम्म दुई चरणमा गरी १८ वटा कम्पनीलाई कारोबार अनुमतिपत्र (लाइसेन्स) दिएको छ। लाइसेन्स पाएकामध्ये पहिलो चरणमा नेपाल स्टक एक्सचेन्ज (नेप्से)बाट भोले गणेश सेक्युरिटिज क्यापिटल, हिमालयन ब्रोकरेज, सन सेक्युरिटिज, मियो सेक्युरिटिज प्रालि, सेयरप्रो सेक्युरिटिज, प्रोपर्टी विजार्ड सेक्युरिटिज र श्री क्यापिटल म्याक्स सेक्युरिटिज गरी सातवटा कम्पनीले अघिल्लो महिना नै आशयपत्र पाएका थिए।



बोर्डबाट दोस्रो चरणमा लाइसेन्स पाएका ११ ब्रोकर कम्पनीमध्ये शुक्रबार मात्रै १० वटा कम्पनीले नेप्सेबाट आशयपत्र पाएको नेपाल स्टक एक्सचेन्जका कार्यकारी अधिकृत कृष्णबहादुर कार्कीले बताए। उनका अनुसार पहिलो चरणमा आशयपत्र पाएकाहरूले यसै महिनाको अन्तिमतिर कारोबार सुरु गर्ने र शुक्रबार आशयपत्र पाएकाले भने कारोबार सुरु गर्न अझै १५ दिनभन्दा बढी लाग्नेछ। उनले भने, '११ मध्ये केबिएल सेक्युरिटिज सम्पर्कमै आएन, बाँकी १० कम्पनीले आशयपत्र पाएका हुन्।'

न्यु ब्रोकर एसोसिएसनका अध्यक्ष सागर ढकालले कम्पनीबाट ब्रोकर कारोबार सुचारु गर्नका लागि तयारी अवस्था रहेको बताए। उनले भने, 'हामी तयार छौं, नेप्सेबाट सन्तोषजनक ढंगले जति छिटो गतिमा काम अघि बढ्नुपर्थ्यो, त्यो गतिमा अघि बढ्न सकेको छैन।' नयाँ ब्रोकर लाइसेन्स नदिन संसदीय अर्थ समितिले एक हप्ता रोक्का गरेर ५ असारमा वितरणका लागि निर्देशन दिएको थियो।

मधेसका अस्पतालमा मुक्तिनाथ विकास बैंकले गऱ्यो ह्विल चेयर वितरण

काठमाडौं/ मुक्तिनाथ विकास बैंकले मधेस प्रदेशका विभिन्न अस्पतालहरूमा ह्विल चेयर वितरण गरेको छ। बैंकले मधेस प्रदेशस्थित मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रादेशिक अस्पताल जनकपुरधाम, चन्द्रनिगाहपुर अस्पताल, गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा ह्विल चेयरहरू हस्तान्तरण गरेको हो। यस कार्यबाट स्वास्थ्य क्षेत्रतर्फ आफ्नो सामाजिक प्रयास अघि सार्दै, उक्त अस्पतालमा आउनुहुने बिरामीलाई केही राहत पुग्ने बैंकको विश्वास छ।

साथै, बैंकले 'मुक्तिनाथ विशिष्ट सहज कर्जा' योजनाअन्तर्गत दुई करोड रुपैयाँसम्मको कृषि कर्जा, साना तथा मझौला व्यवसाय कर्जा, घर निर्माण-खरिद कर्जा, अटो तथा हायरपर्चेज कर्जा, सेयर कर्जा, शैक्षिक कर्जा, जग्गा खरिद तथा अन्य व्यक्तिगत कर्जाहरू सम्पूर्ण आवश्यक कागजात पूरा गरेको तीन कार्य दिनभित्र प्रदान गर्दै आइरहेको बताएको छ।



लहानमा नयाँ एनसेल सेन्टर

काठमाडौं/ एनसेल आजियाटा लिमिटेडले लहानको सहिद चोकमा नयाँ सेन्टर सञ्चालनमा ल्याएको छ। एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले एक कार्यक्रममाभ्र बिहीबार उक्त एनसेल सेन्टरको उद्घाटन गरेका छन्। ग्राहकले यस सेन्टरबाट आफ्नो सिम फोरजीमा अपग्रेड गर्ने, सिम तथा मोबाइल नम्बर परिवर्तन, सिम इसिममा अपग्रेड गर्ने, सियुजी नम्बरहरूको आवश्यक फेरबदल गर्ने, बिज प्लान, अन्तर्राष्ट्रिय रोमिङ सुचारु गर्ने, बिल तिर्ने, ब्यालेन्स रिचार्ज र ट्रान्सफर गर्नेलगायतका अन्य ग्राहक सेवा प्राप्त गर्न सक्छन्। 'हाम्रो मुख्य उद्देश्य भनेको आफ्ना ग्राहकलाई सेवामार्फत धेरैभन्दा धेरै लाभ सिर्जना गर्नु हो,' जाब्बोरले भने, 'लाहानको यो नयाँ एनसेल सेन्टर ग्राहकलाई स्थानीयस्तरमा विश्वस्तरीय ग्राहक सेवा प्रदान गर्ने हाम्रो प्रतिबद्धताबमोजिम सञ्चालनमा ल्याइएको हो।' यसअघि एनसेलले विगत १० वर्षदेखि लाहानमा आफ्नो पुरानो एनसेल सेन्टरबाट ग्राहक सेवा प्रदान गर्दै आएको थियो। आफ्नो ग्राहक सेवालाई अझ सहज बनाई उत्कृष्ट ग्राहक अनुभव प्रदान गर्न एनसेलले देशका विभिन्न भागमा ३४ वटा एनसेल सेन्टर सञ्चालन गर्दै आएको छ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दमक, झापाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८०/०३/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/११/२९ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	
झापा जिल्ला, दमक न.पा. वडा नं. १३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, झापामा मिति २०७१ साल वैशाख महिना १० गते रोज ४ मा प्रा.फ.र.नं. ७३५/५०३९/२०७१/१/१० तथा आन्तरिक राजश्व कार्यालय भद्रपुरमा मिति २०६८/०५/०८ मा स्थायी लेखा नम्बर (PAN) ३००५७५९५२ अन्तर्गत दर्ता कायम भएको **पंचमुखी ट्रेडर्स**।	
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. मनोरथ थपलियाको नाती, लक्ष्मी प्रसाद थपलियाको छोरा, झापा जिल्ला, साविक गौरादह गा.वि.स./न.पा. वडा नं. ०३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १३ बस्ने **राम कुमार थपलिया** (ना.प्र.नं. ६५/३४१५६०६९, जारी मिति २०४८/०६/०९, जि.प्र.का. झापा इलाका प्र. शाखा)।	२. लक्ष्मी प्रसाद थपलीयाको बुहारी, राम कुमार थपलीयाको पत्नी, झापा जिल्ला, महाभारा गा.वि.स/न.पा. वडा नं. ०६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ८ बस्ने **भीमा देवी खरेल** (ना.प्र.नं. ५७०९२१३, जारी मिति २०४६/०१/१८, जि.प्र.का. झापा)।
३. रंग लाल थपलियाको नाती, मनोरथ थपलियाको छोरा, झापा जिल्ला, गौराहदह गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ८ बस्ने **लक्ष्मी प्रसाद थपलिया** (ना.प्र.नं. ३४१५४९५४, जारी मिति २०३१/०१/०५, जि.प्र.का. झापा)।	
धितोको विवरण	
१. झापा जिल्ला, दमक न.पा. वडा नं. १३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, झापामा मिति २०७१ साल वैशाख महिना १० गते रोज ४ मा प्रा.फ.र.नं. ७३५/५०३९/२०७१/१/१० तथा आन्तरिक राजश्व कार्यालय भद्रपुरमा मिति २०६८/०५/०८ मा स्थायी लेखा नम्बर (PAN) ३००५७५९५२ अन्तर्गत दर्ता कायम भएको पंचमुखी ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	
२. लक्ष्मी प्रसाद थपलीयाको बुहारी, राम कुमार थपलीयाको पत्नी, झापा जिल्ला, महाभारा गा.वि.स/न.पा. वडा नं. ०६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ८ बस्ने भीमा देवी खरेल थपलिया (ना.प्र.नं. ५७०९२१३, जारी मिति २०४६/०१/१८, जि.प्र.का. झापा) को नाममा दर्ता रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. १३ स्थित कि.नं. ३२० र ३२२ को क्षेत्रफल क्रमशः ६८ र ११९.०२ (व.मि.) बमोजिमको घरजग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
३. लक्ष्मी प्रसाद थपलीयाको बुहारी, राम कुमार थपलीयाको पत्नी, झापा जिल्ला, महाभारा गा.वि.स/न.पा. वडा नं. ०६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ८ बस्ने भीमा देवी खरेल थपलिया (ना.प्र.नं. ५७०९२१३, जारी मिति २०४६/०१/१८, जि.प्र.का. झापा) को नाममा दर्ता रहेको मोरङ्ग जिल्ला, जतुवा गा.वि.स./न.पा. वडा नं. १ (सिट नं. १क) स्थित कि.नं. २७३५ र २८७० को क्षेत्रफल क्रमशः ०-०-१४ र ०-०-६.२५ (बिगाहा) बमोजिमको घरजग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय दमक, झापाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०३/३१ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय दमक, झापामा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०४/०१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय दमक, झापामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदातासँ बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय दमक, झापामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank

शाखा कार्यालय : दमक, झापा
फोन नं. ०२३-५७५१२७
Website: www.siddharthabank.com

'आइएमई पे'को पानी र बिजुलीमा क्यासब्याक योजना

काठमाडौं/ 'आइएमई पे'ले पानी र बिजुलीमा क्यासब्याकको वर्षा अफर सार्वजनिक गरेको छ। यो अफर असार १७ देखि २३ असारसम्म एक साता चल्नेछ। अफरअन्तर्गत ग्राहकले आइएमई पेमार्फत पानीको बिल भुक्तानी गर्दा १०० रुपैयाँसम्म १० प्रतिशत छुट प्राप्त गर्न सक्नेछन्। एक हप्तामा ग्राहकले सो क्यासब्याक पटक-पटक प्रयोग गर्न पाउनेछन्।

साथै ग्राहकवर्गले बिजुलीको बिल आइएमई पेमार्फत भुक्तानी गर्दा लाग्ने सेवा शुल्कमा छुट दिने भएको छ। सो क्यासब्याक एवं छुट ग्राहकवर्गलाई आफ्नो घरायसी बिल विद्युतीय मध्यममार्फत तिर्न प्रोत्साहन गर्ने उद्देश्यका साथ प्रदान गरिएको हो। 'आइएमई पे'ले असार महिनामा मनसुनलाई लक्षित गर्दै सुरु गरेको 'आइएमई पेमा क्यासब्याकको वर्षा' नामक अभियानको यो निरन्तरता हो।



प्रोग्रेसिभ फाइनान्सको सिइओमा श्रेष्ठ

काठमाडौं/ प्रोग्रेसिभ फाइनान्स लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा अनिल श्रेष्ठ नियुक्त भएका छन्। सञ्चालक समितिले १५ असारबाट लागू हुने गरी श्रेष्ठलाई चार वर्षका लागि प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गर्ने निर्णय गरेको हो। विभिन्न वित्तीय संस्थाहरूमा २७ वर्ष लामो कार्यअनुभव हासिल गरेका श्रेष्ठले झन्डै १३ वर्ष रिलायन्स फाइनान्स लिमिटेडको सिइओका रूपमा नेतृत्वदायी भूमिका निर्वाह गरिसकेका छन्। नवनियुक्त सिइओ श्रेष्ठले आफ्नो कार्यकालमा संस्थालाई अझ सबल, सक्षम र उत्कृष्ट बनाउन हरसम्भव प्रयास गर्ने बताए।

पौने ३२ अर्बको ठेक्का लागेको सडक मर्मतको नाममा सवा करोड खर्चदै



झापामा **चिरञ्जीवी घिमिरे**

पूर्वपश्चिम राजमार्गअन्तर्गत काँकडभिट्टा-लौकही (सुनसरी) खण्ड एसियाली विकास बैंकको ऋण सहयोगमा चार लेन विस्तार गर्न विभिन्न प्याकेजमा ३१ अर्ब ७० करोडको ठेक्का आह्वान भइसकेको छ। काँकडभिट्टा-लौकही सडक आयोजना प्रमुख चुडा ढकालका अनुसार एक सय २० किलोमिटरमध्ये ९५ किलोमिटर सडक विस्तारको काम मंसिरदेखि सुरु हुनेछ। तर, सडक डिभिजन कार्यालय दमकले सडक बोर्डको मर्मत बजेटअन्तर्गत आर्थिक वर्षको अन्त्यतिर यही खण्डको काँकडभिट्टादेखि झापा र मोरङको सिमाना रहेको मावा नदीसम्म मर्मत-विस्तार गर्न एक करोड २२ लाख बजेट सक्दै छ। चैतमा ठेक्का पाएको सयपत्री इन्जिनियरिङ एन्ड कन्सल्टेन्टले असोजभित्र सडक मर्मतसँगै झिलझिले, चारपाने, रामचोक, दुर्गापुर, बिर्तामोडमा सडक फराकिलो बनाउने सडक डिभिजन कार्यालय दमक इन्जिनियर उज्ज्वल खतिवडाले जानकारी दिए।

राजमार्ग विस्तारका लागि केही महिनामै डिभिजनको खर्चमा मर्मत-विस्तार भएको सडक फेरि भत्काउनुपर्ने काँकडभिट्टा-लौकही आयोजना प्रमुख ढकालले बताए। 'हामी सम्भवतः मंसिरदेखि सडक विस्तारको काम सुरु गर्छौं। यसरी सडक डिभिजनले सडक फराकिलो गर्ने काम त नगर्नुपर्ने हो। चौडा गर्दा त फराकिलो गरेको सडक भत्कन्छ,' उनले भने, 'अहिले खर्च गरेर भोलि भत्काइहाल्ने काममा नलाग्नु नै राम्रो हुन्छ। त्यहाँको परिस्थिति बुझेर मात्र थप भन्न सक्छु।'

सडक डिभिजनले भने सडक मर्मतको काम मात्र गरिएको जनाएको छ। केही ठाउँमा सडक विस्तार भइरहेको भए पनि सडक डिभिजन कार्यालय दमकका प्रमुख पौडेलले भने मर्मतको काम मात्र भइरहेको जिकिर गरे। उनले बजार क्षेत्रमा सस्तो प्रविधिबाट सडक मर्मत गरेको बताए। 'बजार क्षेत्रमा धुलो, हिलो हुने अवस्था भइरहेको भनेर हामीले सस्तो प्रविधिको मर्मत गर्ने काम गरिरहेको हो। सडक चौडा गर्ने काम भएको छैन। गाडी रोक्ने ठाउँ, जहाँ असाध्यै बिग्रिएको छ, त्यहाँ कालोपत्रेले मर्मत गर्न मात्र लागिएको हो,' उनले भने, 'एडिबीको ठेक्का लागिसकेको छैन, ठेक्का लाग्न अझै केही समय लाग्छ। अनि ठेक्का लाग्नेबित्तिकै कन्ट्याक्टरले सडक मर्मत गर्दैन। रूख काट्छ, पोलहरू हटाउँछ, कल्भर्ट र पुल बनाएर मात्र अन्तिममा कालोपत्रे गर्छ। अहिले मर्मत नगरे त्यसवेलासम्म सडक बिग्रिएर यात्रुले सास्ती भोग्नुपर्छ।' उनले अहिले नगरी नहुने ठाउँमा मात्र मर्मतको काम गरिएको दाबी गरे। यो राजमार्गमा सर्धै मर्मतको काम भएको पौडेलले बताए।

तीन टोलका किसानले ४८ लाखको दूध बिक्री गरे



दैलेखमा **विष्णु शर्मा**

दैलेखको नारायण नगरपालिकाका तीन वडाका तीनवटा टोलले एक वर्षमा ४८ लाखको दूध बिक्री गरेका छन्। नारायण नगरपालिका वडा नं ३ कालीमाटी, वडा नं. ११ विन्ध्यवासिनी र वडा नं ६ बिजौराका किसानले एक वर्षमा ८० हजार लिटर दूध स्थानीय डेरी उद्योगलाई बिक्री गरेका छन्। प्रतिलिटर ६० रुपैयाँका दरले किसानले चालू आवको जेठसम्म मात्रै ४८ लाख रकम आम्दानी गरेका छन्।

किसानले उत्पादन गरेको दूध ल्याक्टो मिटरका आधारमा चेक गरेर राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्थाले घरबाटै खरिद गर्छ। स्थानीय सहकारीले घरबाटै दूध लिएपछि बजारमा बिक्री गर्न जाने समयको बचत हुने दूध उत्पादक किसान मनीषा कठायतले बताइन्। उनले भनिन्, 'सदरमुकाममा दूध बिक्री गर्न जाँदाभन्दा तीन घन्टाको समय बचत भएको, सो समयमा भैंसीलाई थप एक डोको घाँस काट्न पाइएको छ।'

दूध उत्पादनलाई प्रभावकारी बनाउने अभियानअन्तर्गत, प्रदेश सरकार, नारायण नगरपालिका र पशु सेवा कार्यालय दैलेखले विगत तीन वर्षदेखि भैंसी वितरण कार्यक्रम सञ्चालन गरेको छ। केही स्थानमा वितरण गरेका भैंसीहरूबाट प्रतिफल प्राप्त हुन नसकेको भए पनि सक्रिय किसानले दूध बिक्री गरेर राम्रो आम्दानी गरिरहेको पशु सेवा कार्यालय दैलेखका प्रमुख भीमबहादुर विष्टले बताए।

नगर प्रमुख लोमन शर्माले नारायण नगरपालिका, प्रदेश सरकार पशु सेवा कार्यालयको साझेदारीमा तीन वर्षदेखि अनुदानमा भैंसी वितरण कार्य सुरु भएसँगै किसानहरूले दूध बिक्री गरेर लाखौं आम्दानी लिन सफल भएको बताए। डेरीमा मात्र बिक्री गर्ने किसानले ४८ लाख पाए, किसान आफैंले बजारमा बिक्री गरेको रेसियोको आधारलाई मापन गरिएको छैन। वार्षिक करिब ५० लाखबराबरको रकम किसानले दैनिक आफैं बजार पुगेर दूध बिक्री गर्ने उनको भनाइ छ। नारायण नगरपालिकाबाट मात्र वार्षिक करिब एक करोडको दूध किसानले बिक्री गर्ने उनले बताए। नगरपालिकाले यो वर्ष किसानलाई १४ वटा भैंसी अनुदानमा वितरण गरेको छ। किसानले २५ प्रतिशत रकम जम्मा गरेर भैंसी खरिद गर्न सक्ने पशु शाखा दैलेखका चित्र प्याकुरेलले जानकारी दिए।

उत्पादनका आधारमा थप अनुदान

कर्णाली प्रदेश सरकारमार्फत पशु सेवा कार्यालय दैलेखले डेरीमार्फत दूध बिक्री गरेका किसानले वर्षभरि बिक्री गरेको दूधलाई आधार मानेर प्रतिलिटर पाँच रुपैयाँ थप अनुदान प्रदान गरेको छ। दैलेखका तीनवटा टोलबाट मात्रै बिक्री गरेको ८० हजार लिटर दूधको प्रतिलिटर पाँच रुपैयाँका दरले चार लाख थप अनुदान वितरण गरेको छ। किसानका घरमै पुगेर अनुदानको रकम वितरण गरिएको राष्ट्रसेवक सहकारी संस्था दैलेखका अध्यक्ष लालबहादुर खड्काले बताए।

किसानलाई थप उत्साह प्रदान गर्न दैलेखका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमाल किसानका घरमै पुगेका छन्। सरकारले प्रदान गरेको अनुदान रकम वितरण गर्न प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमाल वडा नं ३ कालीमाटीका किसानका घरमा पुगेका हुन्। अब हरेक क्षेत्रमा उत्पादनका आधारमा किसानलाई अनुदान दिनुपर्ने कामलाई सरकारले अझै प्रभावकारी बनाउने उनको भनाइ छ। उन्नत कृषि नेपालका लागि आवश्यक रहेकाले सबैले सानो-सानो परिमाणमा धेरैखाले कृषिमा लाग्नुभन्दा एउटा किसानले एउटा मात्र क्षेत्रमा ठूलो परिमाणमा दूध उत्पादन, बाख्रापालन, फलफूल खेतीजस्ता कामहरू गर्नुपर्ने उनले सुझाव दिए।

INVITATION FOR E-BIDS

Date of Publication: 2080/3/17

Tourism Development project, Hetauda (TDP) invites bids from the duly registered eligible national bidders for following works, the detail information can be accessed through website uoktdp.bagamati.gov.np. Complete set of Bidding Document is available online and can be downloaded from e-GP system of PPMO: www.bolpatra.gov.np/egp.

1. Construction of Tourism Infrastructure at Makawanpur Gadhi, Makawanpur (MOTIC/TDP/W/NCB/079/80-04)

हकदावीको सूचना

बागमति प्रदेश ३, काठमाडौं जिल्ला, काठमाडौं नगरपालिका, वडा नं.९ मा बस्ने श्री बद्री मान राजभण्डारी को नाति, श्री गजेन्दूको मान राजभण्डारी छोरा, श्री गम्भीर मान राजभण्डारी को मिति २०८०/०२/१० गतेका दिन मृत्यु भएकोले निजको र श्री अन्जन राजभण्डारी को संयुक्त नाममा यस बैंकमा रहेको बचत खाता नं.०१९०५०२००३९४९१ को मौज्दात मा भएको सम्पूर्ण रकम श्री शारदा राजभण्डारीको सबै भन्दा नजिकको हकवालाको हैसियतले आफूलाई र श्री अन्जन राजभण्डारी उपलब्ध गराई पाउँ भनी निजको श्रीमती शारदा राजभण्डारी र श्री अन्जन राजभण्डारीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेपहरु उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन,२०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैलाई सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय,
बत्तिसपुतली, काठमाण्डौं
फोन नं:- ४४७१६९०
४४७१७९०
फ्याक्स :- ४४७०२०२

बालुवाटारको...

पृष्ठ १ बाट क्रमशः

मुकुन्दप्रसाद आचार्य, मालपोत विभागका शाखा अधिकृत प्रेमबहादुर खापुङ, राष्ट्रिय योजना आयोगका तत्कालीन शाखा अधिकृत गेहनाथ भण्डारी, डिल्लीबजार मालपोतका अधिकृत धर्मप्रसाद गौतम, नासु जगत पुडासैनी र डिल्लीबजार मालपोतका प्रमुख रहेका कलाधर देउजाले पनि जग्गा लिएका छन् ।

त्यस्तै, डिल्लीबजार मालपोतका मालपोत अधिकृत सुरेन्द्रमान कपाली, तत्कालीन नासु युक्तप्रसाद श्रेष्ठ र समरजंग कम्पनीका सहलेखापाल विनोदप्रसाद पौडेलले पनि जग्गा बकसका नाममा घुस लिएका छन् । उनीहरूमध्ये मुकुन्द आचार्य तथा युक्तप्रसादको मृत्यु भइसकेको छ । बिचौलियाद्वय रामकल्याण अधिकारी र रामनाथ घिमिरेले पनि यसरी जग्गा लिएका थिए ।

कर्मचारीहरू सबैले आफन्तको नाममा जग्गा लिएका छन् । सिआइबीले जग्गा बकस लिनेहरूको बयान लिइसकेको छ । जसक्रममा धौरेले राणा परिवारसँग जग्गा बकस लिने निकटता नभएपछि परिवारको आग्रहमा आफ्नो नाममा पास भएको बयान दिएका छन् ।

मालपोत विभागका पूर्वमहानिर्देशक मुकुन्दप्रसाद आचार्यले ज्वाइँ वैकुण्ठ शर्मा रेग्मीको नाममा एक रोपनी लिएका छन् । प्रेमबहादुर खापुडले श्रीमती खिमादेवी आङबुहाङ तथा सालोकी श्रीमती शशिकला सुब्बाको नाममा तीन रोपनी एक आना दुई पैसा जग्गा लिएका छन् ।

त्यतिवेला अधिकृत रहेका र पछि सहसचिवबाट अवकाश पाएका गेहनाथ भण्डारीले श्रीमती भुवनकुमारी चापागाईं र सासू सोदाकुमारी चापागाईंको नाममा १० आना लिएका छन् । केही जग्गा सुधीर शाहपत्नी उर्मिला र भुवनकुमारीको नाममा संयुक्तसमेत भेटिएको छ । मालपोत अधिकृत धर्मराज गौतमले सालीका छोरा मोहनप्रसाद भट्टराईको नाममा खिमा र शशिकला सुब्बासँग संयुक्त रूपमा लिएको प्रमाण प्रहरीले फेला पारेको छ ।

जगत पुडासैनीले दिदी मिठुदेवी चापागाईंका नाममा चार रोपनी दुई आना लिएका थिए । कलाधर देउजाले साहुभाइ इन्द्रबहादुर थापाको नाममा लिएका थिए । उनले मिठुदेवी चापागाईंसँगको संयुक्त नाममा पास गरेका विवरण छ । सुरेन्द्रमान कपालीले पनि भतिजा बुहारी शान्तिदेवी प्रधानांगको नाममा मिठुदेवीसँगै संयुक्त रूपमा जग्गा लिएका थिए । युक्तप्रसाद श्रेष्ठले बहिनीको नाममा एक रोपनी १३ आना तथा श्रीमती सरस्वतीको नाममा मिठुदेवीसँग संयुक्त रूपमा लिएका थिए । समरजंग कम्पनीका सहलेखापाल विनोद पौडेलले श्रीमती विद्या पौडेल गौतमको नाममा १४ आना बकस पाएका थिए । बिचौलिया रामल्याण अधिकारीले दुई रोपनी १२ आना तथा रामनाथ घिमिरेले तीन रोपनी चार आना लिएका थिए । उनीहरूमध्ये घिमिरेको भूमाफिया तथा कर्मचारीसँगको सम्बन्ध प्रहरीले पत्ता लगाउन सकेको छैन । उनी फरार छन् । उनीहरू मालपोतका साक्षीसमेत बसेको खुलेको छ ।

यसरी घुसबापत जग्गा लिनेलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि अनुसन्धानको दायरामा ल्याएपछि मुद्दा भने नचलाउने निर्णय गरेको थियो । तर, प्रहरीले भने सम्बन्धित कर्मचारी तथा आफन्तलाई समेत मुद्दा चलाउने तयारी गरेको छ ।

सामाजिक समितिको निर्णयमाथि छानबिन होला ?

०६९ मा पशुपति टिकिन्छा गुठीको नाममा तीन रोपनी १२ आना जग्गा लगेर हिनामिना भएको थियो । बाबुराम भट्टराई नेतृत्वको सरकारले त्यतिवेला मन्त्रिपरिषद्को सामाजिक समितिमा फाइल पठाई समितिको निर्णयलाई सदर गरेको थियो । यदि मन्त्रिपरिषद्को सामाजिक समितिसम्मको निर्णयलाई अनुसन्धानमा तान्न सके यसमा अरू तत्कालीन मन्त्री र सचिव पनि तानिने सम्भावना छ । तर, त्यसतर्फ भने विस्तृत अनुसन्धान हुन नसकेको प्रहरी स्रोत बताउँछ ।

संघ र प्रदेशमा...

पृष्ठ १ बाट क्रमशः

भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव एवं परिषद्का सदस्यसचिव एकनारायण अर्यालले तीन तहका सरकारबीच समन्वय र सहकार्य गर्ने तथा परिषद् बैठक नियमित बसाल्ने निर्णय भएको बताए । ६ शीर्षकमा रहेर १० विषयमा निर्णय भए पनि प्रधानमन्त्री कार्यालयमा रहने सचिवालयले मस्यौदाको अन्तिम रूप दिएर प्रधानमन्त्रीको हस्ताक्षर गराउन बाँकी छ ।

परिषद्को बैठक बस्नुअघि शुक्रबार पोखरामा आयोजना भएको कोसीबाहेकका प्रदेशका मुख्यमन्त्रीको बैठकले प्रधानमन्त्रीसँग छलफल गरेर प्रदेशलाई प्रहरी हस्तान्तरण गर्न, निजामती सेवा ऐन जारी गरेर पालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदेशमातहत राख्न, जग्गा प्राप्तिको अधिकार दिन लगायत १७ बुँदे सुझावपत्र अघि सारेका थिए ।

'१७ बुँदे सुझावपत्र अक्षरशः लागू हुनुपर्छ भनेर परिषद्को बैठकमा भनेका छौं, केही विषय कार्ययोजना बनाएर अघि बढ्ने र साझा अधिकारका कानुन प्रतिनिधिसभाको चालू अधिवेशन र अन्य विषय आउँदो हिउँदे अधिवेशनबाट पारित गर्नुपर्छ भनिएको छ,' गण्डकीका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले भने, 'प्रधानमन्त्रीले संघीयता बलियो बनाउने गरी कानुन बनाउनेदेखि कार्यान्वयनका चरणमा लैजाने प्रतिबद्धता जनाउनुभएको छ । यसले गर्दा हामीमा उत्साह जागेको छ ।'

बैठकमा मुख्यमन्त्री पाण्डेले गण्डकीका तर्फबाट चीनसँगको कोरला र त्रिवेणी नाका सञ्चालन, त्रिवेणीबाट दुम्कीवास जाने सडक विस्तार, निकुञ्जका कारण समस्या हल गर्न र अन्नपूर्ण संरक्षण क्षेत्रलाई प्रदेशमातहत ल्याएर स्थानीय तहसँग मिलेर सञ्चालन गर्ने व्यवस्था गरिदिन आग्रह गरेका थिए ।

परिषद्का सदस्यसमेत रहेका नगरपालिका महासंघका अध्यक्ष भीमप्रसाद ढुंगानाले तल्लो तहबाट आएको योजनालाई प्राथमिकता दिन र नगर विकास कोष खारेज गरेर त्यसमातहतमा रहेका चलअचल सम्पत्ति स्थानीय सरकारलाई हस्तान्तरण गर्न माग गरिएको बताए । त्यस्तै, स्थानीय तहमा जग्गाको संरक्षण स्थानीय तहले गर्ने भएकाले भोगाधिकार दिन, वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान बढाउन, संस्थागत घरबहाल कर स्थानीय तहले उठाउन पाउने व्यवस्था गर्न, स्थानीय तहलाई प्राकृतिक स्रोतको २५ बाट बढाएर ४० प्रतिशत राजस्व पाउने व्यवस्था गर्न, सवारी कर लिन पाउने व्यवस्था गर्ने विषय अघि सारेका छन् ।

गाउँपालिका महासंघका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले समानीकरण अनुदानको दर अत्यन्तै असन्तुलित भएकाले समानीकरणको हिस्सा बढाउँदै ससर्त अनुदानको हिस्सा कम गर्दै लैजानुपर्नेमा ध्यानाकर्षण गराइएको बताइन् । 'ससर्त अनुदान रकम कार्यक्रम र योजना नतोकी क्षेत्रगत रूपमा ब्लकमा पठाउने विषय उपयुक्त नभएको विषय उठाएका छौं,' उनले भनिन् ।

दोहोरो संरचना खारेज गर्न तीन महिनाभित्र सिफारिस गरिने

परिषद्ले एउटै प्रकृतिको कामका लागि संघ र प्रदेशमा स्थापना भएका अलग-अलग संरचना खारेज गर्ने गरी कार्यदल बनाउने निर्णय गरेको छ । कार्यदल गठन गरेर संघ र प्रदेशमा रहेका अनावश्यक संरचना खारेजीका लागि तीन महिनाभित्र सिफारिस गर्ने भनिएको छ । पछिल्लो समय संघ र प्रदेशले जिल्ला सदरमुकाममा समानान्तर संरचना खडा गर्न थालेपछि आलोचना भइरहेको छ । त्यस्तै, कार्य विस्तृतीकरण परिमार्जन गरी तीनै तहका सरकारबीचको अधिकारमा स्पष्टता ल्याउने निर्णय भएको छ । त्यसका लागि ०७७ मा अन्तरप्रदेश समन्वय परिषद्ले अघि सारेको संघीयता कार्यान्वयनसम्बन्धी मार्गचित्र कार्यान्वयन गरिनेछ ।

अनुदानमा दोहोरोपन बन्द गर्न अर्थसचिव नेतृत्वमा कार्यदल

बैठकले तीनै तहबाट जाने अनुदानको शीर्षक, रकम र प्रकृति अध्ययन गरेर दोहोरो अनुदान बन्द गर्ने निर्णय गरेको छ । त्यसका लागि अर्थ मन्त्रालयका सचिवको नेतृत्वमा कार्यदल गठन हुनेछ । कार्यदलमा तीन तहकै सरकारका प्रतिनिधित्व रहनेछ । कार्यदलले तयार गरेको प्रतिवेदन परिषद्को आगामी बैठकमा पेस गरिनेछ । पछिल्लो समय संघले समानीकरण र समपूरक अनुदान घटाउँदै ससर्त अनुदान बढाउँदै लगेपछि स्थानीय तह रुष्ट छन् ।

विकास योजनामा भएको दोहोरोपन हटाइने

परिषद् वैठकमा संघ र प्रदेश सरकारले टुक्रे योजनामा लगानी गर्ने प्रवृत्तिको अन्त्य गर्नेगरी अघि बढ्ने निर्णय भएको छ । सहकार्य र सहअस्तित्वमा आधारित भए पनि तीन तहका सरकारबीचको टकराबका कारण विकास आयोजनामा दोहोरोपन छ । यसको तादाम्यता कायम गर्ने र कुन स्तरका आयोजना, कुन तहका सरकारले अघि बढाउने भनेर मापदण्ड बनाइने भएको छ ।

कानुन बनाउन सहकार्य गरिने

बैठकले साझा सूचीमा रहेका अधिकार सम्बन्धी कानून निर्माणमा सहकार्य गर्ने निर्णय लिएको छ । संविधानमा अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार तथा अनुसूची ९ मा तीन तहकै सरकारका साझा अधिकार प्रस्ट गरिएका छन् । तर, साझा अधिकारका कानुन बनाउने अधिकार संघलाई रहेकाले प्रदेश र स्थानीय तहसँग सहकार्य नगरेरै अघि बढ्ने प्रवृत्ति छ । गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष लक्ष्मीदेवी पाण्डेका अनुसार यसमा तीन तहका सरकारबीच छलफल गरिने छ । आवश्यक पर्ने विज्ञ राखेर विधेयकको मस्यौदा बनाइने उनले बताइन् । प्रदेश र स्थानीय तहले संघीय निजामती सेवा ऐन, शिक्षा ऐन, राष्ट्रिय निकुञ्ज ऐनलाई जोडतोडका साथ उठाइरहेका छन् ।

प्रमुख प्रशासकीय अधिकृतलाई 'अस्थिर नबनाउने' सहमति

एक हप्तामै प्रमुख प्रशासकीय अधिकृत सरुवा हुने प्रवृत्तिले बजेट कार्यान्वयनमा समस्या बढेपछि प्रदेश र स्थानीय तहमा जनशक्ति व्यवस्थापन र सेवा प्रवाह चुस्त बनाउने निर्णय भएको छ । 'सम्भवतः यसका लागि संघीय मामिला मन्त्रालयका सचिवको नेतृत्वमा कार्यदल बन्छ, कार्यदलले कसरी सेवा प्रवाहलाई चुस्त बनाउने भनेर सिफारिस गर्नेछ,' प्रधानमन्त्री कार्यालय स्रोतले भन्यो । हाल अन्तरिम व्यवस्था अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत संघले खटाउँदै आएको छ ।

तथ्यांकको अभिलेखीकरण प्रणाली विकास गर्न कार्यदल

राष्ट्रिय तथ्यांकको एककृत अभिलेख प्रणाली विकास गर्न तथ्यांक कार्यालयका प्रमुखको संयोजकत्वमा कार्यदल गठन भएको छ । तथ्यांक संकलनका लागि एकद्वार प्रणाली नहुँदा कतिपय तथ्यांक नै एकीकृत रूपमा नपाउने समस्या छ ।

■ अन्तरप्रदेश परिषद् निष्क्रिय

संघ र प्रदेश तथा प्रदेश र प्रदेशबीच अधिकारलगायत विषयलाई लिएर निम्तिने द्वन्द्व निरूपण गर्ने संवैधानिक दायित्व रहेको प्रधानमन्त्री नेतृत्वको 'अन्तरप्रदेश परिषद्' भने निष्क्रिय छ । संघका अर्थमन्त्री र गृहमन्त्री तथा सातवटै प्रदेशका मुख्यमन्त्री सदस्य रहने परिषद्ले कानुन निर्माणका विषयदेखि, अधिकार कार्यान्वयनमा संघ र प्रदेशबीचको अन्तर्द्वन्द्वको समाधान गर्ने थलो भने ०७६ देखि निष्क्रिय छ ।

संघीयताका अध्येता बुद्धि कार्की अन्तरप्रदेश परिषद्मा प्रदेश सरकारको बहुमत हुने र संघले आफूअनुकूल निर्णय गर्न नसक्ने भएकाले प्रधानमन्त्री बैठक डाक्न इच्छुक नहुने गरेको बताउँछन् । 'राष्ट्रिय परिषद् २९ सदस्यीय छ, संघका मन्त्री पनि सदस्य छन् । स्थानीय तह र जिल्ला समन्वय समितिबाट पनि प्रधानमन्त्रीले मनोनीत गर्ने भएकाले फोरम सशक्त हुन नसक्ने देखिन्छ,' उनले भने ।

अन्तरप्रदेश परिषद्को बैठक तीनपटक मात्र बसेको छ । २३ मंसिर ०७५ मा बसेको पहिलो बैठकमा मुख्यमन्त्रीहरूले राजस्व बाँडफाँटमा प्रदेशलाई कम हिस्सा दिएको, प्रदेशमा हस्तान्तरण हुनुपर्ने संरचना संघमै रहेको र प्रदेश सरकारमा पूर्वाधारको कमी रहेको भन्दै अधिकार मागेका थिए । १ पुस ०७५ मा बसेको बैठकले कानुन, पूर्वाधार र कर्मचारी समायोजनमा केन्द्रित भएको थियो । ०७६ वैशाखमा बसेको परिषद्को बैठकले तत्कालीन गृहमन्त्री रामबहादुर थापाको नेतृत्वमा कार्यदल बनाएर परिषद्को कार्ययोजना बनाए पनि त्यसबाहेक कुनै प्रगति हुन सकेको छैन ।

राष्ट्रिय सभाका सदस्य खिमलाल देवकोटा अन्तरप्रदेश परिषद् सक्रिय बनाउन सकेमा राष्ट्रिय समन्वय परिषद् आवश्यक नरहने बताउँछन् । 'राष्ट्रिय परिषद्मा स्थानीय तहको प्रतिनिधित्व त देखिन्छ, तर मनोनीत हो । परिषद्को बैठक बस्नु ठूलो कुरा होइन,' उनले भने, 'प्रधानमन्त्रीको नेतृत्वमा रहेको अन्तरप्रदेश परिषद्, अर्थमन्त्रीको नेतृत्वमा रहेको वित्त परिषद् र संघका हरेक मन्त्रालयका मन्त्रीको नेतृत्वमा रहेका विषयगत समिति क्रियाशील हुनुपर्‍यो ।'

सरकारले तथ्यांकका जिल्लास्थित कार्यालय खारेजीको निर्णय गरेपछि अब तथ्यांक संकलन र तल्लो तहमा अभिलेखीकरणको जिम्मा पालिकालाई दिने सहमति बनेको छ ।

जग्गा प्राप्ति सहज बनाउने

जग्गा प्राप्तिका लागि मन्त्रिपरिषद्बाटै निर्णय हुनुपर्ने झन्झट हटाउन माग पालिकाबाट उठेपछि बैठकले सहज बनाउने निर्णय गरेको छ । तर, कसरी अगाडि बढ्ने प्रष्ट निर्णय भएको छैन । जग्गा संरक्षण स्थानीय तहले गर्ने भएकाले पालिकालाई दिनुपर्ने भागाधिकार दिनुपर्ने माग बैठकमा उठेको थियो ।

परिषद् के हो ?

राष्ट्रिय परिषद् एक लुज फोरम हो । ०७२ मा जारी संविधानको धारा २३४ मा परिषद्को व्यवस्था गरिएको छ । सोही व्यवस्था बमोजिम १३ साउन ०७७ मा तीन तहका सरकारबीच कार्यात्मक समन्वयका लागि संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ जारी भएको थियो ।

तर, लामो समयसम्म सदस्य मनोनित हुन नसकेकामा राष्ट्रिय समन्वय परिषद्का अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्डले २६ जेठमा स्थानीय तह र जिल्ला समन्वय समितिका सात जनप्रतिनिधिलाई सदस्यमा मनोनित गरेका थिए । परिषद्मा अर्थ, गृह, कानुन र संघीय मामिलामन्त्री, प्रतिनिधिसभामा प्रमुख प्रतिपक्ष दलका नेता वा निजले तोकका सांसद, सात प्रदेशका मुख्यमन्त्री पनि सदस्य रहन्छन् ।

संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारमा कानुन, नीति बनाउनेदेखि ठूला आयोजना कार्यान्वयनमा तीनवटै सरकारबीच समन्वय गर्ने अधिकार परिषद्लाई छ । त्यसबाहेक परिषद्लाई प्रदेश तथा स्थानीयस्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थमा जोडिएका विषयमा समन्वय गर्ने अधिकार पनि छ ।

संघीयताका अध्ययता वुद्धि कार्की साझा अधिकार सूचीमा रहेका कानुन बनाउँदा तीन तहका सरकारबीच समन्वय नभइरहेका बेला परिषद् क्रियाशील हुनु सकारात्मक पक्ष रहेको बताए । 'चुनौति भनेको तीन तहका सरकारबीच समन्वयको अभाव छ । बजेट बनाउदा पनि देखिन्छ,' उनले भने, 'परिषद् एउटा समन्वयको मञ्च हो । साझा अधिकारका सूचीमा रहेका क्षेत्रमा कानुन बनाउन छलफल गर्नका लागि उपयुक्त फोरम हो ।'

पोलियोलगायत ६ वटा भाइरसविरुद्धको एउटै खोप आउने

मञ्जु टेलर/नयाँ पत्रिका

■ न्यून आय भएका देशलाई छानेर सन् २०२४ सम्मका खोप दिने गाभीको योजना, नयाँ खोपको विश्वव्यापी बजार २०३० सम्मका वार्षिक १० करोड डोज पुग्न सक्ने युनिसेफको अनुमान

भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स (गाभी)ले पोलियोलगायत अन्य पाँचवटा भाइरसविरुद्ध बनेको एउटै खोप निर्माणका लागि स्वीकृति प्रदान गरेको छ । गाभी विकासोन्मुख देशलाई खोप उपलब्ध गराउने अन्तर्राष्ट्रिय संस्था हो । विकासोन्मुख देशमा पोलियो अझैसम्म महामारीका रूपमा छ ।

गाभीको गभर्निङ बोर्डले नयाँ खोप उत्पादनका लागि स्वीकृत गरेको छ । यसअघि नै अमेरिका र युरोपका केही राष्ट्रले प्रयोगमा ल्याइसकेको यो खोप विकासोन्मुख देशमा प्रयोगका लागि निर्माण थालिएको हो ।


हेक्साभ्यालेन्ट नाम दिइएको यो भ्याक्सिनले पोलियोलगायत हेपाटाइटिस बी, हेमोफिलस इन्फ्लुएन्जा, टिटानस, डिप्थेरिया र पर्टुसिसविरुद्ध काम गर्ने बताइएको छ । खासगरी बच्चामा प्रयोगमा ल्याइने यो खोपमा निष्क्रिय भाइरसको प्रयोग गरिने बताइएको छ ।

पोलियो कम्पोनेन्टको नामले समेत चिनिने यो खोप सहज उत्पादन भएमा प्रभावित अन्य राष्ट्रमा संक्रमण नियन्त्रणमा ठूलो सहयोग पुग्ने गाभीसम्बन्ध अधिकारीले बताएका छन् । यो खोप बालबालिकामा झन्डै ९९ प्रतिशत पोलियोलगायत संक्रमणविरुद्ध प्रभावकारी देखिएको अध्ययनले देखाएका छन् ।

खासगरी थोपाका रूपमा खुवाइने पोलियोविरुद्धको औषधिमा जिउँदो भाइरस प्रयोग गर्दा दिसा-पिसाबको माध्यमबाट पुन अर्को व्यक्तिमा सर्न सक्ने जोखिम यो खोपले हटाउने बताइएको हो ।



■ भ्याक्सिन विकासमा अध्ययन गरिरहेको मेरिल्यान्ड स्कुल अफ मेडिसिन विश्वविद्यालयका बाल संक्रामक रोग विशेषज्ञ डा. जेम्स क्याम्पबेल भन्छन्–



यो खोपको प्रयोगले विश्वव्यापी रूपमा बालबालिकामा पक्षघातको कारण बनिरहेका भाइरसमाथि नियन्त्रण गर्न सकिन्छ । खासगरी गाभीको यो प्रयासले अमेरिका र युरोपले निर्माण गरिरहेका महँगा भ्याक्सिनमा न्यून तथा मध्यम आय भएका देशहरूको पहुँच बढाउनेछ ।

गाभीले न्यून आय भएका देशलाई छानेर २०२४ सम्मका खोप दिने बताएको छ । चारवटा डोज दिनुपर्ने यो खोप बच्चा जन्मेको पहिलो महिनामा तीन डोज र दुई वर्षको अवधिमा थप एक बुस्टर डोज लगाउनुपर्ने बताइएको छ । युनिसेफले नयाँ खोपको विश्वव्यापी बजार २०३० सम्मका वार्षिक १० करोड डोज पुग्न सक्ने अनुमान गरेको छ ।

एउटै खोपमा ६ संक्रमणविरुद्धको औषधि राख्दा खोप महँगो हुने अनुमान छ । तर, कम डोज प्रयोगमा आउने हुँदा बालबालिकालाई बारम्बार खोप लगाइराख्नुपर्ने झन्झटबाट बचाउने, सिरिन्ज, सिरम रेफ्रिजेरेटर र स्वास्थ्यकर्मीसँग भेटघाटलगायत साना खर्च घटाउने भएकाले समेत प्रभावकारी हुने बताइएको हो ।

पछिल्लो समय अधिकांश बालबालिका खोपबाट व्युत्पन्न पोलियोबाट झन् प्रभावित भइरहेकाले नयाँ भ्याक्सिन निकै महत्त्वपूर्ण हुने भ्याक्सिन विकासमा अध्ययन गरिरहेको मेरिल्यान्ड स्कुल अफ मेडिसिन विश्वविद्यालयका बाल संक्रामक रोग विशेषज्ञ डा.जेम्स क्याम्पबेलले बताएका छन् । उनले भनेका छन्, 'यो खोपको प्रयोगले विश्वव्यापी रूपमा बालबालिकामा पक्षघातको कारण बनिरहेका भाइरसमाथि नियन्त्रण गर्न सकिन्छ । खासगरी गाभीको यो प्रयासले अमेरिका र युरोपले निर्माण गरिरहेका महँगा भ्याक्सिनमा न्यून तथा मध्यम आय भएका देशहरूको पहुँच बढाउनेछ ।'

पोलियोलाई चिकित्साअन्तर्गत पोलियोमाइलाइटिस भन्ने गरिन्छ, जुन एक संक्रामक भाइरल रोग हो । खासगरी सरसफाइ अभाव हुने स्थानमा यो भाइरस जोखिमको कारण बन्ने गर्छ । भाइरसले सुरुवातीमा आन्द्रामा संक्रमण निम्त्याउँछ जुन बिस्तारै स्नायु प्रणाली फैलिँदै गएर पक्षाघात निम्त्याउँछ । विज्ञहरूले पोलियोको यस्ता थोरै जटिल केसलाई समेत विश्वव्यापी कठिनाइका रूपमा लिने गरेको पाइन्छ ।

कृष्णपुरका ६५ किसानले पाए लालपुर्जा



कञ्चनपुरमा **मोहन विष्ट**

कञ्चनपुरको कृष्णपुर नगरपालिका क्षेत्रका नागरिकले जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) पाएका छन् । कृष्णपुर नगरपालिका ७ नम्बर वडाका ६५ किसानले जमिनको लालपुर्जा पाएका हुन् ।

शनिबार एक कार्यक्रमबीच कृष्णपुर नगरपालिका र राष्ट्रिय भूमि आयोगले जमिन भएका, तर लालपुर्जा नपाएका किसानलाई लालपुर्जा वितरण गरेको हो । विगतमा आयोगले अव्यवस्थित बसोवासीको हकमा गरेको अधुरो काम राष्ट्रिय भूमि आयोग कञ्चनपुरले पूरा गर्दै उनीहरूलाई लालपुर्जा वितरण गरेको आयोग कञ्चनपुरका सदस्य दिलबहादुर देउवाले जानकारी दिए ।

'विगतका आयोगले केही काम अघि बढाएका थिए,' उनले भने, 'अहिलेको आयोगले अघिल्ला आयोगको कामको स्वामित्व ग्रहण गर्दै पुर्जा वितरण गरेको छ ।'

कृष्णपुर नगरपालिकाका मेयर हेमराज ओझाले नगरका जनतालाई जमिनको मालिक बनाउने कामकाज निरन्तर अघि बढाउने बताए । 'अहिले यो सुरुवात हो,' उनले भने, 'हामीले लालपुर्जा वितरण कार्य निरन्तर अघि बढाउँछौं ।' मेयर ओझाले चुनावका वेला जनतालाई लालपुर्जा दिलाउने प्रतिबद्धता जाहेर गरेका थिए । उक्त चुनावी प्रतिबद्धताअनुरूप काम सुरु भएको मेयर ओझाको भनाइ छ ।

राष्ट्रिय भूमि आयोग कञ्चनपुरका अध्यक्ष देवेन्द्र ढुंगानाले कृष्णपुरले निकै मिहिनेत गरेर जनतालाई लालपुर्जा दिलाउन सफल भएको बताए । अध्यक्ष ढुंगानाले आयोगले लालपुर्जा वितरणका लागि जिल्लाभरि कामकाज अघि बढिरहेको बताए । 'जिल्लाभरि एक चरणमा हामीले लगत संकलन र निस्सा वितरण गरिसकेका छौं,' उनले भने, 'अहिले अधिकांश पालिकामा नापजाँच सुरु भएको छ, हामीले पनि निरन्तर कामकाज अघि बढाएका छौं ।' किसानलाई लालपुर्जा वितरण गर्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रन्जिता श्रेष्ठ (चौधरी)ले सरकारले देशैभरिका जनतालाई जमिन वितरण गर्ने बताइन् ।

मन्त्री श्रेष्ठले अव्यवस्थित बसोवासीको हकमा लालपुर्जाका लागि लाग्ने राजस्व दस्तुर घटाउने प्रतिबद्धता जाहेर गरिन् । 'राजस्व घटाउने बारेमा मन्त्रिपरिषद्मा विषय उठाउँछु,' मन्त्री श्रेष्ठले भनिन्, 'सबै ठाउँबाट राजस्व बढी भएको गुनासो आएको छ । मन्त्रालयले यसमा हेरविचार गर्छ, सम्बोधन पनि गर्छ ।

सशस्त्रले भदौदेखि सीमास्तम्भको पुनर्स्थापन र मर्मत गर्ने

काठमाडौं/ सीमा सुरक्षाको मुख्य जिम्मेवारीमा खटिँदै आएको सशस्त्र प्रहरी बलले सीमा क्षेत्रका सीमास्तम्भको पुनर्स्थापना तथा मर्मत गर्ने भएको छ । आगामी भदौदेखि सीमास्तम्भ मर्मत गर्ने सशस्त्र प्रहरीको तयारी छ ।

नापी विभागको तथ्यांकअनुसार नेपाल-भारत खुला सीमामा आठ हजार आठ सय ५३ सीमास्तम्भ छन् । त्यसमध्ये कतिपय हराएका र कतिपय भत्किएका छन् । तीमध्ये आधा भारतले तथा आधा नेपालले मर्मत गर्ने समझदारी छ । २०१४ भन्दा अघिका सीमास्तम्भको हकमा भने दुई पक्षबीचको समझदारीपछि मात्र मर्मत गर्नुपर्ने हुन्छ ।

तीन वर्षअघि नै सरकारले सीमास्तम्भ मर्मत र पुनर्स्थापनको जिम्मेवारी सशस्त्र प्रहरीलाई दिएको थियो । तर, यससम्बन्धी कार्यविधि स्वीकृत नहुँदा उसले काम गर्न पाएको थिएन । गत साता सरकारले सशस्त्रलाई सो जिम्मेवारीमा खटिन बाटो खोलिदिएको हो ।

यसैअनुसार आगामी आर्थिक वर्षदेखि मर्मतको काम थाल्ने सशस्त्र प्रहरीको तयारी छ । 'साउनमा पूर्वतयारीको काम हुन्छ, भदौदेखि मर्मतको काम थाल्ने हाम्रो योजना छ,' सशस्त्र प्रहरीका एक उच्च अधिकारीले भने । हाल मर्मत तथा रङरोगन गर्नुपर्ने पिलरको विवरण संकलनको काम सशस्त्रले थालेको छ ।

नेपाल र भारत सरकारबीच भएको सहमतिअनुसार भारतीय पक्षले जोर नम्बर र नेपाली पक्षले बिजोर नम्बरका पिलर मर्मत गर्नुपर्ने हुन्छ । भारत पक्षले पहिलेदेखि नै मर्मतको काम सुरु गरे पनि नेपालले गर्न सकेको थिएन । खुला सीमा भएको नेपाल र भारतबीच तिनै स्तम्भका आधारमा सीमारेखा निर्धारण गरिएको छ ।

सरकारले ०७७ को साउनमा सशस्त्र प्रहरीलाई सीमास्तम्भको मर्मतसम्भार पुनर्स्थापनाको जिम्मेवारी दिने निर्णय गरेको थियो । तर, यससम्बन्धी कार्यविधि नहुँदा काम भने सुरु हुन सकेको थिएन । भारतको सशस्त्र सीमा बलले सशस्त्र प्रहरीसँगको समन्वयमा करिब ६ सय ५० सीमास्तम्भको मर्मत गरिसकेको छ ।

सीमा सुरक्षालाई मजबुत बनाउने योजनाअन्तर्गत सशस्त्र प्रहरीले सीमा अध्ययन केन्द्रको स्थापना गर्नेदेखि सीमा सहजीकरण समिति गठन गर्ने तथा डिजिटल बोर्डरको अवधारणा कार्यान्वयनमा लगेको छ ।

दशकयता...

पृष्ठ १ बाट क्रमशः

लागि नेपालले संयुक्त राष्ट्र सुरक्षा परिषद्को अस्थायी सदस्यमा उम्मेदवारी घोषणा गरेको छ । अबको १३ वर्षपछि सन् २०३६ जुनमा निर्वाचित हुँदै छ । यसअघि नेपाल दुईपटक (सन् १९६९-१९७० र १९८८-१९८९) सुरक्षा परिषद्को अस्थायी सदस्य थियो ।

नेपाल सन् २०२६-२०२८ का लागि युएनडिपी, युएनएफपिए, युएनओपिएसको कार्यकारी बोर्डको सदस्यको उम्मेदवार हो । महासभाको ८१औं सत्रका लागि पहिलो समितिको अध्यक्षमा पनि नेपालले उम्मेदवारी दिएको छ । सन् २०२५ जुनमा निर्वाचन हुँदै छ ।

हाल नेपाल संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को सदस्य छ । २०२१ मा निर्वाचित भएको नेपालको कार्यकाल यो वर्षसम्म छ । यसअघि सन् २०१८ देखि २०२० सम्म पनि परिषद्को सदस्य थियो । सन् २०२१ देखि २०२४ सम्मका लागि नेपाल सेडाको सदस्य छ । स्वतन्त्र विज्ञका रूपमा यसमा बन्दना राणा सदस्य छिन् ।

नेपाल २०२० देखि यो वर्षसम्म नाकोटिक ड्रग्ससम्बन्धी समिति (सिएनडी)मा पनि सहभागी छ । कम विकसित मुलुकहरू तथा अति कम विकसित मुलुकहरूको ब्युरो सदस्यका रूपमा नेपाल छ । यसैगरी नेपाल संयुक्त राष्ट्र महासभा (२०२२-२०२३) को ७७औं सत्रको उपाध्यक्ष छ ।

नेपाल भूपरिवेष्टित विकासशील देशहरूका लागि अन्तर्राष्ट्रिय थिंकट्यांकको अध्यक्ष छ । भूपरिवेष्टित विकासशील देशहरूमा तेस्रो संयुक्त राष्ट्र सम्मेलनको अन्तरसरकारी तयारी समितिको ब्युरोमा नेपाल छ ।

शान्ति स्थापक सेनामा दोस्रो ठूलो सुरक्षा फौज सहभागी भएको नेपाल पिस बिल्डिङ कमिसनको सदस्य छ । स्थायी प्रतिनिधि राईको भनाइमा यो नेपालका लागि महत्त्वपूर्ण स्थान हो । यसअघि पनि सदस्य रहेको नेपाल उक्त कमिसनमा आगामी वर्ष (२०२४)सम्म सदस्य रहनेछ । नेपाली स्थायी नियोगका अनुसार नेपालबाट सुरेशराज शर्मा २०२३-२०२५ को कार्यकालका लागि स्वतन्त्र लेखा सल्लाहकार समिति (आइएएसी)को सदस्य छन् ।

संयुक्त राष्ट्रसंघीय शान्ति स्थापक मिसनमध्ये नेपाली सेनाका एकजना उपरथी फोर्स कमान्डर र एकजना सहायकरथी सहायक कमान्डरका रूपमा कार्यरत छन् । नेपाली सेनाका अनुसार राष्ट्रसंघीय १३ मिसनमा नेपालका ६ हजार ७३ जना सुरक्षाकर्मी कार्यरत छन् ।

नेपाल कहाँ ?

नेपाल सामाजिक विकास आयोगको सदस्य (२००८-११) भयो भने सन् २०१३ मा यसको अध्यक्ष भयो । सन् २०१० देखि २०१४ सम्म नेपाल अति कम विकसित मुलुकहरूको समूहको ब्युरो सदस्य निर्वाचित भयो ।

सन् २००९ देखि २०१२ सम्म नेपाल एलडिसी मुलुकहरूको वैश्विक समन्वय ब्युरोको अध्यक्ष भयो । सन् २०१३ मा विश्व व्यापार संगठनमा एलडिसीका तर्फबाट परामर्श समूहको संयोजक भयो । सन् २००५, २०११ र २०१४ मा नेपाल अन्तर्राष्ट्रिय श्रमिक संगठन (आइ

आइतबार १७ असार ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/७७०

क्यान महाप्रबन्धक खनालको राजीनामा स्वीकृत भएपछि आरोप-प्रत्यारोप

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले महाप्रबन्धक वृतान्त खनालको राजीनामा स्वीकृत गरेपछि आरोप-प्रत्यारोप सुरु भएको छ। खनालले क्यानका अध्यक्ष चतुरबहादुर चन्दको अभद्र व्यवहारका कारण राजीनामा दिएको बताएका छन् भने चन्दले काम गर्न नसकेपछि खनालले राजीनामा दिएको जिकिर गरेका छन्।

खनालले गत बिहीबार पदबाट राजीनामा दिएको इमेल क्यानलाई पठाएका थिए। क्यानले त्यस दिन उनले राजीनामा नदिएको बताएको थियो। तर, शुक्रबार क्यानको बैठकमा खनालको राजीनामा स्वीकृत भयो। चन्द र खनालबीच मूलपानी क्रिकेट मैदान भाडामा दिने सम्बन्धमा विवाद चर्केको थियो।

क्यानभित्र काम गर्ने वातावरण नभएको र अध्यक्षसँग पनि खासै राम्रो सम्बन्ध नहुँदा खनालले एक्कासी राजीनामा दिएको अनुमान लगाइएको थियो। तर, राजीनामा स्वीकृत भएको दोस्रो दिन (शनिबार) खनालले सोसल मिडियाबाट आफूले राजीनामा दिनुको कारण खुलासा गरेका छन्। क्यानको केन्द्रीय कार्यालय मूलपानीमा चन्दले अभद्र व्यवहार र गालीगलौज गरेको खनालले सोसल मिडियामा लेखे। 'उहाँका केही आर्थिक अनियमितताका व्यवस्थापनको प्रश्न उठेपछि रैथाने शैलीमा गालीगलौज गर्नुभयो,' खनालले लेखेका छन्, 'दिउँसै रक्सीको सुरमा क्यानको केन्द्रीय कार्यालय आएर मलाई अभद्र गाली गर्नुभयो।' अध्यक्षबाट भएको अभद्र व्यवहारकै कारण आफूले बाध्य भएर राजीनामा प्रस्तुत गरेको खनालको भनाइ छ। 'अकल्पनीय व्यवहारपछि मैले राजीनामा दिएको हुँ,' उनले राजीनामा दिनुको कारण खुलाए।

०७९ को वैशाख ३ मा खनाल क्यानको महाप्रबन्धक नियुक्त भएका थिए। तत्काल रौनक मल्लको करार थप नहुँदा खुला प्रतिस्पर्धाबाट उनले क्यान प्रवेश गर्ने अवसर पाए। तर, उनले एक वर्षभन्दा बढी क्यानको महाप्रबन्धक कार्यभार सम्हाल्न सकेनन्। क्यानले नै आयोजना गरेको नेपाल टी-२० लिगसहित आन्तरिक विवादमा चन्दलाई खनालले सहयोग गरेका थिए। खनालको राजीनामालाई आगामी असोज पहिलो साता हुने केन्द्रीय निर्वाचनसँग जोडेर हेरिएको छ।

नेपाल टी-२० मा भएका आर्थिकसँगै अन्य विषयमा बिस्तारै सार्वजनिक गर्ने खनालले बताएका छन्। चन्दले पार्टी र प्रधानमन्त्री कार्यालयको दबाबमा आफूलाई काम गर्न लगाएको आरोप खनालले लगाएका छन्। 'सबै विषयमा पार्टी वा प्रधानमन्त्री कार्यालयबाट दबाब छ भन्दै काम गराउनुभयो, काम गर्न नमिलेपछि शासकीय शैलीमा बर्खास्तीको धम्की दिने कार्यसमेत गर्नुभयो,' चन्दमाथि खनालले आरोप लगाए। चन्द नेपाली कांग्रेस बैतडी जिल्ला सभापति हुन्।

क्यान अध्यक्ष चन्द र खनालको एकअर्कामाथि यस्तो अरोप



क्यानमा काम नदेखेपछि छाड्नुस् भनेको हुँ : चन्द

प्राप्त गरिरहेको सुविधा गएपछि यस्ता आरोप आउनु स्वाभाविक हो। खनालको मासिक पारिश्रमिक डेढ लाख थियो। हामीसँगको सम्झौताअनुसार उहाँले ५० करोड ल्याउँछु भनेर पाँच लाख पनि ल्याउन सक्नुभएन। तपाईंले काम गर्न सक्नुभएन, काम नगर्ने भए छाड् दिनुस् भनेको हुँ। तपाईं कार्यालय प्रमुख पदमा हुनुहुन्छ। कार्यशैलीबाट एसिसी र आइसिसी असन्तुष्ट भएको सम्झाएँ। दुवै संस्थाबाट मेल आएको थियो। मैले बेवास्ता पनि गरैं। अहिले मिडियाबाजी गरेको देखियो। बैठकमा सदस्यले एजेन्डा थपेपछि सर्वसम्मत राजीनामा स्वीकृत भयो। यो सबै चुनावअघि मलाई बदनाम गराउने चलखेल हो।



दिउँसै रक्सी खाएर अभद्र गाली गरे : खनाल

अध्यक्ष चन्दको खेल र खेलाडीको मात्र नभई व्यवस्थापनमा बलमिच्याइँ, सबै विषयमा पार्टीबाट वा हाल प्रधानमन्त्री कार्यालयबाट दबाब छ भन्दै काम गराउनुहुन्छ। काम गर्न नमिलेपछि शासकीय शैलीमा बर्खास्तीको धम्की दिने बानी रहेको हुँदा मैले दास मानसिकतामा काम गर्न नसकेर राजीनामा दिएको हुँ। उहाँका केही आर्थिक अनियमितताका व्यवस्थापनको प्रश्न उठेपछि पुरानै शासकीय शैलीमा उग्र रूपमा गालीगलौजमा उत्रिनुभएको हो। दिउँसै रक्सीको सुरमा धुत भएर मुख्य कार्यालय आएर मलाई अभद्र गाली गरेपछि मैले राजीनामा दिएको हुँ। विवादास्पद टी-२० लगायत संघका स्रोतका अन्य धेरै विषय क्रमशः व्याख्या गर्दै गरौंला।

दबाबपछि राजीनामा स्वीकृत

बैठकमा अध्यक्ष चन्दसहित केही पदाधिकारी खनालको राजीनामा स्वीकृत नगर्ने पक्षमा थिए। तर, बहुमत सदस्यले राजीनामा स्वीकृत हुनुपर्ने दबाब अध्यक्षमाथि दिए। अध्यक्ष चन्दले अन्ततः बहुमतको दबाब थेग्न नसक्दा खनालको राजीनामा स्वीकृत गरे। सोसल मिडियामा आएको प्रतिक्रियाप्रति चन्दले आफूमाथि लगाइएको आरोप प्रमाणित गर्न चुनौती दिएका छन्। 'सुविधा बिस्तारै कटौती भएपछि आरोप आउने गर्छ, उहाँले ममाथि आरोप लगाउनुभएको छ, अहिले आफू स्वच्छ छविको देखाउन मिडियाबाजी गर्दै हुनुहुन्छ,' चन्दले नयाँ पत्रिकासँग भने, 'उहाँलाई आरोप प्रमाणित गर्न आग्रह गर्छु, मैले अभद्र व्यवहार गरेको भए कानुनी प्रक्रियामा पनि जान सक्नुहुन्छ, म कानुनीरुपमा सामना गर्न तयारी छु।'

खनालले आइसिसीको सहयोगमा ठूलो तलब लिएको तर सम्झौताअनुसार काम गर्न नसक्दा उनीमाथि प्रश्न गरेको चन्दले बताए। 'उहाँ आएदेखि काम भएको छैन, सम्झौताअनुसार ५० करोड ल्याउँछु भन्नुभएको थियो। तर, पाँच लाख ल्याउन सक्नुभएन,' चन्दले भने। चन्दका अनुसार खनालको कार्यशैलीबाट एसिसीदेखि आइसिसी असन्तुष्ट छन्।

सम्झौताअनुसार काम गर्न नसकेपछि खनाललाई राजीनामा दिन भनेको चन्दले बताए। 'तपाईंले भनेको र दाबी गरेजस्तो काम गर्न सक्नुभएन भने छाड्दिनुस् भनेको थिएँ,' चन्द भन्छन्। खनालले प्रतिमहिना एक लाख ५० हजार रुपैयाँ पारिश्रमिक लिन्थे। उनीअघिका रौनकले एक लाख १५ हजार रुपैयाँ बुझ्थे।

■ अध्यक्षमा पुनः दाबेदारी दिने

अध्यक्ष चन्दको चारवर्षे कार्यकाल साउनमा सकिँदै छ। उनी पुनः एकपटक क्यान अध्यक्ष बन्ने तयारीमा छन्। क्यानले जिल्ला, प्रदेश हुँदै केन्द्रको अधिवेशन गर्न लागेको छ। निर्वाचनका निमित्त राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले क्यानको विधान अनुमोदन गरेको छ। साउन मसान्तसम्म ४५ जिल्लाको निर्वाचन र सात प्रदेशको २० भदौसम्म अधिवेशन गर्ने क्यानको तयारी छ। 'सबै साथीहरूलाई मिलाएर जाने सोच बनाएको छु,' चन्दले भने। चन्दले महाप्रबन्धक खनालसँगको घटना पनि आफूलाई कमजोर बनाउन रचिएको संकेत गरेका छन्। 'चुनावको वेला बदनाम गर्ने काम भएको छ,' उनले भने। शुक्रबारको बैठकसँगै चन्दले आफूसँग असन्तुष्ट रहेका सदस्यलाई जिम्मेवारी दिँदै समेट्ने प्रयास गरेका छन्। 'किन सधैँ झगडा गर्ने भनेर सबैलाई समेट्ने प्रयास गरेको हुँ,' चन्दले भने। असन्तुष्ट पक्षका ऋषिराम गौतमले महिला तथा पुरुष खेलाडी वर्गीकरण गर्ने जिम्मेवारी पाएका छन्। नेपाल प्रिमियर लिग आयोजनाको सम्बन्धमा अध्ययन गरी सुझाव पेस गर्न राखेप प्रतिनिधि छुम्बी लामालाई जिम्मेवारी दिइएको छ। इपिएलसहित अन्य फ्रेन्चाइज सिञ्चालनका लागि मोहम्मद दाउद अन्सारीलाई संयोजक र समितिमा बागमती प्रदेश क्रिकेट संघका अध्यक्ष राजु बस्न्यातलाई जिम्मेवारी दिइएको छ।

वेस्ट इन्डिजविनाको एकदिवसीय विश्वकप



हरारे/ वेस्ट इन्डिज एकदिवसीय क्रिकेट प्रतियोगिताकै शक्तिशाली राष्ट्र हो। सन् १९७० देखि ९० सम्म वेस्ट इन्डिजले क्रिकेट संसारमा राज नै गरेको थियो। सन् १९७५ र ७८ को विश्वकप ट्रफी ब्याक टु ब्याक जित्दै वेस्ट इन्डिज अजय टोली बनेको थियो। सन् १९८३ मा लर्डस्मा भएको विश्वकप फाइनलमा वेस्ट इन्डिज अप्रत्याशित रूपमा भारतसँग पराजित भयो। त्यसयता वेस्ट इन्डिज विश्वकपको फाइनलमा पुगेको छैन। तर, वेस्ट इन्डिजले लगातार विश्वकपमा स्थान बनाइरहयो।

दुईपटकको विजेता वेस्ट इन्डिज सन् १९७५ पछि पहिलोपटक एकदिवसीय विश्वकपमा छनोट हुन सकेन

क्रिकेटमा एउटा बेग्लै पहिचान बनाएको वेस्ट इन्डिज १३औँ एकदिवसीय विश्वकपमा नदेखिने भएको छ। जिम्बावेमा चलिरहेको ग्लोबल छनोट प्रतियोगितामा शनिबार स्कटल्यान्डसँग सात विकेटले पराजित भएपछि वेस्ट इन्डिज पहिलोपटक विश्वकपमा छनोट नभएको हो। क्यारेबियन टोलीको उपनाम पाएको वेस्ट इन्डिज सुपर लिगमा नवौँ स्थानमा रहेपछि ग्लोबल छनोटमा झरेको थियो। जहाँ वेस्ट इन्डिजले सोचेको जस्तो केही भएन।

समूह 'ए'बाट सुपर सिक्समा छनोट हुन वेस्ट इन्डिजले शून्य अंक प्राप्त गरेको थियो। विश्वकपमा छनोट हुन नसक्नुको प्रमुख कारण नै यही रह्यो।

समूह 'ए'बाट जिम्बावे, वेस्ट इन्डिज र नेदरल्यान्ड्स छनोट भएका थिए। वेस्ट इन्डिज जिम्बावे र नेदरल्यान्ड्ससँग पराजित हुँदा सुपर सिक्समा अंक बटुल्न सकेन। आफ्नो समूहबाट सुपर सिक्समा पुगेका टोलीलाई हराउँदा अंक प्राप्त हुन्छ। यस्तो अवस्थामा वेस्ट इन्डिज अंकविहीन बन्यो। विश्वकपको इतिहासमा वेस्ट इन्डिजले सन् १९९६ को विश्वकपको फाइनल खेलेको थियो। सन् २०११ र २०१६ को संस्करणमा यो टोली क्वार्टरफाइनलभन्दा माथि उठ्न सकेन।

सामान्य योगफल

सुपर सिक्सको शनिबार भएको खेलमा वेस्ट इन्डिजले स्कटल्यान्डविरुद्ध राम्रो ब्याटिङ गर्न सकेन। पहिलो ब्याटिङ गरेको वेस्ट इन्डिजले ४३.५ ओभरमा सबै विकेट गुमाएर एक सय ८१ रन मात्र जोड्यो। प्रत्युत्तरमा स्कटल्यान्डले ४३.३ ओभरमा तीन विकेटको क्षतिमा एक सय ८५ रन जोड्यो। स्कटल्यान्डको सनसनी जितमा ब्रान्डोन म्याकमुलेनले ६९ रनको योगदान दिए। म्याथ्युस क्रोसले ७४ रनको नटआउट इनिङ्स खेले। यसअघि वेस्ट इन्डिजका लागि जासन होल्डरले सर्वाधिक ४५ तथा रामारियो सेफर्डले ३६ रनको योगदान गरे।

अंक तालिका सुपर सिक्स

टोली	खेल	जित	हार	अंक	रनरेट
श्रीलंका	३	३	०	६	१.८३
जिम्बावे	३	३	०	६	०.७५
स्कटल्यान्ड	३	२	१	४	०.१८
नेदरल्यान्ड्स	३	१	२	२	-५६
वेस्ट इन्डिज	३	०	३	०	-०.५१
ओमान	३	०	३	०	-२.१३

खेल संक्षेप

अध्यक्षमा मैनाली निर्वाचित

काठमाडौं/ बागमती प्रदेश बक्सिङ संघको अध्यक्षमा धनकुमार मैनाली निर्वाचित भएका छन्। काभ्रे जिल्ला बक्सिङ संघका अध्यक्ष मैनाली प्रदेश बक्सिङ संघको प्रथम साधारणसभाबाट सर्वसम्मत निर्वाचित भएका छन्। साधारणसभाले मैनालीसहित ११ सदस्यीय समिति चयन गरेको छ। अध्यक्षमा निर्वाचित मैनाली पूर्वराष्ट्रिय खेलाडीका साथै नेपालकै पहिलो आइबिए टु स्टार रेफ्री/जज हुन्। अध्यक्ष मैनाली प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशका बोर्ड सदस्य समेत छन्। नेपाल बक्सिङ संघको मान्यताप्राप्त ११ जिल्लामध्ये ९ जिल्लाका प्रतिनिधिको साधारणसभामा उपस्थिति रहेको थियो।

म्याग्दीलाई भलिबलको उपाधि

कास्की/ म्याग्दी जिल्लाले गण्डकी प्रदेशस्तरीय महिला भलिबल प्रतियोगिताको उपाधि जितेको छ। पोखरामा शनिबार भएको फाइनलमा पर्वत जिल्लालाई ३-२ को सेटले पराजित गर्दै म्याग्दीले उपाधि हात पारेको हो। म्याग्दीले एक लाख र पर्वतले ७० हजार रुपैयाँ पाएका छन्। बागलुङ जिल्ला तेस्रो भएको छ। बागलुङले स्याङ्जालाई ३-१ को सेटमा हरायो। बागलुङले अन्तिम तीन सेट लगातार जित्दै तेस्रो स्थान रक्षा गर्दै ४० हजार रुपैयाँ जितेको छ। प्रतियोगितामा उत्कृष्ट खेलाडी पर्वतकी पूजा सेन ठकुरी घोषित भइन्। उत्कृष्ट स्पाइकरमा म्याग्दीकी पवित्रा श्रीपाली र उत्कृष्ट सेटरमा म्याग्दीकी रेविना घर्तीमगर बनेका छन्।

तेक्वान्दोमा प्रगति पहिलो

काठमाडौं/ मूलपानी तेक्वान्दो डोजाङकी प्रगति कुइँकेलले पाँचौँ नेकोस खुला तेक्वान्दो प्रतियोगितामा शनिबार स्वर्ण जितेकी छिन्। महिला ३८ केजीमा प्रगतिले फाइनलमा चन्द्रागिरिकी शेली गुरुङलाई पराजित गरिन्। नेपाल खेलकुद महासंघ (नेकोस)अन्तर्गत महिला २१ केजीमा सुन्दरीमाईकी पुनम घिमिरे पहिलो भइन्। २८ केजीमा नवजीवनकी रोशनी आचार्य र ४६ केजीमा चन्द्रागिरिकी खुस्बु लिम्बूले उपाधि हात पारे। ५२ केजीमा कोटेश्वरकी रिमा खत्री, २४ केजीमा हेटौँडाकी माधवी घलान र ३३ केजीमा कोटेश्वरकी सुरक्षा केसीले फाइनलमा आफ्ना प्रतिद्वन्द्वीलाई हराए। पुरुष २२ केजीमा रिब्सका रिदम तामाङ, २५ केजीमा सुनसरीका प्रज्वल तामाङ, ३१ केजीमा चन्द्रागिरिका समीर ठाकुर, २८ केजीमा सुन्दरीमाईका विशाल तामाङ र ३४ केजीमा मूलपानीका भिजन तामाङले स्वर्ण जिते। दुई दिनसम्म हुने प्रतियोगितामा गेरोगीतर्फ २० र पुम्सेतर्फ २ गरी २२ स्वर्ण पदकका लागि तीन सय ७५ खेलाडीले भाग लिइरहेका छन्।

स्क्वासमा गुरुङ

काठमाडौं/ नेपाल स्क्वास एन्ड ज्याकेट्स संघको अध्यक्षमा ध्रुवबहादुर गुरुङ चयन भएका छन्। संघको १४औँ वार्षिक साधारणसभा तथा पाँचौँ अधिवेशनले आगामी चार वर्षका लागि गुरुङलाई अध्यक्षमा चयन गऱ्यो। अध्यक्ष पदका लागि भएको मतदानमा गुरुङले मनोजबहादुर श्रेष्ठलाई हराए। अन्य सबै पद निर्विरोध रहे। साधारणसभाको उद्घाटन गर्दै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले आगामी १९औँ एसियन खेलकुद प्रतियोगितामा राम्रो तयारी गर्न आग्रह गरेका छन्। घिसिङले स्क्वासको प्रशिक्षणका लागि विदेशी प्रशिक्षकको पहल गर्न तयार रहेको प्रतिबद्धता जनाए। पछिल्ला दुई कार्यकालको नेतृत्व गरेका किशोर महर्जनले स्क्वासलाई व्यावसायिक बनाउने प्रयास गरेको बताए। यसैबीच, संघको विशेष साधारणसभाले संघको विधान पारित गरेको छ।

इजरायली प्रेमिकाको पछि लाग्दा थिबाउटको करिअर धरापमा

लन्डन/ जब थिबाउट काउटोरिसले गोललाइन सम्हालिरहेका हुन्छन्। त्यसवेला रियल म्याड्रिड र बेल्जियमका खेलाडी निर्धक्कका साथ विपक्षी पोस्टमा दौडिरहेका हुन्छन्। ती खेलाडीले आफ्नो डिबक्समा विपक्षीले गोल गर्न सक्दैनन् भन्ने विश्वास राख्थे। थिबाउट उत्कृष्ट फर्ममा रहँदा उनीविरुद्ध खेलाडीले गोल गर्नु भनेको असम्भव सफलता प्राप्त गर्नुसरह हो। थिबाउटकै उत्कृष्ट प्रदर्शनमा बेल्जियम र स्पेनिस क्लब रियल म्याड्रिडले सफलता चुमे। पछिल्लो समयमा थिबाउटले फुटबल र पारिवारिक जीवनलाई सहज रूपमा एकसाथ लान सकेका छैनन्।

मैदानबाहिर अरू महिलासँग चक्कर चलाउन माहिर थिबाउट त्रिकोणात्मक सम्बन्धबाट गुज्रिरहेका छन्। उनले फुटबल, घरपरिवार तथा प्रेमिकासँगको सम्बन्धलाई राम्रो बनाउन नसकेका हुन्। यो अव्यावहारिक परिस्थितिले प्रस्ट रूपमै उनको खेलमा असर देखिइरहेको छ। उनले यसलाई स्विकारेका पनि छन्। बेलायती एजेन्सीहरूको भनाइ मान्ने हो भने उनी इजरायली एक मोडल मिसेल गोजिकसँग हिँडिरहेका छन्। फुटबलको ब्रेकमा उनी मिसेलसँग बिदा मनाइरहेको तस्बिर सोसल मिडियामा भाइरल बनेको छ। थिबाउटकै एक साथी र खेलाडी यानिक कारास्कोका अनुसार थिबाउट इजरायली मोडलसँग डेटिङ मात्र गरिरहेका छैनन्, विवाहको प्रस्ताव राख्ने तयारीमा छन्। अर्कोतिर थिबाउटकी गर्भवती मन्गेटर मार्टा गोमिन्गुइजले पनि आफ्ना प्रेमीलाई छाडेकी छैनन्। एकैसाथ दुई महिलासँगको अफेयरसाथ हिँडिरहेका कारण नै थिबाउटले फुटबल करिअरलाई राम्रो बनाउन नसकेका हुन्।

गोमिन्गुइजसँग एक दशक सम्बन्ध राखेका बेल्जियमका गोलरक्षक थिबाउट अहिले इजरायली मोडल मिसेलसँग डेटिङमा छन्



साथीकै प्रेमिकासँग सम्बन्ध

मैदानमा उत्कृष्ट खेल र राम्रो व्यवहार गर्ने थिबाउटको वेला-वेलामा अफेयरको कुरा आउनु नयाँ होइन। सन् २०१३ मा पनि यस्तै घटना भएको थियो। त्यसवेला बेल्जियमका स्टार खेलाडी केभिन डे ब्रुयनेकै प्रेमिका कारोलिन जिनेनसँग थिबाउटले डेटिङ गरेको हल्ला चलेको थियो। लगभग यी घटनाले यी दुई खेलाडीबीचको सम्बन्ध नै टुट्न लागेको थियो। त्यसवेला ब्रुयने र थिबाउट चेल्सीमै आबद्ध थिए। सन् २०१४ मा थिबाउट चेल्सी छाडेर एटलेटिको म्याड्रिडमा एक वर्षका लागि लोनमा अनुबन्ध भए। ब्रुयने म्यानचेस्टर सिटीतिर लागे। दुई खेलाडी फरक-फरक क्लबमा जाँदा घटना सेलायो।

सन् २०१४ मा ब्रुयनेले लेखेको 'किप इट सिम्पल' अर्थात् सामान्य रूपमा लिनु भन्ने अटोबायोग्राफीमा थिबाउटसँगको सम्बन्धबारे खुलाए। ब्रुयनेले लेखेका छन्, 'मलाई अहिले पनि विश्वास छैन, मिल्ने साथीले यस्तो व्यवहार गरेको थियो भनी, व्यावसायिक फुटबल र निजी जीवन धेरै फरक छ, यस्तोमा उनले मेरो दुवै क्षेत्रमा हस्तक्षेपको प्रयास गरे।' लगभग एक दशकअघिको घटना पुनः दोहोरिँदा थिबाउटलाई टोलीमा राख्न नहुने ब्रुयने मान्छन्।

उनी भन्छन्, 'यदि एकजना खेलाडीको व्यवहारले सिंगो टोलीभित्र असर गर्छ भने ती खेलाडीलाई बाहिर राख्नु नै उपयुक्तजस्तो लाग्छ, पटक-पटक गल्ती गर्नेलाई माफी दिन मिल्दैन।' ब्रुयनेले बेल्जियम फुटबल इतिहासकै असाध्यै राम्रा गोलरक्षकबाट अनुचित कार्य भएको जनाए।

भारतले कुवेतसँग फाइनल खेल्ने



काठमाडौं/ साबिक विजेता भारतले १४औँ दक्षिण एसियाली फुटबल (साफ) च्याम्पियनसिपको फाइनलमा कुवेतको सामना गर्ने भएको छ। भारतले शनिबार बेंग्लोरमा भएको दोस्रो सेमिफाइनलमा लेबनानलाई टाइब्रेकरमा ४-२ ले हराउँदै फाइनल स्थान सुरक्षित गरेको हो। लेबनान र भारतले निर्धारित र थप समयमा गोलरहित बराबरी खेलेका थिए। यसअघि पहिलो सेमिफाइनलमा बंगलादेशमाथि कुवेतले १-० ले हराएको थियो।

यसपटकको साफ च्याम्पियनसिपमा कुवेत र लेबनान आमन्त्रित राष्ट्रका रूपमा सहभागी भएका हुन्। कुवेतले पहिलोपटकको सहभागितामै फाइनल स्थान पक्का गऱ्यो। लेबनान भारतसँग टाइब्रेकरमा पराजित हुँदा अन्तिम दुई स्थानमा पुग्नबाट वञ्चित भयो। भारतले साफ च्याम्पियनसिप आठपटक जितेको छ। यसअघि, कुवेतले बंगलादेशलाई अतिरिक्त समयमा हराउँदै फाइनल स्थान बनाएको हो। कान्तिराव रंगशालामा भएको पहिलो सेमिफाइनलमा कुवेतले बंगलादेशविरुद्ध १०५ मिनेटमा एक मात्र गोल गरेको थियो। कुवेतका लागि अब्दुल्लाह अलब्लाउसीले विजयी गोल गरेका थिए।

निर्धारित ९० र थप भएको ३० मिनेटमा कुवेत र बंगलादेशले गोलरहित बराबरी खेलेका थिए। कुवेतले प्राप्त एक मात्र अग्रताका साथ पहिलोपटकको सहभागीमै फाइनल स्थान पक्का गरेको हो। बंगलादेशले १४ वर्षपछि सेमिफाइनल खेलेको हो। बंगलादेशको १८ वर्षपछि फाइनल पुग्ने सपना पूरा हुन सकेन। समूह 'बी'को अन्तिम खेलमा भुटानमाथि ३-१ को पुनरागमन जित निकाल्दै बंगलादेशले सन् २००९ पछि साफ च्याम्पियनसिपको अन्तिम चारमा पुगेको थियो।

प्रफुलको जोडी सेमिफाइनलमा

काठमाडौं / त्रिभुवन आर्मी क्लबका प्रफुल महर्जन र रुकेश महर्जनको जोडी ललितपुरमा सञ्चालन भइरहेको तेस्रो प्रधानमन्त्री कप खुला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। महर्जन जोडीले नेपाल पुलिस क्लबका सुनील जोशी र अमन श्रेष्ठको जोडीलाई २-० को सेटमा हरायो। कास्कीका विधान अधिकारी र आर्मीका पविन लिनथेपको जोडीविरुद्ध प्रफुलको जोडीले सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछ।

एपिएफका प्रिन्स दाहाल र विजित थापामगरको जोडी अन्तिम चारमा पुगेको छ। दाहालको जोडीले बालकुमारी रिमिक्स क्लबका ससिन डोल र सुमित महर्जनको जोडीलाई २-० ले हरायो। दाहालको जोडीले फाइनल प्रवेशका लागि पुलिसका जीवन आचार्य र विष्णु कटुवालको जोडीविरुद्ध खेल्नेछ। प्रतियोगिताको यू-११ पुरुषमा आर्मीका दीप थिङले प्रशान्त बुढाथोकीलाई २-० को सहज सेटमा हराए।

सूर्यदर्शन ब्याडमिन्टन एकेडेमीका आदित्य थारूले कपिलवस्तुका विराट बस्नेतलाई २-१ को सेटमा हराउँदै अन्तिम चारको स्थान पक्का पारे। महिला यू-१३ मा डिबिएकी अस्मिता खत्रीले आर्मीकी समृद्धि श्रेष्ठलाई २-० को सेटमा हराइन्। बेलटार ब्याडमिन्टन एकेडेमीकी दिया राईले भक्तपुरकी स्वर्लिन श्रेष्ठलाई २-० को सीधा सेटमा हराएँदै सेमिफाइनल स्थान पक्का गरिन्। यू-१३ पुरुषतर्फ आर्मीका रिजन मगर र दीपक ब्याडमिन्टन एकेडेमीका डियोन भण्डारीलाई २-० ले हराउँदै अन्तिम चारको स्थान पक्का पारे। सुहम कार्कीले आर्मीका दीप थिङलाई २-० ले निराश पारे। एपिएफका आरुष सिमखडाले देवीनगरका प्रबल श्रेष्ठलाई २-० ले हराए।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com